# विकल

## स्मारिका २०७७

रमेश विकल साहित्य प्रतिष्ठान
RAMESH VIKAL LITERARY FOUNDATION
२०६३



# विकल

## स्मारिका २०७७

सम्पादक

**आलोक चालिसे**

प्रकाशक

रमेश विकल साहित्य प्रतिष्ठान

गोकर्णेश्वर नगरपालिका–९, आरुबारी, काठमाडौं

# विकल स्मारिका २०७७


| | | |
|---|---|---|
| पुस्तक | : | विकल (स्मारिका २०७७) |
| मिति | : | २०७७ पुष ४ (तेह्रौं विकल स्मृति दिवस) |
| सम्पादक | : | आलोक चालिसे |
| प्रकाशक | : | रमेश विकल साहित्य प्रतिष्ठान आरुबारी गोकर्णेश्वर काठमाडौं |
| आवरण तथा लेआउट | : | शंकर लामिछाने |
| मुल्य | : | रुपैयां १०० (पी डी एफमा बिधुतीय सस्करण मात्र) |

# सम्पादकीय

पुराना र नयाँ पुस्ताको सम्झनालाई जोड्दै, यशस्वी आख्यानकार रमेश विकलको १३ औं स्मृति सभा तथा ९३ औं जन्मजयन्तीमा प्रकाशित यो स्मारिकाले विकलको व्यक्तित्व र कृतित्व समेट्ने प्रयत्न गरको छ। विकल प्रतिष्ठानको वर्तमानलाई उजागर पारेको छ। अनि आउने समय र आगामी पुस्तालाई लिपिवद्ध रुपमा एउटा अभिलेख बाँड्ने प्रयास गरेको छ।

यस पटक पौष प्रथम साताको कार्यक्रम गर्ने कि नगर्ने ? भौतिक उपस्थितिको खतरा बिचमा स्मारिका प्रकाशन कसो गर्ने ? कार्यसमितिको यो द्विविधा प्रति मध्यमार्गी बाटो रह्यो, यस पटकको प्रकाशन पी.डी.एफ मार्फत विद्युतीय संस्करण बनेर। विश्वलाईनै मध्यमार्गमा अगाडि बढ्न बाध्य पारीरहेको कोभिड-१९ को दुष्प्रभाव बिच यो स्मारिका तयार गर्ने जिम्मेवारी पाएकोमा तेस्रो पुस्ताको तर्फबाट कार्यसमितिमा हार्दिक आभार प्रकट गर्दछु।

समाजिक सञ्जाल मार्फत छोटो अवधि राखेर आह्वान गरिएकोमा पनि रचना/संस्मरण उपलब्ध गराई दिनुहुने संपूर्ण श्रद्धेयजनप्रति कृतज्ञता व्यक्त गर्दछौं। टंकण गर्ने क्रममा 'प्रतिष्ठानको दुई रुपैयाँ बचेपनि संस्थाको सम्पत्ति वढ्ने छ। अरु थप नवीन कार्यको सुरुवात गर्ने आधार मिल्नेछ र सहयोग प्रचारका लागि नभइ आत्म सन्तुष्टिको लागी हुनुपर्छ।' भन्दै सकारात्मक सहयोग गर्ने तर नाम उल्लेख गर्न अनुमति नदिने मित्रलाई मेरो र प्रतिष्ठानको तर्फबाट हार्दिक धन्यवाद। प्रेसमा नगएपनि प्रकाशन पूर्वको प्रारुप तयार गर्नै पऱ्यो। सेटिङको लागि शंकर लामिछाने प्रति पनि आभार प्रकट गर्दछु।

सुरक्षित रहौं, कोभिड १९ को विषम परिस्थितिलाई सतर्कता र संयमित भएर पार गरौं।

**आलोक चालिसे**

# रमेश विकल साहित्य प्रतिष्ठान

## कार्यसमितिका पदाधिकारीहरू

| | |
|---|---|
| रोचक घिमिरे | अध्यक्ष |
| के.के. कर्माचार्य | उपाध्यक्ष |
| प्रा. डा. हेमनाथ पौडेल | उपाध्यक्ष |
| विजय चालिसे | महासचिव |
| वसन्त रिजाल | सचिव |
| साम्बकुमार चालिसे | कोषाध्यक्ष |
| मातृका पोखरेल | सदस्य |
| रामप्रसाद पौडेल | सदस्य |
| दीपक रिसाल | सदस्य |
| महेन्द्रकुमार चालिसे | सदस्य |
| मुना रुपाखेती | सदस्य |

# विषयसूची


**गतिबिधी / प्रतिवेदन खण्ड**

रमेश विकलको प्रतिमा स्थापना ९
रमेश विकल साहित्य प्रतिष्ठान २०७६/२०७७ का वार्षिक गतिविधि : सचिव, वसन्त रिजाल १०
आर्थिक तथा लेखा परीक्षकको प्रतिवेदन : कोषाध्यक्ष, साम्बकुमार चालिसे १२

**पुरस्कृत सर्जक तथा समाजसेवी परिचय खण्ड**

रमेश विकल वाङ्मय पुरस्कारद्वारा पुरस्कृत साहित्यकार शान्तदास मानन्धर १७
रमेश विकल सुशीला समाजसेवा पुरस्कारबाट पुरस्कृत समाजसेवी सीता पोखरेल १८
रमेश विकल सिर्जना पुरस्कार २०७७ बाट पुरस्कृत श्री आहुति १९
रमेश विकल बालसाहित्य पुरस्कार २०७७ बाट पुरस्कृत श्री प्रभा भट्टराई २०
रमेश विकल-सुशीला सङ्घर्षशील नारी पुरस्कार २०७७ बाट पुरस्कृत श्री मिठाईदेवी विश्वकर्मा २१
रमेश विकल कला-सङ्गीत पुरस्कार २०७७ बाट पुरस्कृत श्री हरिप्रसाद पौडेल २२
रमेश विकल कला कदर-पत्रबाट सम्मानित मूर्तिकार लक्ष्मण भुजेल २३

**रचना खण्ड**

| | | |
|---|---|---|
| गरिब | रमेश विकलको पहिलो कथा | २५ |
| नेपाली साहित्यका तीन शिखर | विजय चालिसे | २७ |
| विकलको कला र गला | ओमप्रसाद कोइराला | २९ |
| नेपाली आख्यानका अविरल स्रष्टा रमेश विकल | गोविन्द गिरी प्रेरणा | ३० |
| बाबालाई झल्झली सम्झिरहेछु | तेजप्रकाश श्रेष्ठ | ३२ |
| मैले चिन्न नसकेको प्रतिभा बाबा (स्व रमेश विकल) | शशी चालिसे | ३४ |
| आँखामा अविरल : रमेश विकल | कणाद महर्षि | ३६ |
| नयाँ सडकको गीत धेरैपटक पढेँ | प्रा.डा.मुकेशकुमार चालिसे | ३७ |
| एउटा शिखरः रमेश विकल | नवराज कार्की | ४१ |
| स्रष्टा कि त आफ्नो रचनामा बाँच्छ या त सन्ततिको रगतमा ! | निर्मल अर्याल | ४४ |
| सम्झनामा बाबु छोरीको रमाइलो यात्रा | तारा चालिसे | ४५ |
| मेरा कानमा गुञ्जिरहने रमेश विकलको त्यो एक वाणी... | यादव देवकोटा | ४७ |
| मेरो स्मृतिमा रमेश विकल | डा. पद्मा अर्याल | ४९ |
| विकलको सम्झनामा | होमनाथ सुवेदी | ५२ |
| त्यही गीत गुन्गुनाउन मन लाग्छ | प्रकाश पौडेल 'माइला' | ५७ |
| पुजनीय पिताजीको सम्झनामा | अम्बिका पोखरेल | ६० |
| बाबाको सम्झनामा दुई थुङ्गा शब्दहरू | यशु श्रेष्ठ | ६२ |
| पितामहः व्यक्तित्वका विबिध पाटाहरू | आलोक चालिसे | ६५ |
| सम्झनामा बा ! | निहारिका अधिकारी | ६७ |

**बाल रचना खण्ड**

| | | |
|---|---|---|
| हाम्रो संस्कृति हाम्रो पहिचान | विभूति अधिकारी | ६९ |
| कोभिड-१९ र यसको असर | सदिस्मा अधिकारी | ७० |
| कालापानी र हामी नेपाली | प्रसुन बडाल | ७१ |
| कोभिड-१९ र यसका असर | समर्पण न्यौपाने | ७२ |
| कालापानी र हामी नेपाली | सौगात उप्रेती | ७३ |
| हाम्रो संस्कृति हाम्रो पहिचान | दीक्षा पौडेल | ७४ |
| हाम्रो संस्कृति हाम्रो पहिचान | आयुषा राई | ७५ |

**अभिलेख खण्ड**

विकलका प्रकाशित कृतिहरू ७७
सम्पन्न साधारण सभा तथा पुरस्कृत ब्यक्तित्व ७९
आजीवन सदस्यहरूको नामावली ८१
विकलका सम्बन्धमा भएका शोध ८५

**तस्विर सङग्रह खण्ड**

विकलसँग सम्बन्धित केही तस्बिर ८८

# गतिविधि खण्ड

# रमेश विकलका प्रतिमा

हालसम्म रमेश विकलका तीनवटा प्रतिमा र एउटा मैन निर्मित प्रतिरूप (डमी) स्थापना भएका छन् । यी प्रतिमाहरू प्रतिष्ठान परिसर, रमेश विकल चोक, कागेश्वरी पुस्तकालय आलापोट र विकल स्मृति सङ्ग्रहालयमा रहेका छन् ।

यस वर्ष २०७७ साल कार्तिक २९गते अनावरण गरिएको रमेश विकलको सालिक सङ्ख्याका दृष्टिलेउहाँको तेस्रो प्रतिमा हो । रमेशविकल साहित्यकोअनुरोध र अग्रसरतामा गोकर्णेश्वर नगरपालिको सहयोगबाट निर्मित यो सालिक सोही नगरपालिकाका प्रमुख सन्तोष चालिसेबाट अनावरण भएको हो । छ फिटअग्लो यो सुन्दर सालिकको निर्माण मूर्तिकार प्राध्यापक लक्ष्मण भुजेलबाट भएको हो । यो सालिक तथा सालिक स्थापित वेदीको परिकल्पना प्रतिष्ठानका उपाध्यक्ष तथा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति के. के. कर्मचार्यले गर्नु भएकोहो ।

यस अघि रमेश विकल साहित्य प्रतिष्ठानद्वारा रमेशविकल चोक, आरुबारीमा पहिलो सलिक निर्माण गरेको थियो । तत्कालीन जोरपाटीगाउँ विकास समितिकोआठनम्बर वडा र स्थानीय ग्रामनिर्माण बन्धुक्लबको सदासयबाट सालिक स्थापनाको निमित्त उक्त स्थान प्राप्त भएको हो । रमेश विकलको निधन (२०६५ पुस २) भएको पछिल्लो वर्ष गाउँ विकास समितिको आंशिक सहयोगमा प्रतिष्ठान स्वयमले खर्च जुटाएर निर्माण गरेको त्यस प्रतिमास्थलको निर्माणमा त्यतिबेला साहित्यकार, डाक्टर रवीन्द्र समीरलगायत अन्य केही चिकित्सक मित्रहरूको सदासयपूर्ण सहयोग समेत रहेको थियो । उक्त प्रतिमाको अनावरण २०६६ पुसमा वरिष्ठ साहित्यकार श्यामप्रसाद शर्माबाट भएको थियो ।






तेस्रो सालिक माननीय रामेश्वर फुयालको अग्रसरतामा आलापोटस्थित कागेश्वरी पुस्ताकालय परिवारले निर्माण गरी सोही पुस्तकालयको परिसरमा स्थापना गरिसके्को छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा, भैरव अर्यालकासाथै स्थापना गरिएका यी सालिकको बारेमा यही स्मारिकामा चर्चागरिएको छ ।

साथै प्रतिष्ठान भवनको सङ्ग्रहालय कक्षमा राखिएको विकलको पूर्णकद आकृति वरिष्ठ कलाकार प्रकाश शाक्यले मैनबाट बनाउनु भएकोहो । यसको निर्माण २०७६ मा भएको हो ।

◆ ◆ ◆ ◆

# रमेश विकल साहित्य प्रतिष्ठान
# २०७६/२०७७ को वार्षिक गतिविधि



● वसन्त रिजाल
सचिव
रमेश विकल साहित्य प्रतिष्ठान

नेपाली साहित्यमा आख्यान विधाका यशस्वी साधक रमेश विकलको समग्र व्यक्तित्व, कृतित्वका बारेमा खोज-अनुसन्धान गर्नेगराउने, चर्चा-परिचर्चा गर्नेगराउने, छात्रवृत्तिहरूको व्यवस्था गर्नेगराउने, विकल स्मृति-सङ्ग्रहालयको स्थपना गर्ने, उहाँका कृतिहरूको खोजीगरी प्रकशित गर्नेगराउने लगायतका उद्देश्यले उहाँकै जीवनकालमा आयोजित साहित्यिक भेलाद्वारा २०६३ साल मङ्सिर ३ गते रमेश विकल साहित्य पुरस्कारको स्थापना गरिएको हो। यसरी स्थापना भएको प्रतिष्ठान आजसम्म अनवरत रूपमा इन्द्रावती झैं अविरल अगाडि बढिरहेको छ।

## प्रतिष्ठानले गरेका कार्यहरू

१.परिवारद्वारा प्रदान गरिएको वि.सं. २०६३ को मूल्य अनुसार २७ लाख ७४ हजार रुपियाँ बराबरको पाँच आना जग्गा र सोमाबनेको ११ लाख ८६ हजार २२५ पर्ने घरमा सङ्ग्रहालय, पुस्तकालय, सभाकक्ष र कार्यकक्षहरू सहितको १० कोठाको साढे दुइ तला भवन पुनर्निर्माण।

२. वि.सं. ३०६६ मा नेपाल प्रतिष्ठानकै प्रयासमा नेपाल सरकार हुलाकसेवा विभागद्वारा रमेश विकलको मुहारचित्र अङ्कित हुलाक टिकट प्रकाशित।

३. प्रतिष्ठानद्वारा "रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक" शीर्षमा समालोचना र संस्मरण गरी दुईवटा ग्रन्थ प्रकाशित।

४. प्रतिष्ठानको प्रयासबाट विभिन्न प्रकाशनहरूको सहयोगमा तीनवटा कथासङ्ग्रह, तीनवटा संस्मरण सङ्ग्रहका साथै जीवनीको पूर्ण खण्ड तथा छवटा बालकथा सङ्ग्रह प्रकाशित।

५. गोकर्णेश्वर नगरपालिका वडा नम्बर ८, रमेश विकल चोकमा विकलको अर्धकद सालिक स्थापना।

६. गोकर्णेश्वर नगरपालिको आर्थिक सहयोगमा प्रतिष्ठान परिसरमा विकलको पूर्णकद सालिक स्थापना।

७. कागेश्वरी पुस्तकालय, आलापोटले सोही पुस्तकालयको परिसरमा स्थापना गरेको महाकवि लक्ष्मीप्रसाद देवकोटा, भैरव अर्याल र रमेश विकालको पूर्णकद सालिक स्थापनामा प्रतिष्ठानको समेत प्रत्यक्ष-परोक्ष सहभागिता।

८. प्रसिद्ध रेडियोकर्मी खगेन्द्र नेपालीको सहयोगमा उहाँकै कम्पनीबाट तयार भएको अविरल बग्दछ इन्दावती उपन्यासको सुन्ने किताव प्रकाशित गर्नेक्रममा त्यसको सङ्क्षेपीकरणका लागि तेजप्रकाश श्रेष्ठले सहयोग उपलब्ध गराएको।

९. प्रतिष्ठान आफैं र अन्य महानुभावहरूको आंशिक आर्थिक सहयोगमा विभिन्न छवटा विषयमा पुस्कारका स्थापना गरिएको।

१०. यसै वर्ष प्रतिष्ठानका महासचिव विजय चालिसे र सदस्य महेन्द्र चालिसेद्वारा प्रदान गरिएको ५/५ लाख रुपियाँबाट अक्षयकोष खडाा गरी रमेश विकल शोध सम्मानको व्यवस्था गरिएको। यस कोषबाट रमेश विकलका कृतिहरूमाथि गरिएका पी.एच.डी. र एम. फिल. तहका शोधपत्र प्रतिष्ठानमा प्रस्तुत गरेपछि क्रमशः रू. ७५ हजार र रू. २५ हजार शोध सम्मान पुरस्कार प्रदान गरिने।

११. प्रतिष्ठानको आफ्नै हलमा कार्यक्रम गर्न असुविधा भएकोले वागमती प्रदेश सरकारका भैतिक पूर्वाधार मन्त्री माननीय रामेश्वर फुयालका साथै गोकर्णेश्वर नगरपालिकालाई विस्तृत गुरुयोजना हस्तान्तरण गरिएको। उहाँहरूबाट सहयोग प्राप्त भइ जग्गा प्राप्त हुन सकेमा त्यसमा बन्ने भवनमा समुदायका समेत सामाजिक र अन्य कार्यक्रम निमानुसार सञ्चालन गर्नसकिने हुँदा

यस भेगमैं ठुलो अभाव पूरा हुने ।

यस वर्ष २०७७ कार्तिक २९ गते रमेश विकलको ९२ औं जन्मजयन्तीका अवसर पारी विकल चोकस्थित सालिकमा माल्यार्पण गरेपश्चात प्रतिष्ठान परिसरमा स्थापित पूर्णकद सालिकको अनावरण गरियो । प्रतिष्ठानका अध्यक्ष रोचक घिमिरेको अध्यक्षतामा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि गोकर्णेश्वर नगरपालिकाका प्रमुख सन्तोष चालिसेद्वारा सालिकको अनावरण सम्पन्न । सालिकको निर्माणमा गोकर्णेश्वर नगरपालिकाको पूर्णरूपमा आर्थिक सहयोग रहेको छ ।

कर्याक्रमका अन्य अतिथिहरूमा नगरपालिकाका उप-प्रमुख शान्ति नेपाल, सल्लाहकार दीपक रिसाल, वडा नम्बर ८, ९ का अध्यक्ष क्रमशः मनोज ढुङ्गाना र राजिव थापा लगायत हुनुहुन्थ्यो । प्रतिष्ठानका उपाध्यक्ष नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति के.के.कर्माचार्यको स्वागतसँगै प्रारम्भ भएको कार्यक्रमलाई अन्य अतिथिहरूले सम्बोध गर्नु भयो । आफ्नो स्वागत सम्बोधनमा उपाध्यक्ष कर्माचार्यले सालिक अत्यन्त सुन्दर र दुरुस्त बनेको छ भन्दै यति सुन्दर सालिक निर्माण गर्नमा सहयोग दिनुहुने गोकर्णेश्वर नगरपालिका प्रमुख सन्तोष चालिसे, नगरपालिका परिवारका तथा मूर्तिकार लक्ष्मण भुजेल सबै धन्यवादका पात्र हुनुहुन्छ, भन्नुभयो । उहाँले थप भन्नुभयो, “साहित्यले सीमान्तीकृत व्यक्तिलाई पनि धेरै माथि पुऱ्याउने रहेछ । रमेश विकलले जे लेखे समाजबाटै लिएर समामजकै लागि अर्पण गरे ।

त्यही क्रममा प्रमुख अतिथि सन्तोष चालिसेले भन्नुभयो, “आज म जति खुसी कोही छैन । यस ऐतिहासिक क्षणमा मैले रमेश विकलको सालिक अनावरण गर्ने मौका पाएँ । म भैरव अर्याललाई पनि रमेश विकल जत्तिकै मान्छु ।” उहाँले नगरपालिका भित्रका सबै साहित्यिक संघसंस्थालाई तीन-तीन लाख रूपियाँको दरले सहयोग गरेको जानकारी दिँदै भन्नुभयो, “राष्ट्रव्यापी कविता प्रतियोगिता गरेर पनि हामीले राम्रै रकमको पुरस्कार प्रदान गऱ्यौं ।”

अतिथि उपप्रमुख शान्ति नेपालले रमेश विकलका कृतिहरूले राष्ट्रलाई नै बलियो बनाइदिएकोले हामीले उहाँलाई कदापि बिर्सनु हुन्न भन्दै उहाँका कृतिहरू पढेर आउँदो पुस्ता अवश्य अगाडि बढ्नेछ भन्ने विश्वास प्रकट गर्नुभयो ।

नगरपालिकाका प्रमुख सल्लाहकार दीपक रिसालले समारोहलाई सम्बोधन गर्दै गोकर्णेश्वर क्षेत्रमा सृजनाको लहर चलोस्, साहित्यिक मेला चलोस् भन्ने सुभेच्छा प्रकट गर्नुभयो ।

यसरी नै सम्पूर्ण उपस्थित अतिथिहरूलाई धन्यवाद दिँदै महासचिव विजय चालिसेले जसरी नेपाल सरकार र गोकर्णेश्वर नगरपालिका तथा रमेश विकललाई माया गर्नुहुने सबैको सहयोग रह्यो, भविष्यमा पनि यसरी नै सहयोग भइरहने विश्वास प्रकट गर्नुभयो ।

डा. विदुर चालिसे र शान्ति रिसालले रमेश विकलको व्यक्तित्व र कृतित्वमाथि विवेचना राख्नु भएको सो समारोहमा अभिनव साहित्य समाजका प्रतिनिधि विमल अर्यालले रमेश विकल-अभिनव बालसाहित्य पुरस्कारका बारेमा प्रकाश पार्नुभयो ।

सोही अवसरमा विकल-अभिनव बालसाहित्य पुरस्कारका विजयी बालबालिकालाई प्रमुख अतिथि चालिसेले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो । अभिनव साहित्य समाजद्वारा स्थापित यस वर्षको १८ औं पुरस्कार कोभिड-१९ का कारण जुमबाट सम्पन्न गरिएको थियो । प्रतियोगितामा भागलिएका ३२ वटा स्कुलका ४८ जना विद्यार्थीमध्ये निम्नानुसार बालकविहरू पुरस्कृत भए-

- विभूति अधिकारी, दुन एकेडेमी, धनगढी,कैलाली -प्रथम
- इन्दिरा थापा, रिपुमर्दिनी सैनिक माध्यमिक विद्यालय, काठमाडौं - द्वितीय
- सदिष्मा अधिकारी, युनिभर्सल माध्यमिक विद्यालय, काठमाडौं - तृतीय

यसरी नै सान्त्वना पुरस्कार प्राप्त गर्नुहुनेमा कुमुद यादव, कालिम्पोङ, भारत; प्रसुन बराल, टाइमलाइन एकेडेमी; समर्पण न्यौपाने, जी.एस. निकेतन, हेटौंडा ; विकी युरिका खाती, रिम्स इन्टरनेशनल स्कुल ; सौगात उप्रेती, अरुणिमा उच्च माध्यमिक विद्यालय; उषा अधिकारी, जी.एस. निकेतन, हेटौंडा; दीक्षा पौडेल, पृथ्वीनारायण माध्यमिक विद्यालय, काठमाडौं; प्रज्ज्वल ढुङ्गाना, मनकामना माध्यमिक विद्यालय; आयुषा राई, एकता जेम्स माध्यमिक विद्यालय; अनुषा घिमिरे, सरस्वती माध्यमिक विद्यालय ।

समारोहको अन्त्यमा सभापति तथा प्रतिष्ठानका अध्यक्ष रोचक घिमिरेले भावुक हुँदै भन्नुभयो, “यति सजीव रूपमा बनेको रमेश विकलको यो सालिक  ले यही पोशाक लगाएर आफूलाई “ए....रोचक, के गर्दै छौ ?” भन्दै मेरो घरमा आएको झल्झली सम्झना गराएको छ । विकलले सुम्पेका जिम्मेवारी वहन गर्नमा नेपाल सरकार, स्थानीय सरकार लगायत सबैको सहयोग पाएर नै प्रतिष्ठान आजको अवस्थामा आइपुगेको हो । यसका लागि उहाँले सबैलाई धन्यवाद दिँदै समारोहको अन्त्य गर्नुभएको थियो ।

यसवर्षको रमेश विकल स्मृति दिवस २०७७ पुस ४ गते शनिवार मनाउने निर्णय गरिएको छ । प्रतिष्ठानद्वारा स्थापित विभिन्न पुरस्कारहरूको निमित्त नाम सिफारिस गर्न प्रतिष्ठानका सदस्य मातृका पोखरेलको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको थियो । समितिका अन्य सदस्यमा साहित्यकारद्वय कोषराज न्यौपाने र पुरुषोत्तम सुवेदी हुनुहुन्थ्यो । समितिको सिफारिसमा प्रतिष्ठानले यस वर्ष निम्नलिखित प्रतिभाहरूलाई पुरस्कार प्रदान गर्ने निर्णय गऱ्यो । रमेशविकल वाङ्मय पुरस्कार- साहित्यकार शान्तदास मानन्धर, काठमाडौं ।

- रमेश विकल-सुशीला समाजसेवा पुरस्कार- सीता पोखरेल, पूर्वाञ्चल बालसेवा आश्रम ।
- रमेश विकल सृजना पुरस्कार- साहित्यकार आहुती, काठमाडौं ।
- रमेश विकल बालसाहित्य पुरस्कार- साहित्यकार प्रभा भट्टराई
- रमेश विकल-सुशीला सङ्घर्षशील नारी पुरस्कार- सङ्घर्षशील नारी मिठाइदेवी, विश्वकर्मा, काठमाडौं ।
- रमेश विकल कलासङ्गीत पुरस्कार- वरिष्ठ कलाकार हरिप्रसाद शर्मा, काठमाडौं ।

◆ ◆ ◆ ◆

# आर्थिक तथा
# लेखा परीक्षकको प्रतिवेदन



● साम्बकुमार चालिसे
कोषाध्यक्ष
रमेश विकल साहित्य प्रतिष्ठान

प्रतिष्ठानको आर्थिक वर्ष २०७६ र ७७ को आर्थिक सूचकाङ्कहरू तल उल्लेख भए अनुसारको छ।

**N. Neupane & Co.**
Registered Auditors
Battisputali, Ratopool
Rudranagar, Shantimarg 88/14
Kathmandu-9, Nepal
Tel.: 977-1-4471711
E-mail: npneupane@gmail.com

श्री अध्यक्ष ज्यू
रमेश विकल साहित्य प्रतिष्ठान
आरुबारी , काठमाण्डौं, नेपाल

प्रतिष्ठानको सदस्यहरुलाई लेखापरीक्षकको प्रतिवेदन

उपरोक्त सम्बन्धमा हामीले यसै साथ संलग्न ३१ आषाढ २०७७ को श्री रमेश विकल साहित्य प्रतिष्ठानको वासलात तथा सोहि मितिमा समाप्त भएको बर्षको आम्दानी खर्चको विवरणको लेखापरीक्षण समपन्न गरेका छौं। बित्तिय बिवरणहरुको उत्तरदायित्व व्यवस्थापन समितिमा रहेको छ। व्यवस्थापनले तयार गरेका बित्तिय विवरणहरुको अन्तिम लेखापरीक्षण गरी आफ्नो राय सहितको प्रतिवेदन पेश गरेका छौं।

(क) सोधनि र कैफियत तलव भएका कुराको जवाफ यथासिध्र पायौं।
(ख) हाम्रो रायमा पेश भएको उपरोक्त मिति सम्मको आय व्यय हिसाव र सोहि मितिमा समाप्त भएको वासलातले यथार्थ आर्थिक स्थितीको चित्रण गर्दछ।
(ग) हिसाव किताव र श्रेस्ता प्रचलित कानून बमोजिम ठिक संग राखिएको छ।
(घ) हाम्रो विचारमा र हामीलाई प्राप्त जानकारी अनुसार सदस्यहरुले लेखा सम्वन्धी कानूनी व्यवस्थाहरुको विपरित्त कामकाज गरेको वा रकम हिनामिना गरेको वा हानी नोक्सानी गरे गराएको छैन।
(ङ) हामी लाई प्राप्त जानकारी र उपलब्ध गराईएको सूचना र व्यबस्थापन पत्रको आधारमा संस्थाले गरेको कारोवारहरु संन्तोषजनक तरिकाले गरे गराईएको छ।

निरंजनप्रसाद न्यौपाने
निमित्त एन. न्यौपाने एण्ड कम्पनि
रजिस्टर्ड लेखापरिक्षक
स्थान : काठमाण्डौ
मिति : २०७७।०६।१३
UDIN 201001RA01414mXtgm

(N. NEUPANE & CO. ★ Kathmandu-9 ★ Registered Auditors)

**रमेश विकल साहित्य प्रतिष्ठान**

**Ramesh Vikal Literary Foundation**

जोरपाटी - ९, आरुबारी, काठमाडौं, नेपाल

## वासलात

### २०७७ असार मसान्तमा

| विवरण | | चालु वर्ष २०७६।२०७७को | गत वर्ष २०७५।२०७६ को |
|---|---|---|---|
| **दायित्व** | | | |
| चालु पूजि ( गत वर्ष सम्मको ) | १,१९७,९१०.९७ | | १,१९७,९१०.९७ |
| यस वर्ष आम्दानी खर्च हिसाववाट | (१,०६९,००९.३९) | | |
| **जम्मा चालु पुजि** | १२८,९०१.५८ | १२८,९०१.५८ | |
| रमेश विकल वाङमय पुरुस्कार कोष | | ९३६,७८८.८४ | ८८१,७८८.३४ |
| अक्षय कोष | | ८५०,०२५.०० | ८५०,०२५.०० |
| पुजि कोष | | १५,१०८,७८९.०० | १५,१०८,७८९.०० |
| भवन निर्माण कोष | | १,५५५,०००.०० | १,५५५,०००.०० |
| तिर्नवाकी हिसाव | | १०४,३३७.०० | १०,०००.०० |
| जम्मा | | १८,६८३,८४१.४२ | १९,६०३,५१३.३१ |
| **सम्पत्ती** | | | |
| फर्निचर | | १,१६८,३८४.०० | १,५५७,८४५.०० |
| **भवन** | | ११,४०८,८१८.०० | १२,००९,२८२.०० |
| जग्गा | | २,७७४,०१८.०० | २,७७४,०१८.०० |
| **वैक मौज्जाद** | | | |
| एन.सि.सि.वैक चावहिल शाखा | १,५५१,६८५.०० | | १,८८१,७७८.९२ |
| सुकृति सहकारी | ९२,७४३.०० | | ८१,४१३.०० |
| दिलाशा वचत | १७७,१७७.४२ | | ६४०,५२४.३९ |
| मुद्दति हिसाव | १,२५०,०००.०० | | ६५०,०००.०० |
| कृषि विकास वैक | ५,०००.०० | | ५,०००.०० |
| नगद मौज्जाद् | ६,०१६.०० | | ९२२.०० |
| **मौज्जाद जम्मा** | ३,०८२,६२१.४२ | ३,०८२,६२१.४२ | |
| लिनवाकी हिसाव | | | २,७३०.०० |
| पेश्की हिसाव | | २५०,०००.०० | |
| जम्मा | | १८,६८३,८४१.४२ | १९,६०३,५१३.३१ |

ऐजन मितिको संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| शम्बकुमार चालिसे | विजय चालिस | रोचक घिमिरे | निरन्जनप्रसाद न्यौपाने |
| कोषाध्यक्ष | महा सचिव | अध्यक्ष | लेखा परिक्षक |

**रमेश विकल साहित्य प्रतिष्ठान**
**Ramesh Vikal Literary Foundation**
जोरपाटी - ९, आरुबारी, काठमाडौं, नेपाल

## ०७६ श्रावण १ देखि २०७७ असार ३१ सम्मको

### आम्दानी खर्च हिसाव

| विवरण | चालु वर्ष २०७६।२०७७ को | गत वर्ष २०७५।२०७६ को |
|---|---|---|
| **आम्दानी** | | |
| प्रवेश शुल्क | ४००.०० | ४००.०० |
| आजीवन सदस्य शुल्क | २०,०००.०० | २५,०००.०० |
| ग्रन्थ प्रकाशन अनुदान | | २,०००.०० |
| स्मारीका प्रकाशन अनुदान | ३८,०००.०० | ४०,०००.०० |
| विविध | | १००,०००.०० |
| जम्मा | ५८,४००.०० | १६७,४००.०० |
| **विशेष अनुदान** | | |
| अन्य चन्दा अनुदान | २६,०५५.०० | ५०९,७५०.०० |
| जम्मा | २६,०५५.०० | ५०९,७५०.०० |
| व्याज आम्दानी | २१५,८७६.९४ | २१०,२८३.९४ |
| **जम्मा** | ३००,३३१.९४ | ८८७,४३३.९४ |
| **खर्च** | | |
| वैठक संचालन खर्च | ४,५००.०० | १,१२५.०० |
| स्टेशनरी तथा कार्यालय सामान | ३,२७६.०० | ४७०.०० |
| समारोह संचालन | ३५,८९२.०० | ५६,९७५.०० |
| पदक सम्मान | ११०,०००.०० | ६०,००६.०० |
| साधारण सभा | २०,६३५.०० | ४०,६८५.०० |
| स्मारिका प्रकाशन | ४१,२३३.०० | ३८,०००.०० |
| जन्म जयन्ती | ४,५६०.०० | १,३२०.०० |
| दर्ता नविकरण | २,२५०.०० | २,२५०.०० |
| विविध | ६,५००.०० | ३६,०६६.०० |
| व्याज कर | १७,४८८.३३ | १७,३८२.७८ |
| ह्रासकटटी | ९८९,९२५.०० | ८३३,१८५.२५ |
| लेखापरिक्षण शुल्क | ११,३००.०० | १०,०००.०० |
| विद्युत महशुल | १९,६१५.०० | १८,०८३.०० |
| प्रवेशव्दार निर्माण | ७६,३३७.०० | |
| चौतारी निर्माण खर्च | | २०३,४७५.०० |
| भवन तथा अन्य मर्मत | २५,८३०.०० | ७८,२२३.०० |
| वेभसाइड निर्माण खर्च | | १२,५००.०० |
| जम्मा | १,३६९,३४१.३३ | १,४०९,७४६.०३ |
| आम्दानी भन्दा खर्च धेरै फरक रकम वासलातमा सारेको | (१,०६९,००९.३९) | (५२२,३१२.०९) |
| जम्मा | ३००,३३१.९४ | ८८७,४३३.९४ |

ऐजन मितिको संल्गन प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| शाम्बकुमार चालिसे | विजय चालिसे | रोचक घिमिरे | निरन्जनप्रसाद न्यौपाने |
| कोषाध्यक्ष | महा सचिव | अध्यक्ष | लेखा परिक्षक |

## रमेश विकल साहित्य प्रतिष्ठान

**Ramesh Vikal Literary Foundation**

जोरपाटी - ९, आरुबारी, काठमाडौं, नेपाल

### सम्पत्ति हिसाव ०७६।०७७

| | ०७५ ।०७६ सम्मको | ०७६।०७७ मा थप | जम्मा | दर% | ह्रास कट्टी | खुद वाकी |
|---|---|---|---|---|---|---|
| फर्निचर | १,५५७,८४५.०० | | १,५५७,८४५.०० | २५ | ३८९,४६१.०० | १,१६८,३८४.०० |
| भवन | १२,००९,२८२.०० | | १२,००९,२८२.०० | ५ | ६००,४६४.०० | ११,४०८,८१८.०० |
| जग्गा | २,७७४,०१८.०० | | २,७७४,०१८.०० | | | २,७७४,०१८.०० |
| | १६,३४१,१४५.०० | - | १६,३४१,१४५.०० | | ९८९,९२५.०० | १५,३५१,२२०.०० |

शाम्बकुमार चालिसे, कोषाध्यक्ष — विजय चालिस, महा सचिव — रोचक घिमिरे, अध्यक्ष — निरन्जनप्रसाद न्यौपाने, लेखा परिक्षक

## रमेश विकल साहित्य प्रतिष्ठान

**Ramesh Vikal Literary Foundation**

जोरपाटी - ९, आरुबारी, काठमाडौं, नेपाल

### ०७७ आषाढ मसान्त सम्मको नगद प्रवाह विवरण

| | विवरण | | चालु वर्ष २०७६।२०७७ |
|---|---|---|---|
| क) | **संचालन गतिविधिहरुबाट नगद प्रवाह** | | |
| | खुद बचत | | (१,०६९,००९।३९ |
| | ह्रास कट्टि | ९८९,९२५।०० | |
| | चालू सम्पत्ति बृद्धि | ०।०० | |
| | चालू दायित्व (भुक्तानी दिनूपर्नेमा बृद्धि) | ९४,३३७।०० | |
| | लिनवाकी हिसाव | २,७३०।०० | |
| | पेश्की हिसाव | (२५०,०००।०० | |
| | | ८३६,९९२।०० | |
| | **संचालनबाट खूद नगद प्रवाह** | | (२३२,०१७।३९ |
| ख) | **बिभिन्न गतिविधिबाट नगद प्रवाह** | | |
| | कोष | ५५,०००।५० | |
| | स्थिर सम्पत्ति खरिद | ०।०० | |
| | सम्पत्ति अपलेखन | | |
| | **खुद बाहिरी नगद प्रवाह** | | ५५,०००।५० |
| | **वित्तिय गतिविधिहरुबाट भएको नगद प्रवाह** | | (१७७,०१६।८९ |
| | बर्षभरीमा भएको खूंद बृद्धि (क+ख+ग ) | | (१७७,०१६।८९ |
| | बर्षारम्भमा नगद तथा बैंक मौज्दात | | ३,२५९,६३८।३१ |
| | बर्षान्तमा नगद तथा बैंक मौज्दात | | ३,०८२,६२१।४२ |

ऐजन मितिको संल्गन प्रतिवेदन अनुसार

विजय चालिस, महा सचिव — रोचक घिमिरे, अध्यक्ष — निरन्जनप्रसाद न्यौपाने, लेखा परिक्षक

शाम्बकुमार चालिसे

# पुरस्कृत व्यक्तित्व परिचय खण्ड

# रमेश विकल वाङ्मय पुरस्कारद्वारा पुरस्कृत साहित्यकार

# शान्तदास मानन्धर

विक्रम संवत् १९९१ साल जेष्ठ शुक्लपक्ष दशमीका दिन काठमाडौंको झोंछेमा जन्मनुभएका शान्तदास मानन्धर नेपालको वालसहित्य क्षेत्रका विशिष्ट स्रष्टा हुनुहुन्छ। कलिलै उमेरमा सहिद शुक्रराज शास्त्रीहरूको विचार र दृष्टिकोण सुन्ने अवशर प्राप्त गर्नुभएका शान्तदासलाई २००३/४ साल सम्म नेपाली भाषामा कुरा गर्नै आउँदैनथ्यो। उहाँले नेपाली भाषा पढ्न जान्नुभएपछि २००६ सालको सेरोफेरोतिरै हालको प्रभात माध्यमिक विद्यालय रहेको स्थानमा संचालित तत्कालीन 'काठेशिन्धु' पुस्तकालका करिव करिव सम्पूर्ण जसो पुस्तकहरू पढ्नुभयो। पुस्तकालबाट प्राप्त शैद्धान्तिक ज्ञानलाई उहाँले त्यसवेलाको अत्यन्तै प्रशिद्ध 'सामाजिक संस्था' परोपकार मार्फत मानिसहरूका बीचमा पुऱ्याउने मौका प्राप्त गर्नुभयो। त्यसवेला परोपकार संस्थाले धेरै मानिसलाई सामाजिक कार्यमा लाग्ने प्रेरणा मात्र दिएन एउटा चेतना पनि दियो। परोपकार संस्थाको स्वर्यसेवक कार्यकर्ता बनेर शान्तदासले समाज र समयलाई बुझ्नु भयो।

शान्तदास मानन्धरको किशोरावस्थामै त्यसवेलाको चर्चित साहित्यिक पत्रिका शारदाको कार्यालमा हुने नियमित भेटघाटले साहित्यतिरको रुचिलाई अघि वढाउन थप मद्धत गऱ्यो। उहाँलाई सानै उमेरदेखि चित्रकलामा रुचि थियो। वि.सं. २०१५ मा शान्ति विद्यागृहमा उहाँले चित्रकला पढाउनु भयो। त्यसबेला बालकहरू सँग उहाँको सानिध्य झनै बढ्यो। त्यसैगरी २०१८ सालमा उहाँ वाल सेवा माध्यमिक विद्यालयको प्रधानाध्यापक हुँदा विद्यार्थीहरूलाई विज्ञान र स्वास्थ्य विषय पढाउनु हुन्थ्यो। मानिसहरूलाई स्वस्थ, सचेत र सक्षम वनाउन बालसाहित्य को जरुरी छ भन्ने मान्यता प्रति उहाँको दृढ धारणाको विकास भयो।

साहित्यकार शान्तदास मानन्धरले बालसेवा माध्यमिक विदालयमा अध्यापन गर्नुभएको समयमा 'तारा' नामको हाते पत्रिका प्रकाशन गर्नु भएको थियो। त्यसपछि उहाँले नेपालको साहित्यिक पत्रकारितामा ठूलो योगदान पुऱ्याउनु भयो। उहाँले



तीसको दशकमा सम्पादन गर्नुभएको 'नवआलोक' साहित्यिक पत्रिकाको चर्चा अहिले पनि हुने गर्दछ।

शान्तदास मानन्धर यतिबेला बालसाहित्यकारका रुपमा सर्वाधिक चर्चित हुनुहुन्छ। प्रभात प्रिन्टिङ प्रेसको प्रकाशकत्वमा २०३६ सालतिर 'बालपोष' बाल पत्रिकाको सम्पादन गर्नुभएका मानन्धरले २०३९ सालदेखि 'बालकोसेली' प्रकाशन गरिरहनु भएको छ। प्रकाशन र सिर्जना दुवै दृष्टिले नेपालको बाल सहित्यमा उहाँको विशिष्ट योगदान छ।

साहित्यकार शान्तदास मानन्धरको अनुवादका क्षेत्रमा पनि विशिष्ट योगदान रहेको छ। चिनियाँ महान साहित्यकार

लुशुनका कृतिहरूलाई नेपाली पाठकहरूको माझमा पुऱ्याउने कार्यमा उहाँको विशिष्ट योगदान छ। नेवारी, हिन्दी, नेपाली र अंग्रेजी भाषका ज्ञाता मानन्धरले बंगलादेश, डेनमार्क, चीन, अमेरिका आदि देशको पनि भ्रमण गर्नुभएको छ। ८६ वर्षको उमेरमा पनि बालसाहित्यमा निरन्तर लागि रहनुभएका स्रष्टा शान्तदास मानन्धरलाई आदर र सम्मानको कुनै खोजी नगर्ने एकजना 'तपश्वी' स्रष्टाको रुपमा मानिसहरूले बुझेमा अन्यथा हुने छैन।

रमेश विकल साहित्य प्रतिष्ठानको यसवर्षको रमेश विकल वाङमय पुरस्कारद्वारा सम्मानित पुरस्कृत साहित्यकार श्री शान्तदास मानन्धरलाई हार्दिक बधाई तथा आगामी दिनमा पनि सक्रिय, सिर्जनशील र स्वस्थ रहनको लागि हार्दिक शुभकामना।

◆ ◆ ◆ ◆

## रमेश विकल सुशीला समाजसेवा पुरस्कारबाट पुरस्कृत

# समाजसेवी सीता पोखरेल

पिता स्वर्गीय पंडित लक्ष्मी नारायण गौतम र माता सरस्वता गौतमका सन्तानका रुपमा तत्कालीन कोशी अञ्चलको संखुवासभा चैनपुर मञ्ज्याङमा जन्मनु भएकी सीता पोखरेल पूर्वाञ्चल बालसेवा आश्रम संचालन गरेर सामाजिक सेवामा दृढ संकल्पित भएर लागिरहनु भएको छ। उहाँको स्थायी ठेगाना धरान-१४, विजयपुर हो। वि.सं. २०१९ सालमा बाल मुकुन्द पोखरेलसंग वैवाहिक जीवन सुरु गर्नुभएकी उहाँका तीन छोरा र दुई छोरी छन्।

विशिष्ट समाजसेवी सीता पोखरेलको साहित्य साधनामा पनि प्रशस्तै रुचि रहेको छ। उहाँको 'स्मृतिका छालहरू (२०६२)' शीर्षक कथा संग्रह प्रकाशित छ।

पूर्वाञ्चल बाल सेवा आश्रमको स्थापना कालदेखि हालसम्म अध्यक्ष रहनुभएकी सीता पोखरेल वनिता त्रैमासिक, साहित्य सौगात, डा. नरेन्द्र चापागाई स्मृति प्रतिष्ठान लगायत करिव डेढ दर्जन संघ संस्थाकी संरक्षक सदस्य हुनुहुन्छ।

वरिष्ठ समाजसेवी सीता पोखरेल गोरखा दक्षिणवाहु २०४९, लगायत करिव साढे दुई दर्जन संघसंस्थताबाट सम्मानित एवम् पुरस्कृत भइसक्नु भएको छ।

भारत, जापान, अमेरिका, जर्मनी, बैंङकक, सिंगापुर लगायत एक दर्जन भन्दा वढि देशको यात्रा गरिसक्नुभएकी पोखरेल हाल पूरै समय आश्रममै रही चौबिसै घण्टा बालबालिका तथा वृद्धवृद्धाको सेवामा समर्पित हुनुहुन्छ।

रमेश विकल साहित्य प्रतिष्ठानको यसवर्षको रमेश विकल-



सशीला समाजसेवा पुरस्कारद्वारा सम्मानित पुरस्कृत साहित्यकार सीतापो खेललाई हार्दिक बधाई तथा आगामी दिनमा पनि सक्रिय, सिर्जनशील र स्वस्थ रहनको लागि हार्दिक शुभकामना।

◆ ◆ ◆ ◆

# रमेश विकल सिर्जना पुरस्कार २०७७ बाट पुरस्कृत

# श्री आहुति



काठमाडौंको चन्द्रागिरी नगरपालिका वडा नम्बर १४ नैकापमा विसं २०२४ चैत्र १ गते आमा कान्छी अछामी र पिता राधाकृष्ण दुलालको सुपुत्रको रूपमा जन्मेका कवि, उपन्यासकार , समाजशास्त्री तथा मार्क्सवादी सौन्दर्य शास्त्रीय अध्येता आहुति बहुआयमिक व्यक्तित्वकाधनी हुनुहुन्छ । २०४२ सालदेखि साहित्य, कम्युनिस्ट आन्दोलन र दलित आन्दोलनमा क्रियाशील आहुतिको  औपचारिक नाम विश्वभक्त दुलाल हो । उहाँका  मौलिक उपन्यास दुई, कवितासंग्रह दुई,  अनुवाद उपन्यास एक तथा नेपालको वर्णव्यवस्था र जातव्यवस्था बारेका अनुसन्धानात्मक खोजमुलक तथा प्रगतिशील विचार बोकेका दुई समाजशास्त्रीय पुस्तकहरू प्रकाशित छन् । यसबाहेक आहुतिका अनगिन्ती कार्यपत्र, टिप्पणी, अन्तर्वार्ता र भाषणहरू पनि त्यत्तिकै महत्त्वपूर्ण छन् । २०६३ सालमा नेपाल टेलिभिजनबाट प्रसारित "दलन" टेलिसिरियल पनि उहाँको बहुचर्चित रचना हो ।

कवि आहुतिको कवितासङ्ग्रह "तपस्वीका गितहरू" २०४९, "गहुँगोरो अफ्रिका" २०७० र त्यसपछिका फुटकर कविता नेपाली कविता परम्परामा नयाँ विषय  शैली र चिन्तनका कारण चर्चित रहेका छन् भने उपन्यास "नयाँ घर" २०५० र "स्खलन"२०६० पनि चर्चित रहेका छन् । नेपालको कम्युनिष्ट आन्दोलनमा लामो  संलग्नता भएका आहुती हाल नेपाली समाजका जातीय भेदभाव, वर्गीय विषमता र सामाजिक उत्पीडन र दलन का विपक्षमा सक्रिय हुनुहुन्छ। उहाँका वर्गीय विषमता र जातीय विभेदविरुद्ध समावेशीकरणको पक्षमा पछिल्लो समय प्रकाशित "नेपालमा वर्णव्यवस्था र वर्गसंघर्ष" २०६५ तथा "जात वार्ता" २०७७ ले नेपाली सामाजिक संरचनामा रहेका विभेदको तर्कपूर्ण खण्डन र यसका बारेमा आधिकारिक जानकारी प्रस्तुत गरेका छन्।

रमेश विकल साहित्य प्रतिष्ठानको यसवर्षको रमेश विकल सिर्जना  पुरस्कारद्वारा सम्मानित पुरस्कृत साहित्यकार श्री आहुति लाई हार्दिक बधाई तथा आगामी दिनमा पनि सक्रिय, सिर्जनशील र स्वस्थ रहनको लागि हार्दिक शुभकामना ।

# रमेश विकल बालसाहित्य पुरस्कार २०७७ बाट पुरस्कृत
# श्री प्रभा भट्टराई

चुदी रम्घा तनहुँमा पिता श्री नारायणदत्त शास्त्री तथा माता श्रीमती मिठु आचार्यको कोखबाट विक्रम संवत् २०२२ कार्तिक १६ मा कवि बाल साहित्यकार श्री प्रभा भट्टराई को जन्म भएको हो। साहित्यिक वातावरण भएको परिवारमा जन्मेर बाल्यकालदेखि नै साहित्य रचना, वाचन र पठनमा संलग्न प्रभाव भट्टराई हालसम्म कवितासंग्रह "सरित सँगम" तथा धेरै फुटकर कविताहरू जीबनी १, बालकथा सङ्ग्रह ११, बालकविता ७ हालसम्म प्रकाशित छन्। उहाँ छन्दमा कविता रचना गर्नुहुन्छ तथा वाचनमा समेत उहाँको अत्यन्त शक्तिशाली उपस्थिति रहेको छ।

त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयकि सहप्राध्यापक श्री प्रभा भट्टराई को कविता र बाल साहित्यका २० पुस्तकाकार कृतिहरू बाहेक ठूलो संख्यामा छन्दोबद्ध कविताहरू, साहित्य सम्बन्धी लेख रचना, कार्यपत्र अनुसन्धानात्मक लेखहरू छरिएर रहेका छन्। यसबाहेक भाषा र साहित्यका विभिन्न तालिम कार्यशाला अभिमुखीकरण, गोष्ठी सेमिनार र अन्य कार्यक्रमहरूमा श्रोत व्यक्तिको रुपमा संलग्न हुनुहुन्छ।

उहाँका बाल साहित्यका पुस्तकहरू अङ्ग्रेजी भाषामा अनुवाद भएका छन्। छन्दमा राम्रो पकड भएका कारण बालकविताका उहाँका पुस्तकहरू बालक हरूले सजिलोसँग पढ्न सक्छन्। जसले गर्दा उनीहरूको साहित्यिक रुचि र पठन संस्कृतिको राम्रो विकास हुनसक्छ। उहाँ कुशल सम्पादक तथा साहित्यिक उत्प्रेरक समेत मानिनुहुन्छ।

रमेश विकल बालसाहित्य पुरस्कार २०७७ बाट सम्मानित



पुरस्कृत कवि तथा बाल साहित्यकार श्री प्रभा भट्टराईलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँका आगामी दिन उर्जाशिल, सिर्जनशील, स्वस्थ र सक्रिय रहुन् भन्ने शुभकामना प्रकट गर्दछौं।

## रमेश विकल-सुशीला
## सङ्घर्षशील नारी पुरस्कार २०७७ बाट पुरस्कृत
# श्री मिठाईदेवी विश्वकर्मा

विक्रम संवत्१९९३ फागुन १० गते काडमाडौँको इन्द्रचोकमा जन्मनुभएकी मिठाइदेवी विश्वकर्मा विद्वान् टी.आर. विश्वकर्माकी पत्नी हुनुहुन्छ। किशोरावस्थामा नै परिवारबाट विद्रोह गरी भारतबाट नर्सिङ अध्ययन गरी स्वदेश फर्केर उहाँले नेपाली गाउँ-बस्तीका घरघरमा पुगेर निशुल्क प्रसूति सेवा दिने काममा लाग्नुभयो। भर्खर भर्खर चेतनाको विकास हुन थालेको त्यो समयमा नेवा र पर्वते परिवार बिचको अग्लो पर्खाल भत्काउँदै उहाँले टी.आर. विश्वकर्मासँग अन्तर्जातीय विवाह गरी महत्वपूर्ण उदाहरण प्रस्तुत गर्नुभयो।

प्रारम्भदेखि नै दलित मुक्ति आन्दोलनको क्षेत्रमा मुलुकभर सक्रिय हुनुभयो। दुर्गम क्षेत्रका बादी, गन्धर्भ, मुसहर, पोडे, च्यामखक, जस्ता अति पिछडिएका दलित महिलाको हकतिका निम्ति आफै सरिक भएर सहकार्य गर्दै जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्दै आउनुभयो। उहाँ वैचारिका रुपले पनि सामन्तवादको विरोधमा उभिँदै साहित्यको सिर्जनामा सक्रिय हुनुभयो। यसरी स्नातक उपाधि हासिल गर्नुभएकी उच्चशिक्षित नारी मिठाइदेवी विश्वकर्मा नेपाली दलित नारी आन्दोलनमा अग्रणी रहँदै आउनु भएको छ।

परोपकार संघ, हार्टक्लब, पाटन, ज्येष्ठ नागरिक समाजजस्ता संस्थामा सदस्य रही सक्रिय योगदान गर्दै आउनु भएकी विश्वकर्मा सीमान्तीकृत उत्पीडित जाति र तिनमा पनि विशेष गरी महिला र बालबालिकाको हित संरक्षणमा निरन्तर खटिँदै आउनु भएको छ। वि. सं. २०४७ सालमा पति टी. आर. विश्वकर्माको निधनपश्चात एकाकी जीवनबाट समेत हरेस नखाई निरन्तर समाजको विकासको निमित्त संघ गर्दै आउनुभयो। उहाँले टी. आर. विश्वकर्मा स्मृति प्रतिष्ठान स्थापना गरी त्यसको संरक्षकत्वग्रहण गर्नुभएको छ।

"नेपाली नारीको अवस्था र अवस्थिति" शीर्षक लेख सङ्ग्रहका लेखक विश्वकर्माका विभिन्न पत्रपत्रिका र रेडियो थुप्रै



कथा, कविता, निबन्ध आदि प्रकाशित छन्। लेखनका अतिरिक्त उहाँले "प्रेरणा" साप्ताहिक, तत्कालीन नेपाल महिला सङ्गठनको मुखपत्र "महिला बोल्छि", सोही सङ्गठनको काठमाडौं जिल्ला समितिको मुखपत्र "पत्रकार गतिविधि" र "सञ्जीवनी" साहित्यिक मासिक आदि पत्रिकाहरूको समेत सम्पादन गर्नु भयो।

लगभग सात दशकसम्म सामाजिक जागृतिको अभियानमा सक्रिय रहनु भएकी मिठाइदेवी २०११ सालमैं दलितलाई पशुपतिनाथ मन्दिरमा प्रवेश दिइनुपर्छ भन्ने आन्दोलनमा सक्रिय रहनुभयो। आफ्नै अध्यक्षतामा "नेपाल परिगणित नारी संघ २०१२" स्थापना गर्नुभयो। त्यही संस्थाको माध्यमबाट दलित र महिला अधिकारको लागि चतनाको विकास गर्न पिछडिए

दलित समुदायका बस्तीहरूमा विद्यालय स्थापना गर्नुभयो । ती बालबालीकाले निशुल्क शिक्षा प्राप्त गर्न पाए । त्यस संस्थाले “मदर्स केयरर्स स्कुल”, “समाज विकास छात्रावास” जस्ता शैक्षिक संस्था स्थापना गऱ्यो । यसबाट उत्पीडित समुदायका बालबालिकामा शिक्षाको अवसर प्रदान भयो । यसरी नै “नेपाल समाज सुधार संघ” को स्थापना गर्नमा उल्लेख्य भूमिका निर्वाह गर्ने मिठाइदेवीले “नेपाल राष्ट्रिय दलित जन विकास परिषद” र “नेपाल राष्ट्रिय दलित जन विकास परिषद” मा सदस्य र केन्द्रीय मानार्थ अध्यक्ष रहेर पनि योगदान गर्नु भयो ।

यिनै उल्लेखनीय योगदानका लागि उहाँलाई भारतीय दलित साहित्य अकादमिले “डा. अम्बेडकर अन्तर्राष्ट्रिय पुरस्कार” प्रदान गऱ्यो । “शिक्षामा नारी समूह”, “दलित गैरसरकारी संस्था महासघं नेपाल”, “शताव्दियौं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस”, “स्रष्टा समाज नेपाल”, “मोतीदेवी स्मृतिकेन्द्र”, “राष्ट्रिय दलित आयोग”, “भानुभक्त पुरस्कार”, “भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार” लगायत अनेकौं प्रतिष्ठित संघसंस्थाहरूद्वारा पुस्कृत, सम्मानित र अभिनन्दित हुनु भएको छ । पछिल्लो पटकको प्रत्यक्ष शाही सशासनमा महिला आयोगको अध्यक्षका पदको प्रस्ताव अस्वीकार गर्ने मिठाइदेवी प्रजातन्त्रको पक्षमा सधैं नै प्रतिबद्ध रहनुभयो ।

रमेश विकल-सुशीला सङ्घर्षशील महिला पुरस्कार २०७७ बाट सम्मानित संघर्षशील समाजसेवी श्री मिठाइदेवी विश्वकर्मलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँका आगामी दिन उर्जाशिल, सिर्जनशील, स्वस्थ र सक्रिय रहुन् भन्ने शुभकामना प्रकट गर्दछौं ।

◆ ◆ ◆ ◆

## रमेश विकल कला-संगीत पुरस्कार २०७७ बाट पुरस्कृत

# श्री हरिप्रसाद पौडेल

माता जानुकादेवी तथा पिता विश्वनाथ शर्मा (पौडेल) बाट १९९४ सालको कार्तिक २८ गते लगनटोलमा जन्मिनुभएका वरिष्ठ कलाकार हरिप्रसाद शर्माले स्वतःस्फूर्त तरिकाबाट चित्रकलाको अध्ययन र अभ्यास प्रारम्भ गर्नुभयो । त्यो स्वाध्या र अभ्यासले जुद्धकला पाठशालाको पाँच वर्षे कला अध्ययनबाट औपचारिक शैक्षिक आधार प्रदान गऱ्यो । त्यस अतिरिक्त जीवनरत्न शाक्य, कालीदास श्रेष्ठ, तथा चन्द्रमान सिं मास्केजस्ता लब्धप्रतिष्ठित अग्रज कलाकारहरूबाट प्राप्त अनौपचारिक शिक्षाले उहाँको कलाकारितामा अरु परिष्कार थप्दै गयो ।

उहाँले लिक्षवि, मल्ल र शाह कालका ऐतिहासिक सम्पदा, तिनका वास्तुकला, प्राचीन जनजीवन, तथा काठमाडौं उपत्यकाका लुप्तप्राय सांस्कृतिक विविधतालाई पानी र तेलरङका माध्यमबाट अभिव्यक्ति दिँदै जानुभयो । यसरी परम्परागत चित्रकलाका मूर्धन्य कलाकार हरिप्रसाद पौडेलले नेपालको इतिहास, ऐतिहासिक सम्पदा, पुरातन निर्माणकला, वास्तु र मन्दिर तथा दरबारका साथै पुराना पाटी, सत्तल, मठमन्दिर, धारा, कुवा नदीनाला जनजीवन, लगायत सांस्कृतिक र कला धरोहरहरूलाई भविष्यका पुस्ताको निमित्त सुरक्षित बनाइदिनुभयो । यस अर्थमा इतिहासका गौरवहरूको संरक्षणमा उहाँको ठुलो योगदान रहेको छ ।



उहाँका “काठमाडौं भ्याली डाउन द एजेज (ऐतिहासिक चरणहरूमा काठमाडौं उपत्यका)”, शीर्षक तैलचित्रका २५ चित्र संग्रहीत चित्रपुस्तकका साथै पचास भन्दा बढी प्रसिद्ध चित्रहरूको पोष्टर प्रकाशित भइ देश विदेशमा

पुगेका छन् । उहाँका भगवान बुद्धको महाभिनिष्क्रमण, कलाकार अरनिकोको चीन विदाइ, कैलाशकुट भवनको परिकल्पनात्मक चित्र, तलेजु भगवतीसँग पासा खेल्दै गरेका जयप्रकाश मल्लको मिथक अनुसारको चित्र, कोत पर्वको विभत्स हत्याकाण्ड, राजा प्रतापमल्ल र रानीपोखरी, जङ्गबहादुर र लोराबेल, पृथ्वीका दिव्योपदेश जस्ता इतिहाससंबद्ध चित्रलगायत अनेकौं चित्रहरू अत्यन्तै लोकप्रिय रहेका छन् ।

इनारबाट पानी तान्दै गरेकी नेवार सुन्दरी, खर्पन बोकेका ज्यापूदाइ, ओखलमा च्युरा कुट्दै गरेका ग्रामीण, बाँडाको परम्परागत ज्यासल, भानुभक्तको कान्तिपुर नगरी, ज्यापू दम्पतिजस्ता जनजीवनमा आधारित चित्रहरू पनि उत्तिकै लोकप्रिय रहेका छन् ।

कलाकार पौडेल नागरिक स्तरका विभिन्न संघसंस्थाबाट सम्मनित-पुरस्कृत हुँदै आउनुभएको छ। यस्ता उल्लेख्य सम्मान- पुरस्कारहरूमा पुरस्कारहरूमा लुम्विनी विकास कोष कदरपत्र-२०७९, मदन भण्डारी राष्ट्रिय पुरस्कार २०७५, ललितकला प्रज्ञा-सम्मान २०७२, केशव दवाडी सम्मान २०७२, नन्दादेवी ललितकला स्मृति सम्मान अन्तर्गत लाइफ टाइम एचिभमेन्ट स्पेशल आर्टिष्ट अवार्ड २०७०, नरबहादुर गुरुङ पुरस्कार २०७०, नेपाल ललितकला मञ्च स्रष्टा अभिनन्दन २०११, ललितकला दीर्घ सम्मान २०१४, वरिष्ठ कलाकार सम्मान २०१० आदि हुन् । यस्ता अत्यन्त प्रभावशाली परम्परागत धाराका वरिष्ठ कलाकार हरिप्रसाद पौडेललाई नेपाली आख्यान जगतका यशस्वी साधक रमेश विकलका नाउँमा स्थापित रमेश विकल कला-सङ्गीत पुरस्कारद्वारा सम्मानित गरिनुले योग्य प्रतिभाको कदर हुन पुगेको छ। उहाँलाई हार्दिक बधाई !

◆ ◆ ◆ ◆

## रमेश विकल कला कदर-पत्रबाट सम्मानित

# मूर्तिकार लक्ष्मण भुजेल

कुशल मूर्तिकार लक्ष्मण भुजेलको जन्म सन् १९६९ अक्टोबर ८ तारिखका दिन हामामादी-६, मकवानपुरमा भएको हो। त्रिभुवन विश्वविद्यालयबाट ललित कला विषयमा स्नातकोत्तर उपाधि प्रांप्त भुजेल सोही विश्वविद्यालय अन्तर्गत ललितकला क्याम्पसमा मूर्तिकलाको प्राध्यापन गर्दै आउनु भएको छ। झापामा सुखानीका शहिदहरू, रुपचन्द्र बिष्ट, जय गोविन्द शाह, योगी नरहरिनाथ लगायतको कलात्मक सालिक निर्माण गर्नुभएका मूर्तिकार लक्ष्मण भुजेलले विभिन्न व्यक्तित्वहरूको सयौं मुहारचित्र बनाउनु भएको छ।

सन् २००५ देखि यता उहाँका अनेकौं एकल तथा सामूहिक कलाप्रदर्शनी सम्पन्न भएका छन् । उहाँले राष्ट्रिय-अन्तर्राष्ट्रिय गोष्ठीहरूमा सहभागिता दिनु भएको छ। प्रथम मूर्तिकला सिम्पोजियम, अन्तर्राष्ट्रिय मूर्तिकला सिम्पोजियम, लाङ्क्मवी आर्ट बायोएनियल मलेसिया, "आवर बडी ह्याण्ड्स एण्ड वाटर" शीर्षक जयपुर कला चौपाल, लाइफ वर्ल्ड उड डे आवाशीय कार्यक्रम, कम्बोडिया, अन्तर्राष्ट्रिय मार्बल आर्ट क्याम्प, मलेसिया आदि प्रमुख हुन्। यङ आर्टिष्ट ग्रुप (याग), नेपाल कलाकार समाज, सृजना कलेज अफ आर्ट आदिका सदस्य कलाकार भुजेललाई यशस्वी आख्यानकार रमेश विकलको जीवन्त पूर्णकद सालिक निर्माण गरी सहयोग पुऱ्याउनु भएकोमा प्रतिष्ठान परिवारले कदर-पत्र प्रदान गरेको छ। कलाकार भुजेललाई हार्दिक बधाई !



◆ ◆ ◆ ◆

# रचना/संस्मरण खण्ड

# गरिब

(शारदा वर्ष १५ अङ्क १२, चैत २००६ मा प्रकाशित रमेश विकलको पहिलो कथा)

## एक

"हजूर दुई महिनाको भाका पाउँ ! भदौ महिनामा मकै भाँचेपछि सबै चुक्ति पारेर बुझाउँला ।"

"भाका ! भाकासाका जान्दिन । बुझाउने भए खुरुक्क बुझा । होइन भने....।"

"हजुर अहिलेलाईं त एककौडी पनि छैन । कहाँ पाएर चुकाउनु । घरमा मूसो रुन्छ । केटाकेटीहरू हिजोदेखि भोकै छन् । निगाहा होस् ।"

"मैले गर्नु पर्नेजति मिनाहा गरिसकेँ । तेरो निम्ति चार घन्टा म्याद दिनु पनि मैले कम दया बाररम्बार दया गर्न म दयाको कमारो होइन । अब ज्यादा कुरा गरेर टारौंला भन्ने नठान् । मलाई रिस उठेपछि नराम्रो उठ्छ ।"

"अहिलेलाई त मरे पनि तिर्न सक्तिन । हामी गरिबले भन्नासाथ कहाँबाट ल्याएर दिनु !"

"त्यसो भए राजिनामा गरेर देन त घरबारी । तीसय पचास त्यो, तीनसय अरु दिउँला ।"

तीनसय पचासको बोली सुनेर मानबहादुर जिल्ल पर्‍यो । 'मैले त पचास मात्र लिएको थिएँ । तीनसय पचास त कहिल्यै लिएको थिइन'-ऊ मनमनै गम्न थाल्यो- व्याज पनि सालसालै बुझाएकै थिएँ । यसपालि असिना परेर नहो, बुझाउन नसकेको । एक सालको व्याज बाँकी हुँदैमा तीनसय पचस कसरी भयो होला !

"हजूर मैले तीनसय पचास कहिले लिएँ र ? पचस मात्र त हो नि ।" उसले सोध्यो ।

"कहिले ? लगेर खाने बेलामा खाइसक्यो तिर्ने बेलामा कहिले ?" मुखिया साहेब गर्जे ।

मानेको शिरमा बज्र पर्‍यो । उसले लिँदै नलिएको रूपैयाँ कसिरी तिर्ने ? "हजूर मत पचास भन्दा बढी त एक पैसा पनि तिर्न सक्तिन । मैले त्योभन्दा बढी एक पैसा पनि लिएको छैन ।"-उसले नम्र तर दृढ स्वरमा भन्यो । मुखियासाहेबको निमित्त मानेको यो धृष्टता असह्य थियो । उनको तालुदेखि पैतालासम्म सुइरोले रोप्यो । उनले थर थर काँप्दै भने- "तँ सोझो मुखले मान्ने होइनस् । ए, काले ! त्यढो माथिको कोर्रा लिएर आ ।" मुखियाको बोली मानेको निमित्त, मानाने कालको आह्वान थियो । एक क्षणपछि यमराजको सालो होलाजस्तो काले हातमा कोर्रा लिएर आइपुग्यो । त्यसलाई देख्दैमा मानेको हंसले ठाउँ छाड्यो ।

"ह...जू...र.." उसले गिडगिडाएर भन्यो ।

चूपचापृ ! बेइमान, पाजी ! ए काले ! ठोक् यस पाजीलाई !"- मुखिया साहेबले हुकुम दिए । उसको मुखबाट बचन भईमा गिर्न नपाउँदै क्रूर-हृदय काले निरपरध मानेमाथि कोर्रा बर्षाउन थाल्यो । त्यो बिचरो गरिबमाथि 'पूँजीपतिका जुत्ताको तलुवा' कालेको दिलमा रत्ति पनि दया उठेन ! आखिर ऊ पनि त गरिब नै थियो ।

मानबहादुर असह्य यन्त्रणाले कराउन थाल्यो, त्यति गर्नु पनि उसको अधिकार थिएन । आखिर केहीबेर छटपटाएर मूर्छा पर्‍यो ।

## दुई

भोलिपल्ट ।

मानबहादुरको आँखा खुल्दा सूर्यदेव आकाशमा निकै माथि चढिसकेको थिए । उसले चारैतिर हेर्‍यो अचम्म मानेर । उसको गोमुनि बाटुली निनाउरमो मुख लाएर बसिरहेकी थिई । छोराछोरी टुलुटुलु उसको मुख हेरिरहेका थिए ।

उसले बाटुलीसँग पानी मागेर खायो । कोल्टे फर्कीन खोज्दा सारा जिउ दुखिरहेको । यसले त्यसको कारण पत्ता लाउन खोज्यो । तर उसको स्मरण-शक्तिले काम दिएन !

"अहिले कस्तो छ ?"-बाटुलीले सोधी- हिजो रातीदेखि बल्ल आँखा खोलेको ! कस्तो, छिः म त डर पनि लाग्यो ।"

बाटुलीको प्रश्नले मानबहादुरको स्मरण शक्तिलाई सहारा दियो । अनि उसको आँखको अगाडि हिजोको दृश्य प्रष्टसँग खिचियो ।

"जिउ सर्वाङ्ग दुःखिरहेछ"- उसले भन्यो "मलाई यहाँसम्म कसले ल्याइदियो ?"

मुखिया साहूका नोकरहरूले । उनीहरू भन्दथे कि तपाइँलाई साहूको घरबाट निस्केर आउनलाग्दा को को

बदमासहरूले पिटे रे ।" बाटुलीले भनी ।

मानबहादुर मनमनै हाँस्यो । नजाने किन हो...। तर उसले बाटुलीलाई केही पनि बताएन । ऊ अन्धकारैमा रही ।

## तीन

एक महिनापछि

मानबहादुर राम्रै तयार भइसकेको थियो । एकदिन कामबाट फुर्सद लिएर एक क्षण आराम लिनलाई आँगनमा बसिरहेको थियो । बाटुली पनि त्यहीँ थिई, केटाकेटीहरू कुनै त्यहीँ थिए, केही खेल्न गएका थिए ।

"ए, माने यता !" पर बारीको डिलबाट साहू-मुखियाले हाँक दिए । मानबहादुरको मुटुले ढ्याङ्ग्रो ठोक्यो । उसकापाइला मजबुरन उतै बढे ।

"आज र भोलिमा तैंले यो घर छाडिदिनु पऱ्यो । अर्कौ मानिस बस्न आउने भयो ।" मुखियाले साधारण हुकुमी ढङ्गले भने । मानबहादुर अलमल्ल पऱ्यो । उसले  कुरै केही बुझ्न सकेन । "के भन्नु भएको ? भएको घर छाडेर कहाँ बस्न जाने नि ?"- उसले सोध्यो ।

"जहाँ मनलाग्छ जा । यो घरमा बस्ने तेरो केही हक छैन ।"- मुखियाले भने उसको चेहरामा क्रूरताको चिह्न स्पष्ट झल्कीरहेको थियो ।

"मेरो घरमा मैले बस्न किन नपाउने ?"- मानबहादुरले भन्यो । उसलाई आश्चर्यको साथै केही जोश पनि आयो ।

"तेरो रु...त्यो त मेरो, यसमा तेरो बाबुको पनि हक लाग्दैन"- मुखिया गर्जे- "तेरै हातले राजिनामा गरेर दिएकोछस् । यो हेर् कागज ।" यति भनेर कागज झिकेर देखाए ।

मानबहादरले दिउँसै तारा ख्न थाल्यो । "हे राम ! के हो यो सपनि हो कि विपना...सपना त होइन...त, के, दुनियाँमा यस्तो पनि हुनसक्छ ? यस कागजमा पनि खास मेरै बुढी औंठाको छाप छ ।" ऊ सोच्दा सोच्दै थचक्क बस्यो । त्यत्तिकैमा गाउँका दुई चार जना बुढापाकाहरू पनि आइपुगे । उनीहरूके दिलले पसिन सत्य कुराको निर्णय गऱ्यो । सबै रहस्य बुझे; तर को बोल्ने? कसले पूँजीपतिको विपक्षमा, गरिबको पक्ष लागेर आफूलाई पूँजीपतिको शत्रु बनाउने ? 'राजाको अगाडि बाबाको् दुहाई' सबैले दिलमा एक धारणा भए पनि मुखले मानबहादुरसँग भने-" हेर बाबै ! तैंले राजीनामा गरेर दिएको रहेछस्, बिर्सेको होलास् । जे भए पनि मुखियासाहेबले तँलाई बेइमानी गरेको होइन त ।"

मानबहादुर के गरोस्, उसमा बिद्रोह गर्ने शक्ति थिएन । उसमा सत्य पक्षको निम्ती मेल गर्न सक्ने सुबुद्धि र साहस थिएन । चुपचाप ऊ घर गएर बाटुलीसँग सबै कुराको रहस्य बुझएर भन्ज्यो-" हेर, आजदेखि हामीले यो घर पनि छाडिदिनुप ऱ्यो । आफ्ना जे भएका झिटीझाम्टा पोको पार् ।"

बाटुलीले अक्क न बक्क भएर उसको मुख हेर्न थाली । उसलाई यो कुरा कहाँ कहाँबाट बोलेको झैं लाग्यो ।

"के हेरेको ? आफ्नो जे भएको पोको पार !" मानबहादुरले भन्यो । बाटुली झस्की । अनि ऊ भित्र गई र केही बेरमा तयार भएर निस्की ।

साँझको आगमनको साथसाथै दुई लोग्नेस्वास्नी आफ्ना महादेवका जन्तीजस्ता लालाबाला पछि लगाएर, आफ्ना पुस्ता दरपुस्तादेखि बसेर आएको कुलघरलाई अन्तिम नमस्कार गरेर आँशु चुहाउँदै बिदा भए । शायद् उनीहरूलाई यो दुःखको स मयमा पनि साथ दिने फगत एउटा भाग नै रह्यो !

◆ ◆ ◆ ◆

# नेपाली साहित्यका तीन शिखर



● विजय चालिसे

**जाने होइन आलापोट ?**

काठमाडौंको उत्तरपूर्वी कुनामा अवस्थित एउटा पिछडिएको गाउँ आलापोट ! अनुपम सौन्दर्ययुक्त सुन्दरीजल र कागेश्वरीको काखमा रहेको एउटा सुन्दर गाउँ । कुनैबेला यसको प्राकृतिक सौन्दर्य र त्यहाँ चल्दै गरेको साहित्यिक माध्यमको चेतनाविस्तार अभियानबाट प्रभावित भएर नै होला, साहित्यकार मञ्जुलले सुन्दर निबन्ध कृति लेख्नुभएको थियो "जाने होइन आलापोट ?"

यही आलापोटले चार दशक अगि नै कागेश्वरी पुस्तकालयको स्थापना गऱ्यो । साहित्यको माध्यमबाट जनचेतनाको प्रसारमा निरन्तर क्रियाशील रहँदै आयो ।

त्यही आलापोट अहिले आफूलाई नेपाली साहित्यका

सगरमाथा महाकवि देवकोटाको दायाँ वायाँ हास्यव्यङ्ग्यका महान् श्रष्टा भैरव अर्याल र नेपाली आख्यान साहित्यका यशस्वी साधक रमेश विकलको पूर्णकद सालिक स्थापना गरेर साहित्य धामको रूपमा चिनाउने महायात्रामा छ। यी सबै कार्यमा नेतृत्व लिने यहाँका सचेत युवा विगत चार दशकदेखि निरन्तर खटिँदै आए।

"अग्रजहरूको मार्गदर्शन सहित केही गर्नुपर्छ भन्ने चेतना भएका हामी किशोर, युवा मिलेर २०३६ सालमा कागेश्वरी पुस्तकालय स्थापना गऱ्यौं। त्यसले तीन अङ्कसम्म "काग" शीर्षकमा साहित्यिक पत्रिका प्रकाशित गऱ्यो। हरेक वर्ष विशेष साहित्य गोष्ठी आयोजना गरेर महाकवि देवकोटा जयन्ती मनाउदै आयो। नाटक लगायतका विभिन्न कार्यक्रम गरिन्थे। तीमध्ये कतिवटा कार्यक्रममा आख्यान शिरोमणि रमेश विकल प्रमुख अतिथि हुनुहुन्थ्यो।" पुस्तकालयका पूर्वअध्यक्ष र प्रतिमा निर्माणमा विशेष सक्रिय रहनु भएका विष्णुप्रसाद फुयाल विगततर्फ कोट्याउनु हुन्छ।

"सुरुमा महाकवि देवकोटाको सालिक राख्ने भन्ने सुनिन्थ्यो। यसरी महाकवि देवकोटाको साथसाथै अन्य दुई साहित्यिक महारथिको सालिक राख्ने विचार कसरी आयो ?" आलोक चालिसेको जिज्ञासा थियो यो।

"२०३६ सालमा पुस्तकालय स्थापना भएपछि हरेक वर्ष महाकवि देवकोटा जयन्ती कार्यक्रम हुन थाल्यो। ती कार्यक्रममा आख्यान शिरोमणि रमेश विकल प्रमुख अतिथिको रूपमा आउनुहुन्थ्यो। त्यसैले यस ठाउँका अग्रणी व्यक्तित्व रामेश्वर फुयालको विशेष पहलमा महा कविको सालिकसँगै रमेश विकलको पनि राख्नुपर्छ भन्ने सल्लाह भयो। कुरा हुँदै जाँदा अझ भैरव अर्याल पनि यसै क्षेत्रका हास्यव्यङ्ग्य निबन्धका शिखर व्यक्तित्व हुनु भएकोले उहाँको समेत गरी साहित्यिका तीन मूर्तिको सालिक राख्ने निर्णय गरियो !" पुस्तकालयका वर्तमान अध्यक्ष राजकुमार फुयालको जवाफ थियो।

उहाँ थप प्रष्ट्याउँदै भन्नुहुन्छ, "हाल प्रदेश नम्बर तीनका भौतिक पूर्वाधार मन्त्री रामेश्वर फुयाल सुरुदेखि नै यो क्षेत्र र पुस्तकालयको स्थापनामा समर्पित रहँदै आउनु भएको छ। हाल उहाँ यसको संरक्षक हुनुहुन्छ। उहाँकै पहलमा प्रदेश सरकारको भौतिक पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत रु. ४० लाख प्राप्त भयो। त्यसरी नै आर्थिक वर्ष २०७६/२०७७ मा आधार स्तम्भ निर्माण गर्नका लागि पुनः रु. २९ लाख प्राप्त भयो। साथै साहित्यकारहरूको एक रुपियाँ र अन्य सहयोगबाट सालिक निर्माण गरेर स्थापना हुनसक्यो। कागेश्वरी-मनोहरा नगरपालिकाका प्रमुखबाट भर्खरै जीर्ण भएको पुस्तकालय भवनको निर्माण गरिदिने आश्वासन पाएका छौं।"

"हो, नेपाल प्रज्ञा-प्रतिष्ठानको एउटा कार्यक्रममा बोल्ने क्रममा मैले एक सय एकजना साहित्यकारबाट एक/एक रूपियाँ सहयोग लिई तीन साहित्यकारको सालिक बनाउने प्रस्ताव राखेँ। प्राज्ञ दिनेशराज पन्तले त्यहीँ नै त्यो सहयोग उपलब्ध गराउनु भयो। सबैको सकारात्मक प्रतिक्रिया पाएर उत्साहित हुँदै त्यसैबाट प्रतिमा बनाउने अठोट गऱ्यौं। महाकवि देवकोटाको १०९ औं जयन्तीमा एक सय एक साहित्यकार आमन्त्रित गरेर प्रतिमास्थलको शिलान्यास गऱ्यौं। त्यहाँ पनि सय रू.सहयोगको आह्वान गरियो। कतिले त्यहिँ उपलब्ध गराउनु भयो। कार्यक्रम मैं रमेश विकलका ज्येष्ठ पुत्र तपाइँ विजय चालिसेले रू. एकलाख सहयोग दिनुभयो। पछि प्रदेश सरकारका तर्फबाट पनि सहयोग जुट्यो। बीचमा काम गर्दागर्दै निर्माण समिति ऋणमा पऱ्यो। भैरव अर्यालका ज्येष्ठ पुत्र दीपक अर्यालले रू. पचास हजार लउपलब्ध गराउनुभयो। यसरी यसक्षेत्रलाई साहित्यिक धाम बनाउने र चेतना विकासमा सहयोग गर्ने उद्देश्यले तीन जना साहित्यिक महारथीको पूर्णकद सालिकस्थापना हुनसक्यो। सालिक नेपाली शैलीमा अष्टधातुद्वारा निर्माण गरिएको छ। यसमा परिसर निर्माण गरी सुन्दर बगैँचा बनाउनेकामबाँकी छ, अलि उता पोखरीको निर्माण भइरहेको छ। यी सबै काम सकेर यस त्रिमूर्तिस्थललाई सौन्दर्यमय बनाउने काममा लाग्नेछौं। कोभिड-१९ को कारण उद्घाटन (अनावरण) हुनसकेको छैन। यो सङ्कट टरेपछि भव्य रूपमा यसको उद्घाटन गर्छौं !" हामीसँगै हुनुभएका यी सबै कामको केन्द्रबिन्दु माननीय मन्त्री रामेश्वर फुयालले अझै स्पष्ट पार्नुभयो।

यसरी एउटा सार्थक काम र त्यसको परिणामको साक्षी बन्न पाउनुलाई हामीले सौभाग्य ठान्यौं। संयोग यो अवसर छोप्ने टोलीमा रमेश विकलका हामी चार पुस्ताका प्रतिनिधि साथै थियौं- कनिष्ठ पुत्र आलोक चालिसे, पुत्रवधू सीता शर्मा, नातिनी आयुषा चालिसे र म स्वयम !

२०७७ कार्तिक ३०
विजयनिवास, आरुबारी।

◆ ◆ ◆ ◆

# विकलको कला र गला



● ओमप्रसाद कोइराला

आएँ तिम्रा विकल घरमा भावना पोख्न आएँ
नौला-नौला रसमय कला हेर्न औ देख्न पाएँ
साँच्चै राम्रा अति मन छुने सिर्जनामा रमाएँ
हेर्दा हेर्दै हृदय खुशिभो हर्षले गद्गदाएँ ।

कोठा चोटा भरपुर भई रम्यशोभा दिएछन्
रङ्गीचङ्गी रंग बिरँगका चित्र बोली रहेछन्
धेरै राम्रा रचित रचना राखिएका सजाई
फुक्ने गर्थ्यौ मधुर मुरली दंग थ्यौं रे रमाई ।

खुल्थ्यो होला रसमय गला राष्ट्रको संझनामा
हुन्थ्यो होला मगमग वुकी सम्म तिम्रो कलामा
भाषा सेबी मुलुक हितमा गुन्जियौ गीत गायौ
नेपालीका घर महलमा पुष्प गुच्छा पुऱ्यायौं ।

लेख्यौ राम्रा अति भन छुने काव्यका हे ! मुहान
स्रस्टा तिम्रो हृदय पठमा देखियो पूर्ण ज्ञान
गर्थ्यौ सेवा एकल जनको भावना त्यो बुझेर
बोली मीठो वदन हँसिलो वस्न सक्थ्यौ लिएर ।

छोरा तिम्रा विजय बहुतै शान्त देखिन्छ बानी
स्रस्टा द्रस्टा सुखद मनका महेन्द्र भाग्यमानी
जोत्सना छर्ने झलमल यहाँ चन्द्रीका झैं मुहार
सेवा गर्ने बहुत जनको देखिने होसियार ।

संझेका छन् सकल जनले नंम्र तिम्रो स्वभाव
पार्‍यौं सारा सकल जनमा देखियो यो प्रभाव
टार्‍यौ थुप्रै दुःखित जनको कष्ट साथै अभाव
फ्याक्यौ टाढा कलुश मनका यो छ तिम्रो स्वभाव ।

हार्मोनीको मधुर धुनले गुञ्जने गीत धेर
बज्दा धेरै अझ मन छुने बाँसुरीमा रमेर
अर्को बाजा पनि छ तबला साथ राख्यौ बजाई
साच्चै धेरै बल दिन पुग्यौ आज साहित्यलाई ।

छोरा छोरी सुख सयलमा भव्य शोभा वढाई
बस्छन् आफ्नै घर-घर सबै दीप नौलो जलाई
आरुवारी चहुर छ सफा रुपले झल्मलायो
यस्ता कैयौं कवि हृदयको जन्म यस्ले गरायो ।

आयौं जुट्दै शुभ समयमा राख्न आफ्ना बिचार
पाए मौका दिन दिन यतै आउला बार-बार
राम्रो मान्छे सब दिन यहाँ सिर्जनामा उदाओस्
साच्चै राम्रो यस जमिनमा कल्पना फुल्न पाओस् ।

कपन, फैका

# नेपाली आख्यानका अविरल स्रष्टा : रमेश विकल



● गोविन्द गिरी प्रेरणा

रमेश विकलको विसं २०१९ सालमा प्रकाशित दोश्रो कथा सङ्ग्रह "नयाँ सडकको गीत" ले विसं २०१८ सालको मदन पुरस्कार पाएको थियो । यो कसरी सम्भव भयो ? कारण थियो, त्यतिवेला मदन पुरस्कारका लागि पुस्तक नै प्रकाशित वा मुद्रित भएको हुनु पर्दैनथ्यो । पाण्डुलिपिलाई समेत पुरस्कार दिइने प्रावधान थियो । त्यसैले विसं २०१८ सालमा पाण्डुलिपिमा पुरस्कृत "नयाँ सडकको गीत" विसं २०१९ सालमा प्रकाशित भएको थियो । यो तथ्य मैले धेरै पछि मात्र पत्तो पाएको हुँ ।

"नयाँ सडकको गीत"मा सम्मिलित "लाहुरी भैंसी" मलाई साह्रै मन परेको कथा थियो । त्यसको कारण थियो, म काठमाडौं आउनुअघिसम्म भैंसीको निकट थिएँ । हामी हेटौंडा चिसापानीमा भैंसी पाल्दथ्यौं र म आफैं दूध दुहुने, गोठालो जाने, घाँस काट्ने, बजारमा दूध बेच्न जाने लगायतका काम गर्ने गर्थें । त्यसले गर्दा भैंसीसंग मेरो निकटता थियो र लाहुरी भैंसीले मेरो मन तानेको थियो । त्यो कथामा भएका घटना र परिवेशले होइन, कथानकले पनि होइन, कथाकारले पनि होईन, केवल भैंसीले नै मेरो ध्यान तानेको थियो । त्यो नै मेरो मन पराई थियो । कथाको अन्तरमा पस्ने न मेरो सोचको विकास भएको थियो, न त बौध्दिक क्षमता नै ।

गजवको कुरा, यस्ता कथाकारसँग पछि हिमचिम गर्न पाइयो, वस उठ गर्न पाइयो र पछि मेरो यौटा कथा सङ्ग्रहमा भूमिका लेखाइ माग्न पनि पाइयो । उनले लेखिदिए पनि । त्यो निकै पछिको कुरा थियो । नेपाली साहित्यमा रमेश विकल कथाकारको रुपमा २० को दशकको शुरुमा मदन पुरस्कारले पुरस्कृत भएर मात्र होइन, उनको कथा विधामा उम्दा कथा लेखनले प्रतिष्ठित हुँदै गए । प्रतिष्ठाको ग्राफ उकालोको यात्रामा निरन्तर लागिरह्यो ।

एक समय नेपाली साहित्यकारहरूको केन्द्रमा थियो नेपाल भारत साँस्कृतिक केन्द्र । कारण, नेपालीले नेपाली बाहेक बुझ्ने भाषा हिन्दीको विशाल पुस्तकालय राजधानी काठमाडौंको केन्द्रमा अवस्थित शाही नेपाल वायुसेवा निगमको भवनमा थियो । त्यहाँ शङ्कर लामिछानेले पनि काम गरेका थिए । नेपाली साहित्य र साहित्यकारसँग आत्मिय सम्बन्ध गाँस्ने भारतका प्रतिष्ठित कवि शिव मङ्गल सिं सुमन सांस्कृतिक सहचारी थिए । त्यहाँवाट नेपाली साहित्यका पुस्तकहरू पनि प्रकाशित हुन्थे । दौलत विक्रम विष्टको पहिलो उपन्यास मञ्जरी पनि नेपाल भारत साँस्कृतिक केन्द्रले नै प्रकाशित गरेको थियो । साथै भारतीय दूतावासले साहित्यिक कार्यक्रमहरूको आयोजना गर्ने, नेपाली साहित्यकारहरूको पुस्तक किनिदिएर नेपालका विभिन्न पुस्तकालयहरूलाई उपहार दिने गर्दथ्यो । यसै क्रममा रमेश विकलको "नयाँ सडकको गीत" प्रकाशन हुनु अगावै उनको "विरानो देशमा" कथा सङ्ग्रह नेपाल भारत साँस्कृतिक केन्द्रले प्रकाशित गरेको थियो ।

विकलले कथा रचनामै केन्द्रित भएर लेखन यात्रा अघि बढाइरहे । विसं २०२५ सालमा उनको तेश्रो कथा सङ्ग्रह "एउटा बूढो भ्वाईलिनः आशावरीको धूनमा" तथा विसं २०२९ सालमा "आज फेरि अर्को तन्ना फेरिन्छ" प्रकाशनमा आयो । तर विसं २०३१ सालमा भने उनी एकाएक "सुनौली" उपन्यास लिएर देखा परे साहित्यिक परिदृष्यमा । यो विधागत फड्को मराई थियो । तर विकलका कथामा रमाइरहेका पाठकहरूले यो उपन्यासलाई हार्दिकतासाथ ग्रहण गर्न सकेनन् । यो उनको लागि पनि सुखद अनुभव थिएन । धेरैको नजरमा यो उपन्यास यौटा दुर्घटना थियो । पछि रचना पत्रिकामा यो उपन्यास कसरी लेखियो भन्ने वारेमा उनले आफैंले विस्तृत रुपमा लेखे ।

उपन्यासपछि उनले विधागत अर्को फड्को मारे "नियात्रा" विधामा । त्यो थियो "सात सूर्य एक फन्को" । विसं २०३४

सालमा साझा प्रकाशनको जेवी पुस्तक सिरिजमा प्रकाशित गोसाईं कुण्ड यात्राको संस्मरण। यो कृतिलाई भने पाठकहरूले अत्यन्त उत्साहका साथ ग्रहण गरे। छोटो समयमा विक्री भइसक्नु र पाठकहरूले अत्यधिक मन पराउनुले गर्दा यो कृतिले सुनौलीले पारेको घाउमा मल्हम पट्टीको काम गर्यो। "साँग्रीला" को सन्दर्भको उठानले यो नियात्रालाई निकै उँचाईंमा पुर्यायो, आख्यानकारिताको मिहिन कलाले सजिएको त छँदै थियो। पछि उनी आफैंले यसको अङ्ग्रेजी अनुवाद पनि गरेका थिए। रमेश विकल नियात्रा बिधामा आए पनि, "सात सूर्य एक फन्को" ले पाठकहरू रत्तिए पनि उनको आख्यान लेखनप्रतिको निष्ठा कायम छँदै थियो। उनको कथा लेखनले निरन्तरता पाइनै रहेको थियो। फूटकर रुपमा कथाहरू प्रकाशित हुने क्रम यथावत थियो।

विसं २०३९ सालमा उनी फेरि अर्को उपन्यास लिएर आए, " अविरल बग्दछ ईन्द्रवती"। यो उपन्यासले "सुनौली" को असफलतालाई त विर्सायो नै, आफ्नै नयाँ कीर्तिमान राख्यो पाठकीय मायाको, चर्चाको अनि लोकप्रियताको। त्यति मात्र होइन यो उपन्यासले मदन पुरस्कार पाउने चर्चा समेत चल्यो। हुन त २०१८ सालमै मदन पुरस्कार पाइसकेकाले उनले नपाउने चर्चा पनि नचलेको होइन, तर पाउँछ भन्नेहरूको पनि ठूलो मत र जमात थियो। तर अन्ततः त्यस वर्षको मदन पुरस्कार ध्रुवचन्द्र गौतमको "अलिखित" ले पायो र साहित्यिक बृत्तमा "अविरल बग्दछ ईन्द्रावती" ले भाषिक सौष्ठवका कारण पाउनु पर्थ्यो भन्ने अभिमतका साथ चर्चा र अखवारी लेखन समेत भएको थियो।

यो उपन्यासको टेलि सिरियल बनेपछि यसको लोकप्रियताले अझ उँचाई र ब्याप्ति पायो।

मदन पुरस्कार पाउनु पर्थ्यो र पर्दैनथ्यो भन्ने चर्चा पन्छाउँदा पनि छोटो समयमा भएको यस उपन्यासको विक्री चर्चा र लोक प्रियता यौटा लेखकलाई प्रिय लाग्ने खालकै थियो। योउपन्यासको शीर्षक "अविरल बग्दछ ईन्द्रावती" आफूले मिखाइलशोलोखोवको "एण्ड क्वाइट फ्लोज द डोन" बाट प्रभावित भएरराखेको तथ्य प्रस्तुत गरेर लेखकीय ईमान्दारी प्रस्तुत गरेका थिए।

राजनैतिक हिसावले रमेश विकल वामपन्थी खेमामा थिए र प्रलेश अर्थात् प्रगतिशील लेखक संघसँग पनि आवद्ध थिए। उनी प्रलेसको अध्यक्ष समेत भएका थिए। उनी प्रलेसप्रति बढी आबद्ध भएका बेला उनका रचनाहरू अलि बढी नै देब्रे ढल्कुवा भएका देखिएका थिए। कतिले राजनीतिले कलालाई क्षय पुगेको चर्चा समेत गर्ने गर्थे। यही मेसोमा उत्साह पत्रिकालाई सामूहिक प्रगतिशिलको पत्रिकाको रुप दिएर प्रकाशन गर्ने अवधिमा त्यस पत्रिकाको सामुहिक सम्पादक मण्डलमा समेत सम्मिलित भएका थिए।

उनी प्रलेसको अध्यक्ष भएको कार्यकालमा पारिजात र मोदनाथ प्रश्रितका बीच ठूलो द्वन्द्व र अखवारी आरोप प्रत्यारोप भएको थियो। यसलाई "साइलक काण्ड" का रुपमा चिनिन्छ। यस द्वन्द्वले निकै तहल्का मच्चायो र रमेश विकलले अध्यक्षका हैसियतले यो द्वन्द्व निरुपणका लागि निकै प्रयास गरेका थिए तर त्यो द्वन्द्व उकुच पल्टिएको घाउ बन्यो तर निरुपण भएन।

रमेश विकल मदनमणि दीक्षितको नेतृत्वमा गठित प्राज्ञ परीषदमा उनी गद्य विभाग हेर्ने गरी प्राज्ञ नियुक्त भएका थिए। सोही अवधिमा उनी अमेरिकाको वाशिङ्टन टाइम्स फाउण्डेसनले आयोजना गरेको एक साहित्यिक कार्यक्रममा मदनणिको रोजाईमा अमेरिका भ्रमण गरेका थिए। उनी साझा प्रकाशनको शेयरधनीका तर्फबाट प्रतिनिधित्व हुने सञ्चालक पदमा निर्वाचित पनि भएका थिए। उनी एकेडेमीमा प्राज्ञ हुँदा मैले डा. ध्रुवचन्द्र गौतम मार्फत यौटा अनुसन्धानमूलक पुस्तक " नेपाली उपन्यास र उपन्यासकार" लेखनका लागि विद्वत्वृीत्त पाएको थिएँ, त्यो वृत्ती रमेश विकलको विभाग अन्तरगत पर्थ्यो। म रमेश विकललाई राम्रै चिन्थें र यौटा दूरीको परिचयात्मक सम्बन्ध थियो, ध्रुवचन्द्र गौतम जत्तीको निकट भने थिईंन। तर डा.ध्रुवचन्द्र मार्फत जाँदा पनि उनले मन सानो पारेनन्। त्यो वृत्ति अन्तर्गत लेखकन सकियो, त्यसको भूक्तानी पनि भयो। तर एकेडेमीका अनेक अप्रकाशित बृत्तिको रासमा त्यो कतै विलायो।

मेरो कथा सङ्ग्रह " घोराही शून्य किलोमिटर" मा उनलाई भूमिकाका लागि अनुरोध गरी पाण्डुलिपि र भूमिका लेखनका लागि केही रकम सहितको खाम मैले मेरी श्रीमती मार्फत मित्र विजय चालिसेको हात पठाएको थिएँ र उनले खुशीसाथ ग्रहण गरेको खवर पाएको थिएँ। त्यतिबेला म नेपालवाहिर नै थिएँ। उनले त्यसमा भूमिका पनि लेखिदिए। तर संयोगको कुरा, मेरो सो पुस्तक उनको जीवनकालमा प्रकाशित हुन पाएन र उनलाई भूमिकासहित मेरो कथा सङ्ग्रह हात पार्ने मनोकाङ्क्षा पूरा हुन पाएन।

विसं २०६० सालमा उनको "मेरो अविरल जीवन गीत" आत्मकथा प्रकाशित भयो। यो आत्मकथामा उनको जीवनका पूर्वार्धकाल समेटिएको छ। यो आत्मकथा पढेपछि उनको बाल्यकालदेखि किशोर, युवावस्था र साहित्य लेखन पठनसम्मको कालखण्डवारे बुझ्न सकिन्छ। यसलाई उनले आत्मकथाको पहिलो खण्डको रुपमा प्रस्तुत गरेका थिए र अहिले दोश्रो खण्ड समेत भएको अर्कोसंस्करण प्रकाशित छ।

रमेश विकलले बालबालिकाका लागि पनि आफ्नो कलम चलाए। बाल उपन्यास, बालकथाहरूको क्षेत्रमा पनि उनले प्रशस्त योगदान पुर्याए। पछिल्लो चरणमा त उनले निकै बवाल साहित्यका पुस्तकहरू लेखेका र प्रकाशित भएका थिए। उनी कलम मात्र होइन कुची पनि चलाउँथे।

उनले नाट्य विधामा पनि कलम चलाए। खासमा उनी अविरल लेखनका प्रतीक थिए।

यौटा गौरवको कुरा हो, विसं २०७७ सालमा उनको पूर्ण कदका २ सालिक अनावरण भए। उनी चीरकालसम्म नेपाली वाङ्मयमा अक्षर र सालिकमा वाँचिरहनेछन्।

८ डिसेम्वर २०२०, फल्स चर्च भर्जिनिया, अमेरिका।

◆ ◆ ◆ ◆

# बाबालाई झलझली सम्झिरहेछु

*रमेश विकल साहित्य प्रतिष्ठान, आरुबारीको प्राङ्गण !*
*सौम्य मुद्रामा उभिएको बाबाको पूर्ण कदको प्रतिमा ।*
*फक्रिए हृदयमा जाई जुही, लालपाते र लालीगुँराश*
*बर्सिरहेछन् मग्मगाउँदै आर्शीवचन र सद्भावना ।*



● तेजप्रकाश श्रेष्ठ

यही आर्शीवचन र सद्भावनामा मेरो साहित्यिक यात्रा अगाडि बढिरहेको छ, बढाइरहेको छु । म त उहाँको मानसपुत्र ! उहाँलाई म सहृदय साहित्यिक पिता मान्छु, र त ! म उहाँलाई सहृदय बाबा भन्छु । उहाँकै छत्रछायाँमा मेरा कैयन् साहित्यिक गतिविधि सल्बलाएका छन् । यतिबेला म उहाँको पुण्य तिथिमा केही हरफहरू सादर अर्पण गरिरहेछु ।

उहाँले भन्नुभएको सम्झिन्छु "पहिले पहिले गाउँघरमा मकै बाली भित्र्याउने बेलामा छरछिमेकमा परस्पर एक आपसमा सघाउने गरिन्थ्यो । साँझ भएपछि खाइपिई सकेर छरछिमेकका केटाकेटी, बुढापाकाहरू मकै बाली भित्र्याउने घरमा जम्मा भएर अगेनाको वरिपरि बसेर मकैको खोस्टा छुट्याउँदै लोककथा, परीकथाहरू सुन्ने सुनाउने गर्थे । म त्यस्ता कथा सुन्न अति रमाउँथे र सुनेका कथालाई अर्को दिन साथीहरू जम्मा गरेर आफ्नोतिरबाट कल्पनाका फुर्काहरू गाँसेर सुनाउने गर्थें । यो बानी नै मेरो साहित्य प्रवेशको मूल स्रोत हो जस्तो लाग्छ ।" यस्तै सुन्ने र सुनाउने क्रमले म पनि लाभान्वित भएकै हुँ । अनि उहाँकै सानिध्यता र उहाँकै कथा र बालकथाहरूबाट प्रभावित भएर नै मैले पनि साहित्यमा पाइला चाल्ने आँट गरेको स्मरण गरिरहेछु ।

बाबा अर्थात् मेरा प्रातःस्मरणीय बाबा रमेश विकल । उहाँ मैले चिनाइरहनु पर्ने व्यक्तित्व होइन । म उहाँलाई बाबा संबोधन गर्न पाउँदा गौरवान्वित हुन्छु । हो, यति भन्न सक्छु रमेश विकल मूर्धन्य साहित्यिक व्यक्तित्व हुन् । उहाँको साहित्यिक व्यक्तित्व राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा फैलिएको छ । उहाँले साहित्यसेवा गरेवापत विभिन्न सम्मान, अभिनन्दन र पुरस्कार प्राप्त गर्नुभएको छ । नयाँ सडकको गीत कथा सङ्ग्रहका लागि वि.सं २०१८ मा मदन पुरस्कार प्राप्त उहाँ मूलतः नेपाली गद्य साहित्यका सिद्धहस्त लेखक हुनुहुन्छ । उहाँले कथा, उपन्यास, नाटक, नियात्रा, हास्यव्यङ्ग्य, संस्मरणका साथै विविध समसामयिक लेखरचनाहरू रचना गर्नुभएको थियो भने बालसाहित्यमा पनि उत्तिकै कलम चलाउनुभएको थियो । उहाँ मूलतः कथाकार, उपन्यासकार, नाटककार, नियात्राकार, आत्मकथाकार तथा बालसाहित्यकारका रूपमा चिरपरिचित हुनुहुन्छ । उहाँलाई छुटाएमा नेपाली साहित्यको इतिहास अधुरो र अपाङ्ग हुन्छ भन्ने मेरो दृढ अभिमत छ ।

उहाँ भन्नुहुन्थ्यो 'साहित्यकार दुई प्रकारका हुन्छन्, सिर्जनशील" र "यान्त्रिक" । समाजमा यी दुबैखालेको आवश्यकता पर्छ । तर यी दुबैखालेले आफ्ना आफ्ना पाराले गहिरो साधनाको सागरमा डुबुल्की नमारी मोती भेट्टाउँदैनन् । बगरमा मिल्किएका टल्कने ढुङ्गालाई मोती सम्झेर त्यसैका भरमा मोतीको चरित्र, गुण र उपादेयता सिद्ध गर्न खोज्ने साहित्यकार छ भने उसको सबै कुरा सतही र मूल्यहीन बन्छ । त्यसैले गाली गर्नै परे पनि त्यसको तथ्यमा पुगेर अकाट्य तर्कमा टेकेर गाली गर्नु वेश हुन्छ ।' यस्तो दृढ विश्वास राख्ने बाबाबाट मैले पूत्रवत् वात्सल्य पाउँदा गौरव लाग्छ ।

भनिन्छ साहित्यकार भावुक र संवेदनशील हुन्छन् । उहाँको संवेदनशीलता पनि मैले पटक पटक अनुभूत गरेको छु । उहाँ ज्यादै भावुक र संवेदनशील हुनुहुन्थ्यो भन्ने कुरा एक दुई

घटनाले नै पुष्टि गर्छ । यहाँ म उहाँको संवेदनशीलताको एउटा झल्को मात्र प्रस्तुत गर्न चाहन्छु । त्यो अति दुःखद् क्षण थियो अर्थात् उहाँ जीवनमा एक्लिएको दुःखद् दिन । उहाँकी अर्धाङ्गिनी अर्थात् हाम्रा परम पुज्या माता दिवंगत हुनुभएको दिन । त्यो दिन मैले बाबाको संवेदनशीलतालाई छर्लङ्ग देख्न पाएको हुँ । त्यति बेला उहाँ कति भावुक, कति अधैर्य र कति एक्लोपनले पिल्सिनु भएको थियो म लिपिवद्ध गर्न सक्दिन । तर म त्यो क्षण बिर्सन पनि सकिरहेको छैन । त्यसै त भक्कानिएको मुटुमा उहाँको पल्पिलाउँदो अनुहारले मलाई पनि भावुक तुल्याएको थियो । जिन्दगीभर साथ दिने प्रण गरी भित्रिएकी बालसखाबाट अन्ततः छुट्टिनु पर्दाको पिरलो के कम हुन्थ्यो र ! विछोडको आहालबाट उहाँ धेरै समयसम्म उत्रिन सक्नु भएको थिएन । सायद उहाँले आफैले रचना गरेको कथा 'विहानीपखको बत्ती'मा अभिव्यक्त गरेझैं आफ्नी प्यारी अर्धाङ्गिनीको सदाचार, सद्व्यवहार, सहिष्णुता र प्रेमोत्कर्षलाई बिर्सन सक्नु भएको थिएन ।

मलाई सम्झना छ । सन्दर्भ नेपाल बालसाहित्य समाजको वार्षिक सम्मेलनको क्रममा हामी लम्जुङ्गको बेसीसहरमा थियौँ । उहाँ त्यस समाजको आजीवन सदस्य तथा पूर्व अध्यक्ष हुनुहुन्थ्यो । बालसाहित्यको फाँटमा उहाँको उपस्थिति गौरवमय हुन्छ । अशक्तता र बुढ्यौली शरीर लिएरै पनि उहाँ बालसाहित्यका कुनै पनि कार्यक्रममा सहभागी बन्न लालायित हुनेगर्नु हुन्छ । बालसाहित्यकार एवम् प्राज्ञ रमेश विकलको उपस्थितिले स्थानीय बालबालिकाका माझ रोमाञ्च र कौतुहल थपिनु कुनै नौलो थिएन । त्यसमा पनि स्थानीय बालबालिकाहरूले जब उहाँलाई अँगेनाको डिलमा, गौंथलीको घरजस्ता बालकथाहरू तथा टेलिशृङ्खला 'अविरल बग्दछ इन्द्रावती'का लेखक भनेर थाहा पाए, अनायास उनीहरूमा एउटा कौतुहलता पैदा भयो । आफ्ना प्रिय सर्जकलाई आफूसामु पाउँदा उनीहरू बाबाको वरपर झुम्मिएर प्रश्नोत्तरको इन्द्रावती बर्साउन थाले । यही नै लेखकीय सार्थकता पनि थियो । त्यतिबेलाको क्षण अति भावुक बनिरहेको थियो । म यस सुखद् क्षण नियालिरहेको थिएँ । किनभने म त्यति बेला बाबाको स्वयम् अङ्गरक्षक जो बनेको थिएँ । आफ्ना मनपरेका सर्जकलाई आफ्नै सामु पाउँदा बालबालिका तथा युवायुवतिहरू मख्ख थिए, छक्क थिए र दङ्ग थिए । त्यतिखेर बाबा पनि कम संवेदनशील बन्नु भएको थिएन । पिल्पिलाउँदो आँखामा हर्ष र कृतज्ञता छचल्किरहेको देखिन्थ्यो । त्यो भावुक क्षण अहिले पनि सम्झिरहेछु ।

यसै गरी म उहाँको सदासयतामा नतमस्तक छु । असक्त र वृद्ध अवस्थामा पनि उहाँ मेरा दुबै छोराहरूको विहेको निम्तो मान्न सकिनसकी उकालो उक्लन हिच्किचाउनु भएको थिएन । चन्द्रागिरिको फेदीमै रहेको चुनिखेलमा मेरा निवास थियो । उपत्यकाको सुदूरपूर्व आरुबारीबाट सुदूरपश्चिमजस्तै चन्द्रागिरिको फेदीमा अवस्थित थानकोटको दूरी कम होइन । त्यसमा पनि बसबाट ओर्लिएर इमाखेलदेखि चुनिखेलसम्मको करिब दुई किलोमिटर दूरीको चन्द्रागिरिको पाखो पैदलै उक्लनु वृद्ध शरीरलाई कति सकस पर्दो हो । तर पनि उहाँ कुनै झर्को र दुःख नमानी आइपुग्नु भएको थियो । यो सद्भाव, स्नेह र वात्सल्य चीरस्मरणीय छ । यसै गरी मेरो 'मिङ्गमार' (बालकथा) पुस्तकको अन्तरक्रिया कार्यक्रममा पनि मेरो घर चुनिखेलमा उहाँको उपस्थिति रहनु सुखद् अनुभुति हो । त्यस कार्यक्रममा बालसाहित्यका पुस्तक प्रकाशित गर्नुपूर्व पाण्डुलिपिमै बालसाहित्यकार एवं बालबालिकाका बिच अन्तरक्रिया गर्ने परिपाटी बसाल्ने निर्क्यौल हुँदा उहाँ नै बढी उत्साहित र संवेदनशील हुनुभएको थियो । पछि उहाँले एउटा लेखमा नै यो प्रसङ्ग जोडदारले उठाउनु भएको स्मरण छ । कति सुखद अनुभूति ! उहाँका यस्ता सद्भाव र वात्सल्य समेट्न पाउनु मेरो अहोभाग्य नै थियो । यी आत्मीयता र वात्सल्य म कसरी बिर्सन सक्छु र ! यस्ता उहाँका संवेदनशीलता, आत्मीयता र वात्सल्यलाई मैले बेला बेलामा भोगेको छु र अनुभूत गरेको छु ।

र त ! म बाबालाई हर्दम सम्झिरहन्छु । उहाँको अभाव खट्किरहन्छ हर्दम । यतिखेर पनि म बाबालाई स्मरण गर्दै छु र चीरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दैछु ।

- २०७७।८।१८
प्रतिभाकुञ्ज, तीनथाना
चन्द्रागिरि नगरपालिका १५

# मैले चिन्न नसकेको प्रतिभा बाबा (स्व रमेश विकल)



● शशी चालिसे

कहाँबाट सुरु खै समाउनै सकिनँ । बाह्र वर्ष पुगेर तेह्रौं वर्ष भयो यस धरतीबाट बिदा लिनुभएको पिताश्रीले । पश्चातापले दन्किरहेका छन् मेरा मन मस्तिष्कहरू । पिताश्रीलाई चिन्न अब ढिला भइसक्यो भन्ने आजभोलि अनुमान लगाउन थालेँ । उहाँको भित्री सरस्वतीय शक्तिलाई चिनेर नै होला साहित्य प्रतिरुचि राख्ने धेरै जना व्यक्तिहरू घर होस् वा कार्यालय जहाँ पुगेर भए पनि उहाँ भित्रका अनगिन्ति विचार/विमर्शलाई खोतली खोतली उजागर पार्दै आफुहरूमा समाहित पारेर फर्कनुहुन्थ्यो । सायद ती विचार विमर्शमा धेरै वौद्धिक ज्ञान र साहित्यका चोटिला/चोटिला दमदार मसला हुन्थे । अपसोच, ती दमदार मसलाको स्वाद चाख्ने जमर्को गरिएन । आजभोलि लाग्छ किन पछि परेँ । किन अरुले त्यो क्षणको सदुपयोग गर्दा मैले गर्न सकिनँ । अव ढिला भइसकेको छ त्यस प्रतिभालाई चिन्न । त्यसैले अपसोच र पश्चाताप वाहेक अरु के नै बाँकी रह्यो र !

प्रसङ्ग बदलौं बाबा एकसुरमा आफ्नो साहित्य लेखनकार्यमा तिव्रता दिने । बाबाका सो कार्यको कदर गर्न हामी घर धन्दामा नै रमाउने जति सबैलाई अलि असहज महसुस हुने गर्दथ्यो । कारण उहाँ समयमै खाना खान मन पराउनु हुँदैनथ्यो । घरमा चाँहि समयमै खाना खुवाएर खान पाए अरु काम गर्न सहज हुने थियो भन्दै खाना खानको निम्ति आग्रह गरिन्थ्यो । खाना खाएपछि एक गिलास शुद्ध गाईको दुध पिउने उहाँको बानी थियो । दुध लगेर सिरानी नेर टेबुलमा राखेर कोहि फर्क्यो भने त्यो दुध सेलाएर त्यसमा किटाणुले पौडि खेल्न भ्याइ सक्ने ! बिहानको चिया पनि त्यस्तै सेलाएर फाल्नु पर्ने ! त्यस्ता प्रतिभा जो लेखन कार्यबाट कहिले पनि थाक्नु हुन्नथ्यो । उहाँको त्यो प्रतिभाबाट प्रेरित हुनसकेको भए शायद साहित्यिक यात्रामा अलि फड्को मार्न सकिन्थ्यो होला तर मैले त्यो अवसरको सदुपयोग गर्न सकिनँ ।

बाबा राति अबेरसम्म बस्नुहुन्थ्यो । सुत्नेबेला एक चिलिम तमाखु र दुईटा बर्फी वा पेडा उहाँको नियमित खानामा गनिन्थ्यो । म पनि राति अबेरसम्म पढेर बस्थेँ । बिहान उठ्न अल्छि गर्थें । पहिलेका पुराना चलनका घर अहिलेको जस्तो घर भित्रै शौचालय/वाथरुम हुँदैनथ्यो । घरको आँगन भन्दा केही पर शौचालय जानु पर्ने । रातको बाह्र एक बजिसक्दा पनि बाबा निदाउनु हुँदैनथ्यो । उहाँको निद्रा सारै नै पातलो थियो । मुसाको चालमा पढिभ्याएर बाबाले थाहा नपाउने गरी शौचालय जान्छु । अनि त तमाखु हाल्नुपर्दैन भन्ने दिमाग लगाउँदा पनि बाबाले सुत्ने कोठाबाट सोध्नुहुन्थ्यो को शशी हो ? एक चिलिम मिठो तमाखु खुवाऊ है । धर्मसङ्कटमा पर्थें, नाईं भन्न संस्कारले दिँदैनथ्यो । त्यसमा पनि जन्मदाता । अझ ढिला जसले तमाखु भरेर लगिदिन्छ बाबाले त्यसलाई लुकाएर बर्फी खान दिने गर्नुहुन्थ्यो । बाबा तमाखु खाने हुँदा भान्छाबाट मकलमा गोल भरेर बाबा सुत्ने कोठाको बाहिर प्यासेजमा राख्ने चलन थियो । बिस्तारै गोल फुकेर आगो बनाइ तमाखु हालेर बाबाको कोठाको हुक्का माथि राखिदिए पछि एक टुक्रा बचाएर राखेको बर्फी लाउ खाउ भन्दै सुटुक्क दिनुहुन्थ्यो । केटाकेटी बुद्धि रातको बाह्र एक बजे त्यसरी बाहिर निस्कँदा त बाबालाई थाहा दिन्न सुटुक्क बाहिर गएर आउँछु भन्दा पनि बाबाले थाहा पाई हाल्नुहुन्थ्यो । यसले उहाँको निद्रा सारै पातलो थियो भन्ने कुराको पुष्टि गर्दछ ।

साना बच्चालाई असाध्य रुचाउने कोमल हृदयको बाबा केटाकेटीलाई असाध्य माया गर्नुहुन्थ्यो । उहाँ केटाकेटीलाई कहिले पनि गाली गर्नु हुन्नथ्यो । ५२ साल तिर जब म प्रज्ञामा जागिरको सिलसिलामा गएँ मेरी जेठी छोरी स्निग्धा एक वर्षकी

मात्र भएकी थिई । त्यहाँ बिभिन्न विभागका गोष्ठी कार्यक्रमहरू हुने गर्दो रहेछ । असार २९ गते बिहानै भानु जयन्ती कार्यक्रम मनाउन म पनि बाबासँगै नानुलाई लिएर प्रज्ञा भवन गएँ । बाबा र अरु प्राज्ञज्यूहरू अतिथिको रूपमा ड्यासमा बस्नुभएको थियो । छोरी असाध्य छुकछुके एकै ठाउँमा नबस्ने बाबालाई देखेर त्यही ड्यासमा झम्टन पुगी । अब बाबाले मलाई घर फर्कँने बेलामा गाली गर्नुहुन्छ भनी म डरले थरथर भएँको थिएँ । कार्यक्रम सकियो । घर फर्कँने क्रममा बैरागी काईंला,अशेष मल्ल र बाबाको रुट मिल्ने हुँदा एउटै गाडीमा बसेर घर जाने प्रबन्ध मिलाइएको थियो । म पनि बाबासँगै घर जान भनी छोरीलाई लिएर डरैडरले गाडीमा बसेँ । प्रसङ्ग बस् छोरीको कुरा उठ्यो । मैले भने आज नानीले कस्तो बोर गरी । त्यतिकैमा अशेष मल्ल सरले भन्नुभयो - बच्चाले त्यति छुकछुक नगरे बच्चाहरू सुस्त मनस्थितिका भैहाल्छन् नि । बच्चाहरू चल्छन् त के भो । त्यति अशेष सरले के भन्नु भएको थियो बल्ल मेरो मन शान्त भयो । त्यतिबेला कोही पनि रिसाउनु भएको रहेनछ । यस घटनाले पनि बाबाको बच्चाहरू प्रति हेर्ने दृष्टिकोणलाई प्रष्ट पार्दछ ।

बाबा मिठाइ खान असाध्यै मन पराउने । जव बाबालाई प्रेसर र सुगरले छोयो डाक्टरले उहाँलाई बर्फी र तमाखुमा बन्देज लगाएको थियो । बाबा गोष्ठीमा सुटुक्क मिठाई खानु हुँदो रहेछ । एकदिन मैले देखिहालेँ र भने बाबा त्यो मिठाई नखानुहोस् । उहाँले भन्नुभयो कहिलेकाहीँ त हो नि । आज यो एउटा खान्छु मलाई नरोक । त्यसरी मिठाईमा उहाँ आफ्नो मनलाई थाम्न सक्नुहुन्नथ्यो ।

शारिरिक अवस्था अलि सहज हुँदा प्रज्ञामा आफै आजीवन भत्ता लिन जाने गर्नुहुन्थ्यो । मेरो अफिस (कार्यकक्ष) तलै थियो । उहाँ मेरो कार्यकक्षमा नआई अन्त फलानालाई भेटेर आउँछु भन्दै ठुलो भवनको तीन तलामाथि सिढी चढेर जानुहुन्थ्यो । हाई ब्लडप्रेसरको मान्छे त्यतिमाथि सिढी चढेर जाँदा अप्ठ्यारो होला भन्दै म बाबासँग कराउँथे र क्यान्टिनमा खाजा खाएर मात्र घर जान अनुरोध गर्दथेँ । सोध्ने गर्थें कसले के खान दियो माथि ? जवाफमा छैन भन्नुहुन्थ्यो । अनि भन्थेँ म छोरीलाई जति माया अरुलाई कहाँ हुन्छ त भन्दै खाजा खुवाएर गाडीमा चढाएर घर पठाउथेँ ।

बाबा सारै स्वभिमानी र अरुले भन्छन् भनी डराउने । मेरो विवाह पश्चात् म केही वर्ष आरुवारीमै बसेँ । बच्ची सानै थिई । अरुले सधैँ छोरीलाई अफिसको गाडीमा राखेर लग्यो भन्छन् रे भनी बाबालाई घरमा पुऱ्याउने गाडीमा बाबाले मलाई सँगै लैजानु हुँदैनथ्यो । आरुबारी ऐलेजस्तो सुगम थिएन । बस समयमा आउँदैनथ्यो धेरैबेरसम्म कुर्नुपर्ने । म घरमा पुग्दा कहिलेकाहीँ त रातिनै हुने गर्थ्यो । एकदिन आमा रिसाएर कराउनुभयो । तपाईँ कति निष्ठुरी बाबु ! छोरी राति अबेर आउने । तपाइँ भने रित्तो गाडीमा एक्लै आउने । भन्नेले भन्दै गर्छ भन्नलाई कसले बाँकी राख्छ । तपाईंले गाडीमा ल्याए पनि नल्याए पनि कसैले ल्याएन भन्दैन क्यार । त्यति आमाले भनेपछि भोलिबाट गाडीमा लान थाल्नुभयो ।

बाबाको स्वाभीमानी स्वभावले गर्दा बाबा आफ्नो निम्ति कसैसँग पनि केही सुविधा माग्नु हुन्नथ्यो । एक दिनको कुरा हो । मोदनाथ प्रश्रित शिक्षा मन्त्री हुँदा एक जना छिमेकी दाइले बाबालाई मोदनाथसँग भेटाई दिन आग्रह गर्नुभयो । बाबाले सुरुमा त इन्कार गर्नुभयो । पछि सारै जोड गरेपछि भेट गराइ दिन जानुभयो तर ती महासयले ज्वरो आएको बहानाले भेट गर्न चाहेनछन् । एकपटक रेडियो नेपालमा एउटा कार्यक्रम भयो । तिनै महासयलाई प्रमुख अतिथि बोलाइएको रहेछ । बाबा त्यहाँ पुग्ने वित्तिकै त्यो कुरा थाहा पाएर त्यहाँबाट उठेर निस्कनु भयो । म पनि साथै गएकी थिए । बाबालाई ती व्यक्तिलाई त्यस्तो व्यवहार गर्न उनकै व्यवहारले बाध्य पुऱ्याएको रहेछ भन्ने कुरा बाबाको एउटा लेख पढेर जानकारी पाइयो । त्यसैले बाबाका स्वभिमानमा ठेस पुर्‍याउने खालका कुरामा हामीले कहिल्यै बाबालाई उत्तेजित पारेनौँ ।

बाबाका बहुमुखी प्रतिभाका कारण कहिले काहीँ बाबा हालको रमेश विकल प्रतिष्ठान रहेको पुरानो घरको कौसीको डिलमा बसेर बाँसुरी बजाउनु हुन्थ्यो । त्यसरी एकसुरमा कौसीको डिलमा बसेर बासुरी बजाउँदा लड्नुहोला भन्ने डर लाग्थ्यो । अनि सम्झाउँथ्यौँ बाबा ! लडिएला एक सुरमा बजाउँदा । बाबा भन्ने गर्नु हुन्थ्यो लडिन्न । तर हामीहरू डराउथ्यौँ । हाइ प्रेसर भएको मान्छे कतै लडेर चोट लाग्यो भने ? तर मान्नु हुन्नथ्यो । आफ्नो शुर गरेरै छोड्ने । यस्ता अनगिन्ती संस्मरण हाम्रा मानसपटलमा ताजै छन् । जेहोस् बाबाको प्रतिभालाई ढिलै भए पनि बुझ्न सकियो भने उहाँको आत्माले शान्ति पाउने नै छ र सधैँ बाबाको मार्गदर्शन पहिल्याउँदै अगि बढ्न सकौँ । हार्दिक श्रद्धाञ्जली बाबा ।

- चन्डोल

◆ ◆ ◆ ◆

# आँखामा अविरल : रमेश विकल



● कणाद महर्षि

प्रस्तुत शीर्षकमा नै मैले कविता लेखिसकेको हूँ र रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक ( स्मृतिग्रन्थ) मा प्रकाशित भइसकेको छ।  तथापि शीर्षक दोहोऱ्याएँ र लगभग कुरा पनि उस्तै र उस्तै छन् । मात्र फरक के हो भने त्यो कविता थियो यो गद्य संस्मरणमा केही तानतुन पार्न खोज्दैछु ।

●●●

त्यस समय म राष्ट्रिय बाणिज्य बैंक हेटौंडा शाखामा कार्यरत थिएँ । २०४१ साल कार्तिक २५ गतेका दिन लेखनाथ शतवार्षिकोत्वको अवसरमा मकवानपुर साहित्य परिषद्ले बृहत् काव्य समारोहको आयोजना राखेको हुँदा अघिल्लो दिनमै विभिन्न ठाउँबाट साहित्यकारहरूको आगमन भयो । काठमाडौंबाट आउने मध्य रमेश विकल मेरो पूर्व परिचित , छिमेकी , अग्रज,अभिभावक जे भने पनि हुनेलाई मैले आफ्नो वासस्थानमा व्यवस्था मिलाएँ ।

पहिले देखि थाहा भएको र जहिले पनि उहाँ चाबेलबाट घर आरुवारी फर्किने बेलामा धनदाइको होटल( चिया पसल) बाट पेडा वा बर्फी किनेर लैजानु हुन्थ्यो । सबैलाई थाहा भएकैर सुनेकै कुरा हो त्यो खाएर मात्र उहाँ सुत्नु हुन्थ्यो ।


यहाँ पनि सुत्नेबेलामा के गर्ने होला भनेर म सोच्दै थिएँ उहाँले नै अब सुत्ने होइन ? ल ! तिमी पनि खाउ भन्दै मलाई दिएर आफू पनि पेडा खाएर सुत्नु भयो । म छक्क परें ।

●●●

भोलिपल्ट बिहान घुम्दै कार्यक्रम स्थल जान लाग्दा उहाँको तनमा केही चिसो भएको हो कि जस्तो मेरो मनमा लाग्यो र उहाँले नमान्दार नमान्दै आफ्नै जिद्दीले स्विटरको व्यवस्था (नजिकैको पसलबाट किनेर) मिलाएँ ।

उहाँलाई के लाग्यो र के सोच्नु भयो कुन्नि ! उहाँले साझा प्रकाशनको हेटौंडा स्थित बिक्री र वितरण कार्यालयबाट खरिद गरेर उहाँकै पुस्तक  अविरल बग्दछ इन्द्रावती  भाइ कणादलाई सस्नेह लेखेर हस्ताक्षर सहित मलाई दिनुभयो ।



त्यति लामो हाम्रो बसउठमा उहाँबाट मैले हस्ताक्षर सहित पाएको पुस्तक त्यो नै प्रथम र अन्तिम हो ।  र यो संझना मेरो जीवनमा कहिले नबिर्सने संझना हो ।

- चाबेल काठमाडौं
मो. ९८४१६२६६२६
email : kanad.maharshi@gmail.com

◆ ◆ ◆ ◆

# नयाँ सडकको गीत धेरैपटक पढेँ



● प्रा.डा.मुकेशकुमार चालिसे

आख्यानकार रमेश विकललाई म धेरै अघिदेखि सायद चालिसे भएर होला, रमेशदाइ नै भन्न रुचाउँछु। हुनत, उमेरले र मेरा बाको पनि अग्रज विकलज्यु हुनुहुन्छ, तर मेरा नातेदार सबैले दाइ भनेकाले पनि होला म त्यसै भन्छु। भन्नत, मैले रमेश बिकलका जेष्ठ पुत्र विजय चालिसेलाई विजय दाई भन्नु पर्ने हो तर खोई कहिलेकाहीँ बाहेक विजयजी भन्दा आनन्द लाग्छ। रमेशदाईलाई सम्झँदा चारवटा कुरा सँधै मनमा आउँछ- रमेशदाइले दिउँसोभरी बस्ने गरी आइजो न भनेको, रचना सकेपछि पेडा खानुहुन्थ्यो रे, अमेरीकामा पतझडको बेलाको लम्बुकोट लगाएको फोटो र नयाँ सडकको गीत।

विविध कार्यक्रममा भेटहुँदा रमेशदाईसँग कुशल क्षेम सोधपुछ तथा विशेषगरी मेरा बाको बारेमा सोध्नु हुन्थ्यो। मैले बिद्यावारिधि गरेपछि विविध सञ्चार माध्यममा छिटपुट समाचार तथा लेख आउन थालेपछि हाम्रो भेटाईमा अलि सहजता र सरसता आएको थियो। एकपटक किताबहरू निकालेको छस् भनी सोध्नुभएथ्यो। रामहिटीतिर हुने कार्यक्रममा जानलागेपछि अलि भेट हुन्थ्यो। एकपटक घर आउने निम्तो पाएपछि म उहाँबस्ने बार्दली भएको, रातो पुरानै घरमा पुगेथेँ। त्यतिखेर विजयसँग पनि भेट भएथ्यो। हामी काठमाडौँ डेरागरी काठमाडौँ पढन बस्दा बाको ललितपुर सरुवा भएपछि नेशनल कलेजमा राती पढन थाल्नु भएथ्यो, त्यतिखेर सायद विजयपनि सँगै पढने जस्तो लाग्छ, त्यही सन्दर्भको कुरा भएथ्यो। निकैबेर साहित्य र प्रकाशन गर्ने कुरा भए, हाम्रो प्रेसभएकाले पनि त्यो कुरा चलेको होला। त्यतिखेरसम्म हामीले श्यामप्रसाद, वाशुदेव लुईँटेल आदिका केही पुस्तकहरू छपाइ गरिसकेका थियौँ। बाको निधनपछि भेट हुँदा स्वास्थ्य ठ्याक्कै उमेर सोध्दा निकै गम्भीर हुनुभएथ्यो। अभिभावाकीय शैलीमा 'यसो भेटदै गर है' भन्नुभएथ्यो। अबिरल बग्दछ ईन्द्राबतीको टेलीसिरियलको अपार जनजनको प्रशंसा पछि एकपल्टको भेटमा उहाँले 'दिनभरी कुरागर्नेगरी आइजो है' भन्नुभएथ्यो, मैले गम्भीरतापूर्वक लिइनछु, कहिल्यै जान अनुकुल मिलाइन। पछिल्लो समय एक पटक दोहोऱ्याउनुभएथ्यो, म जाने भनि समय तथा छलफलको विषय गम्दै थिएँ, अफसोस ! उहाँ रहनुभएन। मलाई भन्न खोजेको कुरा थाहापाउन सकिन र अहिले निकै पश्चाताप लाग्छ।

हरेक रचनाकार वा चर्चित व्यक्तित्वका केही न केही साधारण तर उल्लेखनिय र कौतुहल जगाउने जनभनाई बजारमा हुन्छ। रमेशदाई बारेमा ०२७ सालपछि काठमाडौँ आएपछि मेरा नातेदार र आफन्तीबाट सुनेको एउटा भनाई, प्रायः रातको खानापछि आफूले अठोटको रचना सकेपछि पेडा खानुहुन्थ्यो रे। एकजनाले दुइटा पेडा होईन बम्बैसन हो भने। अझ थप के पनि थपेभने उहाँले लेख्न बस्ने ठाउँनजिक प्लेटमा तयारी हुन्थ्यो रे पेडा। आफ्नो रचना सकेपछि सन्तोषको त्यो पेडा खवाई एघार बाऱ्ह बजे राती पनि हुनसक्थ्यो रे। मेरा भाइ मधुको दोस्ती रमेशदाईको कान्छा छोरा महेन्द्रसँग ०३२ सालदेखि थियो। पब्लिक युथ कलेज, धोबीचौरमा दुबै सहपाठी, बेलाबेला भाई आरुबारी जाने तर उसले मेरो सोधाईमा सायद ध्यान दिएन कुनै खबर ल्याएन। त्यसपछि रमेश दाइका परिबार, नातेदार र सहकर्मीहरूसँग भेट त भए तर यो प्रसङ्गको चर्चा र निर्क्यौल हुन पाएन, अब उहाँ हुनुहुन्न, मेरो कौतुहलता त्यसै सेलाउने छाँट छ ?

काडमाडौँ आएपछि नयाँ सडकको अमेरीकी लाईब्रेरीमा पत्रपत्रिका हेर्नजाने क्रममा श्वतन्त्र विश्व भन्ने नेपाली पत्रिका पनि हेरिन्थ्यो। नेपालबाट विभिन्न परियोजना र छात्रबृत्तिमा अमेरीका जानेको अनुभव, लेख तथा एक किसिमको प्रचारपनि गरिएको आलेख हुन्थ्यो। एउटा अङ्कमा रमेश दाइको अमेरीकामा पतझडको बेलाको लम्बुकोट लगाएको फोटो सहित सानो परिचय छापिएको चित्र अझै झल्झली सम्झन्छु, त्यसमा त्यो बगैँचाजस्तो

रुखहरू भएको बाटोमा उहाँ बिदेशीसँग टहलिरहेको तर मन्द मुस्कुराई रहेको फोटो सहित लेख थियो। मैले त्यो श्वतन्त्र विश्व सङ्कलन गरेथैं, तर त्यसपछि बसाई ओमबहालबाट बागबजार अनि पुल्चोक, सातदोबाटो, एक दशक जति जनसेवाको राजनीति गर्दा र हाल महालक्ष्मिस्थान सर्दा धेरै पुराना बहुमुल्य सङ्कलन मेरो अनुपस्थितिमा नष्ट भए वा थोत्रा कागज बटुल्नेको हात परे। अहिले रमेश दाइको त्यो फोटो भएको पत्रिकासँगै थुप्रै अरु अब अप्राप्य र विभिन्न कारणले मसँग सँग्रहीत कतिपय लेखकका पञ्चायत र अञ्चलाधीसको जफतमा परेका कृति नभएकोमा सुस्केरा लिनुबाहेक धमिलो सम्झनामात्र रह्यो।

मैले नयाँ सडकको गीत पढनु बाहेक अरु उपरोक्त आफूसँग भएका कुरा अब अनुभूत गर्न पाइन।

रमेश दाइका रचनाहरू प्रायः सबै पढेको छु होला जस्तो लाग्छ, बजारमा उपलब्ध जती। तर सम्झनामा रहने सबैभन्दा बढी चैं नयाँ सडकको गीत नै हो। हुनत पछिल्लो खेप अबिरल बग्दछ ईन्द्रावतीको चर्चा र जनजनमा बसेको नबिर्सने कथा बन्यो सायद मध्यम बर्गभन्दा माथिकाले टेलीसिरीयल हेर्न पाएकाले पनि होला श्रव्यदृष्यको छाप।

सायद २०२२ तिर होला, हामी गुलरीया, बर्दियामा बस्थ्यौं। त्यतिखेर भारत भएर काठमाडौं आउनजान पर्थ्यो, गुलरियाबाट नजिकको मुर्तिहा भन्ने ठाउँमा भारतीय रेल चढन जाने अनि त्यसले गोण्डासम्म लैजान्थ्यो, त्यसपछि गुवाहाटी मेल समात्यो भने भोलिपल्ट दिउँसो मुजफ्फरपुर अनि अर्को रेलबाट सुगौली त्यसपछि अर्कोबाट रक्सोल आइन्थ्यो। त्यहाँबाट बीरगञ्ज आयो बास बस्यो, भोलिपल्ट बिहानै नेपाल ट्रान्सपोर्ट सर्भिसको सरदारले चलाएको बसबाट जीतपुर, अमलेखगञ्ज, चुरेको सुरुङ, हेटौंडा, त्रिखण्डेश्वर मन्दिर, भैंसे, बाऱ्हघुम्टी, अघोर, सिमभञ्ज्याङ, दामन, पालुङ, टिस्टुङ, सोप्याङ, सातघुम्टी, नौबीसे, खानीखोला, नागढुङ्गा हुँदै त्रिभुवन राजपथबाट आउनुजानु गर्नुपर्थ्यो। दिनभरी लाग्थ्यो, प्रायः काठमाडौं आइपुग्दा रातपर्थ्यो, हामीलाई चालिसेडाँडा घरपुग्न नसकेर सकस हुन्थ्यो। जाँदा चैं रक्सोलमा रातीनै रेलचढन पाइने भएर सजिलो हुन्थ्यो। मेरा बा काठमाडौं गएर आउँदा केही नेपाली किताबहरू र केही हिन्दी पत्रिकाहरू लिइआउनु भएको थियो र हाम्रो घरमा भएका केही किताबमा थपिए। त्यसमध्ये मैले सम्झेकोमा काका हाथरसीका कहकहे र रमेशदाइको नयाँ सडकको गीत पनि थियो। बा प्रायः राम्रालागेका किताब बेलुका भात खाइसकेपछि सबैलाई जम्मागरी बाचन गर्नुहुन्थ्यो। अनि हामी केटाकेटी मन्त्रमुग्ध भइ सुन्थ्यौं। आमा कथाहरू सुन्दैजाँदा प्रायः आफैं पात्र भएभैँ पक्ष बिपक्ष लाग्नुहुन्थ्यो र आफ्नो प्रतिक्रिया तुरुन्त भन्नुहुन्थ्यो, हामीपनि सोही अनुसार हाँस्ने, गम्भीर हुने र रुने पनि गर्थ्यौं। शिसिर बसन्त दन्त्यकथामा रोएका हामी, कासावियन्का कवितामा रोएका हामी, नयाँ सडकको गीतका विभिन्न कथा सुनेर रोएका थियौं। हुनत, बा पनि कथाका हरफहरू बाचन गर्दा अभिव्यक्त भावना अनुरुप स्वरमा भन्नुहुन्थ्यो र कहिलेकाहीं आफैंपनि घुक्क घुक्क गर्नुहुन्थ्यो, त्यसको समिश्रण हामीमा नपर्ने कुरै भएन‼ हामी सबै रुने कथा कुन हो पहिल्याउन मैले काठमाडौं पढन आएर बसेपछि र हालसालै फेरी धेरै चोटी पढें।

नयाँ सडकको गीत मूलतः गाउँले परिवेसका विविध घटनामा आधारित सिमित पात्रपात्रा भएका नौवटा कथाहरू सँगालिएको सङ्कलन हो। काठमाडौं उपत्यका र यसैको काँठ क्षेत्रमा हुनसक्ने घटनाहरू तथा पात्रहरूको संयोजन सजीव ढङ्गले प्रस्तुतगर्न आख्यानकार अति नै सफल भएको महसुस हुन्छ। म आफैँ काँठमा हुर्किबढेकाले पनि त्यस्ता घटना र पात्रहरू देखे जानेकैले पनि यथार्थपरक लेखाइकाालागि लेखक इमानी कथाकार तथा आख्यानकार भएको सगर्व भन्न सकिन्छ। पहिलो कथा भञ्ज्याङको चौतारो मात्र अलिकति उपत्यकाको डाँडा तिरको वा अलिपर पहाडी भूधरातलको भएको, बर्णन गरिएको केही घटना तथा यात्रा दूरीको सम्बादबाट लाग्छ, अन्यथा हरेक कथामा कथाकार तत्कालीन सहर नजिक र पाखाभित्ताको परिवेशलाई जीवन्तताका साथ कुनै एउटा चरित्र तथा सिमित पात्र मार्फत कथानक र पठनीय बनाउन कुशलढङ्गले प्रस्तुत भएको देखिन्छ।

अहिले चलेको जातिगत रोइलोलाई बिचार्दा सङ्कलित कथामा भञ्ज्याङको चौतारो, प्रतिहिँसा, बिहानीपखको बत्ती, दुई रुपियाँको नोट र सिँगारी बाख्री कथाहरूमा मूलतः एकल जातिगत घटना, सम्बाद तथा पात्रहरूको सम्बाद र परिस्थितिजन्य, समयानुसारको सांस्कृतिक चरित्रहरू भेटिन्छन भने नयाँ सडकको गीत, लाहुरी भैंसी, बिरेकी आमा, सुबेदार रणे बुढो शिर्षकका कथाहरूमा बहुजातीय र विविध बर्गिय पात्रहरूको उपस्थिति देखिन्छ। तरपनि मूलतः सीमित पात्र तथा तिनै बिचको सम्बाद र आख्यानकै प्रबलता छ।

सबै कथाहरूमा वर्गीय शोषण, संस्कारगत अभिव्यक्ति, सामाजिक परिबेश समयसापेक्ष हुँदाहुँदै पनि रमेशदाइ आफ्नो वर्गीय धर्मितामा अटल देखिनुहुन्छ र 'रगतछाप लगाई जमानामा कम्युनिष्ट भएको र विकल उपनाम राखेको' भन्ने सुनेको कथानुरुप निम्नबर्गको पक्षमा घुमाउरो शैली र सम्बाद मार्फत प्रस्तुत हुनसक्ने खुबी राख्नुहुन्छ। कथाभित्रका सम्बादले, पात्रका मनोचिन्तनले उपरोक्त तर्कहरूको पुष्टि गरिरहेको पाइन्छ।

१. **भञ्ज्याङको चौतारो–** आख्यानकारले एउटा घटनामा भेट भएका पात्रपात्रीलाई मज्जाले स्मृतिका जलपलगाएर कुनै बेलाको सहबास र सम्बन्धको गहिरो छाप र अझैपनि हृदयको कुनै कुनामा चोपभइ टाँसिएको मायालाई उजिल्याएका छन्। उमेरजन्य तथा स्नेहले आत्मीय भएका जोडी कसरी समयक्रममा तत्कालीन समाजको नियतिमा छुट्टिंदा कसरी बिभिन्न सिरेटोले छिन्नभिन्न पारी जीवन नै निःस्सार बनाउँछ भन्ने बोध गराएको आभास हुन्छ। सामाजिक परिबेश र दैनिक आवश्यकताको मनोदशाले मानिसलाई क्षणिक बाध्यतामा कसरी परिवारको विखण्डनसम्मको निर्णय गराउन सक्दो रहेछ भन्ने पनि प्रष्ट्याउन सफल भएको जस्तो लाग्यो- भञ्ज्याङको चौतारो। यसकथामा साऱ्है मन छोएका हरफमा पूर्वआत्मीय जोडीका नभेटीने गरी पुनः छुट्टिंदाको बिषाद छ। अन्तिमतिरका हरफ- '...पातली..घुम्ती

घुम्ने बेलामा ...एकपटक पछाडि फर्केर हेरी । ती आँखा विवश थिए ।...जीन्दगी यस्तै हो ... ।'

२. **प्रतिहिँसा–** निम्नवर्गीय आर्थिक चारित्रिक अवस्थाका जोइपोइमा देखिएको काल्पनिक शङ्का भरमा उब्जनसक्ने पुरुषजन्य अहम तथा आपसी सद्भाव र सल्लाह बिना देखाउने महिला कमजोर चरित्र खुलाउन सफल छ- प्रतिहिँसा । त्यस्तो निम्न सांस्कृतिक स्तर तथा सामाजिक परिबेशमा पनि एक अर्काप्रतिको आफन्ती आत्मीयता र स्नेहलाई कति सरल र जनभाषामा अभिव्यक्त गरिएको छ झगडा र रिसको अन्तिम तिर- ..'हेर है, मलाई ज्यादा रिस नउठा, म गिँडिदिउँला । ... ताप्केमा ढिँडो सिउरेको छ, गएर घिच । यसपटकको उसको 'गिँडिदिउँलामा' मा के थियो कुन्नि पुतलीको भक्कानो फुट्यो ।'

३. **लाहुरी भैँसी–** हाम्रो नेपाली परिबेशमा जरागाडेर बसेको र अझै बिभिन्न तहमा बिद्यमान सामन्ती षडयन्त्र, नवउदारवादी र पूँजिबादी तिकडम, भजन मण्डलीको जगजगी, पहुँच विहीनलाई झ्याक्ने र त्यस्ताको उन्नति आभाष भएमा उठन नदिने मनोवृत्तिलाई छर्लङ्ग घामजस्तै पारिदिएको देखिन्छ- लाहुरी भैँसीमा । द्वारे बा र तिनको षडयन्त्रमा मतियारहरूको संयुक्त मोर्चाको घृणित जितपछिको अभिव्यक्ति बडो हृदयस्पर्शि तथा कलात्मक छ- '...द्वारे र रामेले एकै पटक आँखा उठाएर लुखुरेको घरतिर हेरे । डाँडाबाट ओर्लेको साँझको मट्याइलो छायाँले क्रमशः मट्याइलो पार्दै लगेको लुखुरेका बाबु-छोराको आकृति एक टक लाहुरीतिर हेरीरहेका थिए ।'

४. **नयाँ सडकको गीत–** पुस्तक शीर्षकको नाम पाएको गर्विलो कथा नयाँ सडकको पदमार्गमा मागेर बस्ने अन्धो माग्ने र उककी राम्री जहान सानीको हो । माग्ने क्रममा न्यून दर्जाका मानिसबाट पाएको मानसिक र निर्लज्ज ताडनालाई यथार्थपरक बर्णनले भरिएको कथा हो- नयाँ सडकको गीत । जहानियाँ शासनको अन्त्य, दलहरूको लडन्त, पुर्नरुत्थानबादीको जगजगी, शंसदीय व्यवस्था, दलहरूको गुटगत गतिविधि र देश र जनताको बेवास्ता, अर्कोखाले प्रजातन्त्र, अनि अर्कोखाले, जनताभन्दा सीमित व्यक्तिको चाहना र दलालीस्वरुप पाएको अन्यत्रको खाँचोटार्ने भनाईको मात्र प्रजातन्त्र नेपालीले व्यहोरे । जनताको साँचो प्रजातन्त्र नेपालमा कहिल्यै अनुभूतगर्न नपाएको र बि.सं. २०१९ सालतिर लेखिएको कथाले पनि २०७७ सालमा प्रतिनिधित्व गरिरहेको तथ्य आख्यानकारको जीबन्त अभिव्यक्तिबाट पाइन्छ- '...प्रजातन्त्र... नागरिक... मित्रराष्ट्... पाहुना... स्वागत ... दिल खोलेर... 'अँ, प्रजातन्त्र आएको कति भयो ? ... निकै वर्ष भयो, निकै वर्ष...' अन्धो बडबडाउँथ्यो । ... आधुनिक सभ्यतासँग ...सुर मिलाएर... भारी भारी धर्म होस् ।'

५. **बिहानीपखको बत्ती–** अनमेल र सनातनी बिबाह सम्बन्धको मानसिक पीडा घुमाउरो तरिकाले अभिव्यक्त कथा हो । त्यस खालका सम्बन्धबाट उद्वेलित उमेरजन्य आकर्षण तथा पीडा साथै संस्कारगत मानसिकताले स्वीकारोक्ति समेत प्रष्ट प्रेषित मनोविज्ञानपूर्ण कथा हो- बिहानीपखको बत्ती । बिचार र वर्गसापेक्षता नभइ गाँसिएका शारदा र उस्को रोगी लोग्नेको सम्बन्धहरू कति पीडादायी हुन्छन् भन्ने देखाउन सफल छ भने अनमेलताको विकल्पमा उभिएको पारिपट्टिको कोठामा अध्ययनमा निमग्न केटाप्रतिको सहानुभूतिपूर्ण आकर्षण समयसापेक्ष नैतिकताको अगाडि अपराधबोध भएको बर्णन साऱ्है मनछुने छ । कलात्मक अभिव्यक्तिमा यो कथा पनि अब्बल छ, अन्तिमतिर ... 'मट्याइलो प्रकाश... रुग्ण मानिसको उडिल्लो पुर्पुरो र डाँडोजस्तो नाकको छाया ... आफ्नो उदास छाया...' ।

६. **बिरेकी आमा–** आर्थिक रुपले निम्न वर्गकी तथा साँस्कृतिक रूपले पिछडिएकी एउटी विधुवा, निःसहाय तर अझै सामान्य शारीरिक श्रमगर्न सक्षम र उस्को उरन्ठेउलो छोरोको कथा हो- बिरेकी आमा ।

समकालीन अवस्थामा चर्चित लेखक बन्ने उपायको खोजीमा रहेका लेखक विभिन्न उपल्लो दर्जाका कथाका विषयबस्तु छनौट गर्दै रहेकोमा श्रीमतिको टोकाइको परिणाम गतिलो कथा छान्न नसकिरहेको अभिव्यक्त गर्दै समयसापेक्ष 'राम्रो लेखक बन्ने तरिका, राम्रा स्तरीय कथाका उदाहरण, उच्चस्तरका कथाका नमुना' जस्ता प्रचलित मान्यता बिपरित निम्न वर्गका मानिसका कथा व्यथा पनि मानव इतिहासका उच्चस्तरका कथा हुन्छन भन्ने प्रमाणित गर्न 'बिरेकी आमा' अघि सारेको प्रतीत हुन्छ । यो पढदा मलाई अक्टोबर क्रान्तिताका मस्कोका मजदूरहरूले मालिकको दमन बिरुध्द गरेको आन्दोलनको एक सिनेमा दृष्यमा एक वयस्क महिला मजदूरले त्यो मालिकलाई आमाचकारी गालीगरेकी तर तीनका वरीपरी बस्ने मजदूरले स्वभाविक ढङ्गले लिई प्रतिक्रया नदिएको तथा हामी हेर्ने दर्शकले पनि त्यो फोहरी शश्द सहज र घतलाग्ने गरी लिएको सम्झना भयो । वास्तवमा जनजिब्रोमा आएका विभिन्न शब्दलाई जस्ताको त्यस्तै हरेक कथामा साहित्यिक मर्मसहित उतार्न आख्यानकार सफलभएको पाउँछु । श्रीमतिको मुखारबृन्दबाटै भएपनि- ... 'बिचरी हजारै गरिब भए पनि कसैको कनिकाको गेडासम्म पनि सित्तैं खाइन है... यो गाउँमा त्यो बिचरीको पसिना नपचाउने पनि कुनै भएनन्... ' भनि निम्न वर्गिय शोषण र तिनको श्रमप्रतिको समर्पणलाई यथेष्ठ उच्च सम्मानगर्दै त्यस्ता पात्रनै कथाका विषयबस्तु अथवा नायक हुन सक्छन भनि प्रमाणितगर्न लेखक उद्यत देखिनुहुन्छ ।

७. **दुई रुपियाँ नोट–** निम्न आर्थिक अवस्थामा विभिन्न शोषणगर्न दलाल प्रवृत्ति कतिसम्म तल झर्छ र जीवनयापनको उपार्जनकालागि बाध्य बनाई मानिस कसरी माखेसाङ्लोमा पारिन्छ भनी प्रष्ट पारिएको कथा हो- दुई रुपियाँको नोट । सामाजिक परिवेश तथा वर्गीय चेतनाको अभावमा मानिसहरू चलाएको भ्रमअनुरुप भाग्य, कर्ममा विश्वास गर्ने, बाँच्नकालागि सहज वातावरण बनाउन कलुषित मानिसहरूको षडयन्त्रमा नजानिदो किसिमले अल्झन पुग्ने यथार्थता कथाको मूल आशय देखिन्छ । स्तर अनुसार सोचाइको सरलता र उपल्लो दुष्परिणामको कम आकालन पनि सन्देशको रूपमा लिन सकिन्छ ।




प्रलेसको छैठौं सम्मेलनमा भैरव रिसाल, रमेश विकल, श्यामप्रसाद र केवलपुरे किसान, डा. मुकेशकुमार चालिसे त्रिवि स्मृति भवन, कीर्तिपुर २०५९



सत्यमोहन जोशी, श्यामप्रसाद, शक्ति लम्साल, रमेश विकल, रमेश विकल साहित्य प्रतिष्ठान २०६३ मङसिर १५

८. **सिँगारी बाख्री–** काम छउन्जेलको भाँडो काम सकिएपछि ठाँडो भनिने उखान जस्तै उपयोगिताबादको राम्रो उदाहरण हो- सिँगारी बाख्री। बाख्रीको मनोविज्ञान उधिन्दै कसरी आफूसँग जोडिँदा प्यारो, राम्रो र मूल्यवान तथा काम वा नाफा नआउने भएपछि बेकामे र न्यूनमूल्यको ठानिन्छ अहिलेको पूँजिप्रधान समाजमा भन्ने उदाङ्गो पार्न सक्षम छ यो कथा। राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा विभिन्न गुट/उपगुट र शक्तिशाली भनिएका देशले सञ्चालन गरेका आफ्ना दलालहरू कामदिन छाडेपछि वा त्योभन्दा सबल भेटेपछि पुरानोलाई लत्याउने साथै खतरा भए सिध्द्याउने क्रियाकलाप सामान्य देखिए झैं बाख्री हटाउने कथा अद्यावधिक प्रयोगसिध्द र प्रमाणिक देखिन्छ। '... कथंकदाचित् सुईंकै नपाई प्याक्क भैदिई भने ... यता पनि नोक्सान, उता पनि नोक्सान। आफ्ने भनेर छातीमा टाँसिराख्नु हुन्न क्यार, माया त मार्नै पर्छ। ... ' आखिर उपयोगिताबादी आजको समाजले जीवितलाई पनि विनिमय तथा बिक्रि मूल्यका आधारमा मूल्याङ्कन गरेर अवमूल्यन नै गरिरहेको हुन्छ।

९. **सुबेदार रणे बुढो–** उमेर ढल्किँदै गएपछि मानिसमा स्वान्त सुखायकोलागि पनि आफ्नो विगतको प्रशंसानै खोज्छ वा रमाउँने स्वभाव आउने झलक दिन्छ यस कथाले। साथै मानिसको अभिव्यक्ति उस्को भोगाइ, सिकाइ तथा प्रभावपर्ने कालखण्डले गर्दा हुन्छ भन्ने सन्देश दिन सफल छ- सुबेदार रणे बुढो। कयौं मानिसहरू परिवर्तित समयानुसार नसोच्ने वा आफ्ना कुरामा अडिग हुन्छन्। राम्रो र प्रगतिशील कुरामा अडिग हुनुत ठिक होला तर पुरातनपन्थमा हुनु त रणे बुढोजस्तै दुःख र एकान्तमा मर्नु मात्र हुन्छ। उधोमुन्टिएका विचारहरू रणे बुढोको लयमा- '... मोहन समशेरलाई क्यानाम लखेटे रे... कस्तो उल्का, कस्तो नहुने कुरा! ... हे ईश्वर अब के होला ... हाम्रो दिन क्यानाम पुग्यो अब ... पुग्यो।' विभिन्न बहाना र भ्रममा देशभित्र छरिएका विभिन्न वाद र तर्कहरू यसैगरी सुस्केरा काढने दिन कहिले आउला भनी अहिले २०७७ सालमा पनि नेपाली जनमन सोचिरहेको अवस्थामा यस कथाले थप उद्वेलित र उर्जा थपेको आभाष हुन्छ।

सरसरती बर्णनमा रमेश दाइको यो सङ्कलन ठेट सामाजिक विषयवस्तुमा पात्रहरूको निख्खर चयन, बोली, भाषा, लवाइ तथा दैनिन्दिन गतिविधि जस्ताकोत्यस्तै कथानक साहित्यमा उतार्न सफल हुनुभएको पाइन्छ। सामाजिक उतार चढाव तथा विभेद कहलिएका जानिफकार वा ठालुबाट हुने तिकडम, षडयन्त्र र निरीह पात्रमाथिको गुलियो पोतिएको विष बान्ता गराउन आख्यानकार सबलरूपले सक्षम भएको पाइन्छ, सायद त्यस्तै अवस्थाको बर्णन हामी मध्यम वर्गीय आर्थिक प्रणालीमा हुर्केका कामी केटाकेटीलाई रुवाउने प्रमुख कारण थिए होलान। विभिन्न गुटकाले रमेश विकल कतापट्टिका भनी गरिने निम्छरो सोचाइको प्रतिउत्तरमा प्रस्तुत समग्र कथाहरू जबर्जस्त वर्गधर्मिताको पकड बनाइराख्न २०१९ कै सेरोफेरो देखि सक्षमरहेको प्रमाणको रुपमा अझै शक्तिसाल भै उभिएको पाउँछौ।

मेरा सङ्कलनमा रहेका रमेशदाइका फोटाहरूमा तलका दुई उहाँप्रति श्रध्दाञ्जली स्वरुप राख्न चाहान्छु।

-लपु गोदावरी, चालिसे डाँडा

# स्रष्टा कि त आफ्नो रचनामा बाँच्छ या त सन्ततिको रगतमा !



● निर्मल अर्याल

नेपाली साहित्यप्रति बाल्यकालदेखि नै विशेष लगाव भएकाले आख्यान विधाका देदिप्यमान नक्षत्र रमेश विकलप्रति मेरा सदा उच्च सम्मान रहँदै आएको छ। त्यसैले यो सस्मरण आलेखको शीर्शक पनि वहाँकै शब्द बांणीलाई उद्रित गरें ! भेगीय (जोरपाटीवासी) र पारिवारिक निकटता (मेरा पूजनीय ठूलो बुबा मूर्धन्य व्यङ्ग्यकार भैरव अर्याल र विकल घनिष्ठ मित्र हुनुहुन्थ्यो) का हिसाबले पनि विकलप्रतिको मेरो सान्निध्यता अझ प्रगाढ छ। विक्रम सम्बत् २०५० को दशकमा विद्यालयस्तरमा हुने विविध साहित्यिक तथा सांस्कृतिक कार्यक्रममा प्रमुख तथा विशिष्ट अतिथिको रूपमा म विकललाई मञ्चहरूमा प्रत्यक्ष देखिरहन्थें। यसैक्रममा मैले २०५६ सालमा विकलको हातबाट पुरस्कार तथा प्रमाणपत्र प्राप्त गर्ने सौभाग्य पाएँ। अरुणिमा अल्मुनाई एसोसिएसनले आयोजना गरेको विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितामा सान्त्वना स्थान हासिल गरेबापत् मैले प्रमुख अतिथि रमेश विकलबाट पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरें। त्यतिबेला विकलसँग मेरो संक्षिप्त परिचय मात्र भयो। मेरो वाक्कलाबाट प्रभावित उहाँले मलाई अझ मेहनत गर्दै अघि बढ्न हौस्याउनु भएको क्षण मानसपटलमा ताजै छ।

२०५८ सालमा प्रवेशिका (एसएलसी) परीक्षा दिएपछि मैले केही महिना मामाघर (समुद्रटार, नुवाकोट) मा बिताएँ। त्यो समयमा नेपाल टेलिभिजनबाट विकलको सदावहार उपन्यास "अविरल बग्दछ इन्द्रावती" प्रसारण भइरहेको थियो। विकलको उपन्यासमा बद्री अधिकारीद्धारा निर्देशित यो टेलिसिरियलबाट म अत्यन्त प्रभावित थिएँ। मेरो व्यक्तिगत विचारमा विकललाई साहित्यप्रेमीका अलावा प्रत्येक नेपालीजनको मन मस्तिष्कमा बसाउन यो टेलिसिरियल पनि कोशेढुङ्गा सावित भएको छ। मेरा मामा माइजुहरूपनि "आज त इन्द्रावती आउने दिन, सोभिते (मुख्य पात्र) आउने दिन" भन्दै उक्त टेलिसिरियल आउनु घण्टौं अगाडि भान्छाको सबै काम सकाउनुहुन्थ्यो। राजेन्द्र थापाको गीत, दिव्य खालिङको संगीत तथा दीप श्रेष्ठको गायनमा रहेको शीर्ष गीत सकिए लगत्तै करीब ३० मिनेटको मार्मिक सिरियल एकै निमेशमा सकिए झैं भान हुन्थ्यो। उपन्यासका रचियता विकल आफ्नै गाउँका भएको (अझ पारिवारिक सम्बन्ध पनि रहेको) र उनीबाट पुरस्कार समेत पाएको खुलाउँदा मावलीका सदस्यहरू माझ मलाई गर्व महसुस हुन्थ्यो। मेरो अवचेतन मनले कहिलेकाँही यो संयोगलाई यसरी स्मृति गर्छ, "विकलले ससुराली (मण्डन, कुन्तावेसी) वरपरको घटनालाई समेटेर अमर कृति "अविरल बग्दछ इन्द्रावती" लेखे, अनि मैले चाहिँ मामाघर (समुद्रटार, नुवाकोट) मा टिभी मार्फत् "इन्द्रावती" को रसस्वादन गरें। टेलिभिजनबाट प्रसारण भएको धेरैपछि मात्र मैले यो कृति पढें। यस कृतिले मलाई यसरी अभूतपूर्व छोएको छ कि केही वर्षको अन्तरालमा पटक पटक यो कृति दोहोर्‍याउँदै पढ्ने गरेको छु।

प्रवेशिका (एसएलसी) उत्तिर्ण भएसँगै औपचारिक रूपमा २०५८ असोज पहिलो हप्ताबाट सञ्चार कर्ममा आबद्ध भएपछि विकलसँगको मेरो सम्बन्धले प्रगाढ रूप लिन थाल्यो। विकलको निवास नजिकै रहेको एचबीसी एफएम ९४ मेगाहर्जमा मैले समाचार संवाददाता तथा समाचार वाचकको भूमिका पाएँ। भर्खर क्याम्पस प्रवेश गरेको एउटा १८ वर्षे ठिटोको लागि यो वास्तवमै ठूलो अवसर थियो। मेरो समाचार वाचन शैलीलाई विकलले निकै रुचाउनु हुँदो रहेछ। यो तथ्य मैले केही महिनापछि मात्र थाहा पाएँ। बेलुकी

६ बजे सहकर्मी दाई भीम थापा र मैले वाचन गर्ने समाचार उहाँ आरुबारी चोकको एक चिया पसलमा चिया पिउँदै सुन्ने गर्नुहुन्थ्यो । वाचनका क्रममा मबाट भएको त्रुटी औंल्याउँदै उहाँले प्रत्यक्ष भेटमा भन्नुहुन्थ्यो, "निर्मल तिम्रो समाचार वाचन कला अद्भूत छ, तिमीले केही दिनको अघिको समाचार वाचन गर्दा उच्चारणमा गल्ती गर्‍यौं, त्यसलाई यसरी सुधार है"। नेपाली साहित्यका एक यशस्वी साधकले भर्खर पत्रकारिता गर्न थालेकालाई यसरी मार्गनिर्देशन गर्नु मेरो लागि वरदान सावित भयो । यस घटनालाई क्याम्पसका प्राध्यापक तथा साथीहरूबीच राख्दा उनीहरू मलाई त साऱ्है "भाग्यमानी" भन्थे अनि म पनि पुलकित हुन्थें ।

२०५८ सालमै भएको अभिनव साहित्य समाजको गठनले पनि मलाई विकलसँग अझ नजिक बनायो । उहाँ समाजका "मानार्थ सदस्य" रहनुभयो म केन्द्रीय कार्य समितिको संस्थापक सदस्य । प्रत्येक महिनाको अन्तिम शनिवार हुने साहित्यिक कार्यक्रममा हाम्रो भेट भइरहन्थ्यो । त्यस्ता कार्यक्रममा म प्राय कविता वाचन गर्थें । समसामयीक विषयमा आधारित मेरा कविता उहाँलाई औधी मन पर्थ्यो र मलाई निरन्तर कलम चलाउन अभिप्रेरित गर्नुहुन्थ्यो । बाल्यकालदेखि लेखेका रचनाहरूलाई समेटेर कृति नै तयार गर्न सुझाव दिनुहुन्थ्यो । साथै मेरो पत्रकारिता बारे पनि उहाँ सूक्ष्म ज्ञान राख्नुहुन्थ्यो । यसरी उहाँको र मेरो सम्बन्ध प्रगाढ हुँदै गयो । मेरा मित्रहरूले संचालन गरेका विद्यालयहरूले अभिभावक दिवस तथा अन्य सांस्कृतिक कार्यक्रममा प्रमुख अतिथिको रूपमा विकललाई निम्त्याउँदा मेरै सहारा लिन्थे । म सरासर त्यस्ता मित्रहरूलाई लिएर आरुबारीस्थित विकल निवास जान्थें । उहाँले स्पष्ट भन्नुहुन्थ्यो, "निर्मल मेरो परिवारकै सदस्य जस्तो प्रिय छ, अबको उसैको सिफारिश लिएर आएपछि म तपाईको कार्यक्रममा नआएर भयो त " म प्रति विकलले देखाउनु भएको अगाध प्रेम देखेर मेरा मित्रहरू आश्चर्य मान्थे । अनि मलाई चाहीँ वास्तवमै गर्व बोध हुन्थ्यो ।

२०६१ पुष ४ गते मेरो साहित्यिक यात्रामा एक अविस्मरणीय दिन । रमेश विकल जस्तै मलाई स्नेह गर्ने साहित्यानुरागीहरूले कृति निकाल्न मलाई दिएको अभिप्रेरणाले सार्थकता पाएको क्षण । नेपाल बार एसोसिएसनको सभाकक्षमा प्रमुख अतिथि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका तत्कालीन उपकुलपति प्राध्यापक डाक्टर वासुदेव त्रिपाठी, विशिष्ट अतिथि श्रद्धेय रमेश विकल लगायतका स्रष्टाहरूको उपस्थितिमा मेरो पहिलो कृति "मन" विमोचन हुँदा म जत्तिकै खुशी हुनुहुन्थ्यो-रमेश विकल । त्यसमा पनि मैले उक्त कृति उहाँका प्रिय सखा मेरा ठूलो बुबा भैरव अर्यालप्रति सर्मपण गरेकोमा उहाँ अति प्रसन्न हुनुभयो । "भैरवको परिवारमा अहिलेसम्म कोही पनि औपचारिक रूपमा साहित्यमा प्रवेश नगर्दा म दुखी थिएँ, तिमीले आज मेरो दुःख दूर गरिदियौं, तिमीलाई बधाई छ निर्मल" म पनि हर्षविभोर भएँ । विमोचन समारोहलाई सम्बोधन गर्ने क्रममा उहाँले सामाजिक परिवेशमा लेखिएका मेरा कथाहरूको प्रशंसा गर्नुभयो । आख्यान विधाका विशिष्ट प्रतिभाले मेरा कथाहरू मन पराइदिनुलाई मैले "आर्शीवाद" का रूपमा ग्रहण गरें ।

साहित्यिक कार्यक्रममा हाम्रो भेट निरन्तर भइरहन्थ्यो । २०६२-६३ मा उहाँको स्वास्थ्य केही कमजोर हुँदै गयो । जोरपाटी चोकमा भैरव अर्यालको शालिक बन्नुपर्नेमा उहाँ दृढसंकल्पित हुनुहुन्थ्यो । शालिक निर्माण क्रममा देखिएका अड्चनबाट उहाँ केही निराश हुनुभयो । उहाँ मलाई बराम्बार भन्नुहुन्थ्यो, "जोरपाटी चोकमा भैरवको शालिक नठडिँदै मर्छु जस्तो छ निर्मल म त" यो सुनेर मलाई निकै खिन्न लाग्थ्यो । वसन्त रिजाल, गोपाल बराल जस्ता कर्मठ सामाजिक तथा साहित्यप्रेमी दाइहरूको घनिभूत प्रयासबाट अर्यालको शालिक जोरपाटी चोकमा ठडिएरै छाड्यो । वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रित, भैरव अर्याललाई आफ्नो आदर्श मान्ने वरिष्ठ हाँस्य कलाकारद्धय मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य लगायतको गरिमामय उपस्थितिमा शालिक अनावरण कार्यक्रम सम्पन्न भयो जुन ऐतिहासिक कार्यक्रम संचालन गर्ने सुअवसर मैले नै प्राप्त गरेको थिएँ ।

मिति २०६३ माघ  अन्तिमतिर स्वास्थ्य कमजोर भएर उहाँ जोरपाटी अत्तरखेलस्थित नेपाल मेडिकल कलेजमा भर्ना हुनुभयो । म अस्पताल पुगेर उहाँको स्वास्थ्य अवस्थाबारे विजय दाइ, महेन्द्र दाइ (विकलका सुपुत्रहरू) लगायतसँग जानकारी लिइरहन्थें । उहाँको स्वास्थ्य क्रमश : खस्कँदै गइरहेको थियो । त्यतिबेला म समाचार सम्पादकको रूपमा एबीसी टेलिभिजनमा काम गर्थें । २०६५ पुष २ गते विहान उहाँको निधन बारे अपुष्ट खबर समाचार शाखामा आएपछि त्यसको पुष्टि गर्ने जिम्मेवारी मलाई दिइयो । मेरो हात खुट्टा लगलग काम्न थाले । मस्तिष्क शुन्य हुन थाल्यो तर पेशागत जिम्मेवारीबाट पन्छिने छुट मलाई किमार्थ थिएन । म मेरा अप्रतिम साहित्यकार (परिवारकै अग्रज जस्तै) को निधनको समाचारलाई पन्छाउन चाहन्थें । तर पेशागत दायित्वलाई भुल्ने नैतिक बलमा सायद म मा  थिएन । अन्तत : मेडिकल कलेजमा कार्यरत चिकित्सकहरूलाई सम्पर्क गर्दै उहाँको निधन भएको समाचारलाई पुष्टि गरें । टेलिभिजन स्क्रिनमा विकलको निधनबारे ब्रेकिङ न्यूज टाइप गर्ने क्रममा मेरा हाताका औंलाहरू यसरी काम्न थालेकी म त्यस्को वर्णन नै गर्न सक्दिन । नश्वर शरीरलाई एकदिन त्याग्नु सामान्य प्रक्रिया नै हो, तर विकलको भौतिक शरीर अब यो लोकमा छैन भन्ने तथ्य मान्न मलाई प्रलय गाह्रो भयो । अत्यन्त भारी हृदयका साथ फगत पेशागत दायित्वले गर्दा विकलको निधनको समाचारलाई तत्काल राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गर्न बाध्य भएँ । तर समाचार डेस्कमा थप काम गर्ने सामर्थ्य आएन । विकलको अन्त्येष्टि कहाँ गरिँदैछ भनेर असंख्य दर्शकहरूको फोन समाचार कक्षमा आइरहेको थियो । म पनि पुषको पहिलो

हप्ताको मुटु कमाउने चिसोलाई चुनौति दिँदै विकलको अन्त्येष्टिमा सहभागी हुन गोकर्ण तर्फ लागें। कुन रफ्तारमा मोटरसाइकल चलाएर सुन्धाराबाट करीब २० मिनेटमा गोकर्ण पुगें त्यो मलाई पत्तो छैन। विकललाई श्रद्धाञ्जली दिन जोरपाटी चोक देखि नै साइरन जडित नेताहरूको गाडीको लस्कर लागेको दृश्य अहिले पनि हिजैको हो कि जस्तो भान हुन्छ। विकललाई माया गर्ने सयौं साहित्यप्रेमीहरूको हुलमा म पनि मिसिएँ र उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरी घर फर्किँए।


विकल मलाई बारम्बार भन्नुहुन्थ्यो, "बुझ्यौ निर्मल स्रष्टा कि त आफ्नो रचनामा बाँच्छ या त सन्ततिको रगतमा बाँच्छ"। भैरव अर्यालसँगको मेरो नाता खुलाउँदै उहाँले यो अमर वाणी मेरो पुस्तक (मन) विमोचन कार्यक्रममा पनि दोहऱ्याउनु भएको थियो। यस अर्थमा तपाई (विकल) यस लोकमा दुवै कोणबाट अजर अमर हुनुहुन्छ। एक त कालजयी कृतिहरूले तपाईलाई अमर बनाएका छन्, अर्को तर्फ विकल परिवारमा तपाईको विरासत थाम्नका लागि चौथों पुस्ता समेत तयार भइसकेको छ। त्यसैले तपाई धेरै भाग्यमानी हुनुहुन्छ, बैकुण्ठमा पनि पक्कै साहित्य सिर्जनामा तै तल्लीन हुनुहुन्छ।

अस्तु।

\- जोरपाटी

◆ ◆ ◆ ◆

# एउटा शिखर : रमेश विकल



● नवराज कार्की

आख्यान विधाका शिखर व्यक्तित्व रमेश विकलको नाम मैले स्कूले जीवनमै सुनेको हुँ। त्यो बेला उहाँका कथाहरू पाठ्यक्रममै थिएनन्। एस.एल.सी. को पाठ्यक्रममा त भवानी भिक्षुको कथा 'त्यो फेरि फर्केला' र पुष्कर शमशेर ज.व.रा.को 'परिवन्ध' पढियो।

गुरु प्रसाद मैनालीको 'नासो' पनि थियो जस्तो लाग्छ। रमेश विकलको कथा संग्रह 'नयाँ सडकको गीत'ले मदन पुरस्कार प्राप्त गरेपछि उहाँको चर्चा पोखरामा सुनें मैले पनि। त्यो भन्दा पहिल्यै कविवर मुकुन्दशरण उपाध्यायले 'प्राकृत पोखरा' लेखेर पहिलो पल्ट मदन पुरस्कार पोखरा लैजानु भएकोले पनि होला, मदन पुरस्कार बारे त्यहाँ चासो रहन्थ्यो।

व्यक्तिगत रुपमा मैले रमेश विकललाई तीसको दशकमा काठमाडौंमा कतै भेटेको थिएँ क्यार। ठ्याक्कै समय र स्थानको हेक्का भने छैन। आरुवारी बन्धु मन्डल क्लब पुस्तकालद्वारा हरेक बर्ष वार्षिकोत्सव मनाउने भव्य परम्परा छ थियो। म पनि २०३९ सालको कार्यक्रममा कविको हैसियतमा निमन्त्रित भएर पहिलोपल्ट आरुवारी पुगेको हुँ र आयोजक हुनुहुन्थ्यो आदरणीय अग्रज स्रष्टा रमेश विकल। त्यो कार्यक्रममा मैले कुन कविता सुनाएँ त्यो पनि अहिले संभना छैन तर त्यो कविताकै छाप वापत मैले रमेश दाइबाट त्यो सप्ताहान्तमा उहाँको घरमा दिनभर बस्ने र घुम्ने गरि दिवा भोजनको निम्तो पाएँ।

त्यो समयमा आरुवारी जान चाबेलमा झरेर तीनचार किलोमिटरको पैदल यात्रा गर्नुपर्थ्यो। कुनै एउटा शनिबार गएँ म आरुवारी। रमेश दाइले सँगै भान्सामा राखेर बडो प्रेमले खुवाउनु भयो। मेरौ सानै देखिको बानी थियो दूध भात, दाल, तरकारी सबै एकै ठाँउमा मुछेर खाने। नानी देखि लागेको बानी अनुसार मैले थालमा कचौराको दुध खन्याउनै लाग्दा उहाँले त्यसो गर्नवाट रोक्नु भयो। नून र दूधको मिश्रणलाई आयुर्वेदले निषेध गरेको कुरा मैले जीवनमा पहिलोपल्ट सुनें। त्यो भन्दा अघि मेरा अभिभावक लगायत कसैले पनि त्यो कुरा भनेका थिएनन्।

खाना खाईसकेपछि हामी माथिल्लो तलामा उक्ल्यौं। त्यहाँ उहाँको शिविर थियो साधनाको। भित्तामा आफैंले बनाएका चित्रहरू थिए। बाजाहरू थिए उहाँले बजाउने गरेका। किताबहरूको संग्रह त हुनेनै भयो। उहाँले आफ्ना पुराना एलबमहरू पल्टाउँदै ती फोटाहरूको सङ्क्षिप्त परिचय दिँदै जानुभयो। कतिपय फोटाहरू कथाका पात्र जस्तै पनि भेटिए। आफ्नो आरुबारी देखि सानो ठिमीसम्मको जागिरे यात्राको विवरण सुनाउँदै जानुभयो। कार्यालय पछि घर फर्कदा अल्मलिने ठाउँहरू नयाँसडक र चावहिलका घटनाहरू, ती मित्रहरू, त्यो रातको सुनसान सडक र बौध्दका फाँटहरूमा आफूले झोलावाट झिकेर बजाएका बाँसुरीका धूनहरू सुनाउँदै जाँदा उहाँ यति भावुक हुनभयो कि जुरुक्कै उठेर बाँसुरी बजाउन पो थाल्नु भयो। वातावरण साहित्यिक बाट साङ्गीतिक हुन पुग्यो। उहाँले मलाई बोलाउँदा नै दिनभर यतै घुमौंला भन्नु भा'थ्यो। हामी घुम्न निस्क्यौं। गोकर्णेश्वरको पुलमा उभिएर मलाई तलतिर हेर्न भन्नुभो, हेरें त्यहाँ त खासै केही थिएन। अब शुरु भयो - उहाँको भैरब चर्चा, अर्थात् उहाँका परममित्र स्वर्गीय भैरव अर्याल। हो, त्यै पुलबाट हामफालेर आफ्नो देह विसर्जन गरेको त्यो ढुङ्गो, त्यो पुल, त्यो नदी सबै बोल्न थाले उहाँको वाणीमा। उहाँ धाराप्रवाह बोलिरहनु भयो, म छक्क परेर सुनिरहें।

त्यहाँबाट हामी खोलाको तिरैतिर तलतिर हिँड्नथाल्यौं। म उहँका शब्दहरूमा लट्ठिदै लट्ठिदै हिडें, उहाँ झन् झन् भावुक बन्दै गईरहनु भएको थियो। हिंड्दा हिंड्दै एउटा रहनेर पुगेपछि उहाँ थकित मुद्रामा थ्याच्चै बसेर आँसु पुछ्न थाल्नुभयो। म त निकै असमञ्जसमा परें। केही बेरपछि उहाँले भन्नुभयो - हो, यै रहमा हो नि भाइ! मेरो होनहार 'किशोर' छोरो डुबेर मरेको। त्यो दुखान्त दृष्य देखाउन र त्यै कथा सुनाउन पो रै'छ यी मूर्धन्य कथाकारले मलाई यो खोलै खोला घुमाएको त। मन अमिलो पारेर हामी तल फाँटको दोबाटोमा आएर विदा भयौं।

हार्दिक श्रध्दाञ्जली! रमेश दाइ। तपाईको आत्माले सधैं शान्ति पाओस्।

- डिसेम्वर ८, २०२०क्यालीफोर्नीया

◆ ◆ ◆ ◆

# सम्झनामा बाबु छोरीको रमाइलो यात्रा



● तारा चालिसे

आजभन्दा लगभग पैंतीस छत्तीस बर्ष अगाडिको आरुबारी पहिचानका हिसाबले अब्बल तर सुविधा (बाटोघाटो, यातायात, सन्चार आदि) को दृष्टिकोणबाट निकै पछाडि थियो राजधानीको नजिक भएर पनि ! अहिले दोहोरो नगर बस दगुर्ने सडकमा दुवैतर्फ नीलकाँकडाको घारी र कच्ची सडक थियो । वर्षाको समय सडक पार गरेर बौद्धसम्म बस चढ्न जान बैतर्नी नदी तर्न जस्तै कठिन थियो । गाउँबाट सहर जागिर खान जाने सुरुआत २०४२ सालदेखि भयो मेरो । जीवनमा सङ्घर्ष त अत्यधिक मात्रामा गरियो तर सफलताको हिसाबले म आफूलाई थोरै भाग्यमानी सम्झन्छु, । कारण त्यस्तो कठिन परिस्थितिमा पनि बाबाको मोटरसाइकल पछाडि बसेर पुल्चोकको जागिरमा जाने अवसर प्राप्त थियो मलाई । २०३६ सालदेखि बाबाले नेपाल सरकारको राजपत्राङ्कित अधिकृतको जागिर विविध कारणले तिलाञ्जली दिएर विद्यालयलाई असहज र आवश्यक रहुञ्जेल प्रस्तावित अरुणोदय मा वि मा स्वयंसेवक शिक्षक भएर अध्यापन गराउनु भयो जुन विध्यालय बाबाको पहिलो सन्तान भन्दा प्यारो थियो । तर भोको पेटमा रामायण, महाभारत केही पनि पढिँदैन, परिवार पाल्न र पेट भर्न त आय आर्जन गर्न पर्छ । त्यही समयमा सहयोगी विध्यालय गोकर्णेश्वर मा वि मा पारिश्रमिक सहित अध्यापन गराउन अनुरोध भयो र त्यहाँ अंग्रेजी शिक्षकको रुपमा केही समय जानु भयो । अरुणोदय स्कूल तलबी शिक्षक राख्न सक्षम भएको र बाबा जस्तो व्यक्तिको आवश्यकता नपर्ने अवस्थामा पुगिसकेको थियो । तर सहयोगी विध्यालय प्रस्तावित मा वि भएको र विध्यालय विकास गर्न बाबाको आवश्यकता महसुस गऱ्यो। बाबा जहाँ पुग्नु हुन्थ्यो त्यहाँ सास्कृतिक कार्यक्रमको आयोजना हुन्थ्यो । मिति यकीन भएन त्यसपछि शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम परिमार्जन गर्ने कामका लागि तत्कालीन परियोजना प्रमुख (सायद) विश्वनाथ अर्यालज्यूले बाबालाई जिम्मेवारी सुम्पने चाजोपाजो मिलाउनु भयो ।

त्यसबेला उक्त कार्यालय हाल मानव अधिकार आयोग जस्तो सुविधा सम्पन्न कार्यालय बसेको स्थान हरिहर भवनमा रहेको थियो । मेरो पुल्चोकको जागिर बाबाको हरिहर भवनको काम मलाई त लटरी पो पऱ्यो । बाबाको मोटरसाइकल पछाडि बसेर पुल्चोकको जागिरमा जाने सौभाग्य प्राप्त भयो । बाबालाई बिहान हिँड्न हतार नहुने, बेलुकी घर फर्कन पनि हतार नहुने ! यहाँ भने मलाई अलि बेला बखत असजिलो महसुस हुन्थ्यो किनकि नयाँ नयाँ जागिर, अनुशासित परिवेश बिहान हाजिर बजाउने चटारो, बेलुकी छिटो छिटो घर फर्कने र आमा भाउजूले भुटेको थालभरिको मकै र आफ्नो बारीमा लटरम्मै पाकेका रसिला सुन्तला खाने हतारो । तर बाबाको चावहिल मोहले मेरो त्यो अभिलाषा शनिवार नभै कहिल्यै पुरा हुने थिएन । बाबाको सामु केही भन्ने हिम्मत पनि हुदैनथ्यो । केही भन्न पऱ्यो भने आमाको भिटो लगाउन पर्थ्यो ।

एक दिनको घटना थियो, सदा झै अफिस जान हतार थियो, म अलि हतार गरेर सडकमा निस्किएँ । अहिलेजस्तो आँगनबाटै सवारी चढ्न मिल्ने बाटो थिएन । बाहिर बाटोमा निस्कन पर्थ्यो । म निस्किएर बाबाको प्रतीक्षामा केही बेर बसें । निकै लामो लाग्यो त्यो पर्खाइ । बल्ल बाबा आउनु भयो र लाग्यौं आफ्नो गन्तब्यमा । तर तीनचुले नपुग्दै त्यहाँ एउटा कुवा थियो, तर अहिले भए नभएको याद छैन ! सायद विकाससंग भएको ऐतिहासिक विनाशले त्यो पनि नाश भएको हुन सक्छ । त्यस ठाउँमा सडक दवदवे खाडी भन्दा कम थिएन । दुवैतर्फ नीलकाडाको घारी, बडा बडा खाल्डा पार गर्न कठिन थियो । त्यही समयमा विपरीत दिशाबाट आइरहेको ट्रकबाट जोगिन म मोटरसाइकलबाट झर्न पर्ने भएर बाबाको आज्ञा लिएर ओर्लिएँ, त्यो असजिलो पार गरेर मलाई पर्खनु

होला भनेर अलि छिटो छिटो अघि बढें तर बाबा त मलाई बिर्सेर महांकालतर्फ अघि बढ्नु भयो । म हेरेको हेरेकै भएर के गर्नु र कसो गरौँ जस्तो अवस्थामा हिड्दै थिएँ त्यत्तिकैमा स्वर्गीय दाइ रामेश्वर रुपाखेती साइकलमा आइपुग्नु भयो । उहाँको साइकल चलाइ हाम्रो बाबाको मोटरसाइकल चलाइ भन्दा अझ बढी वेगवान थियो । उहाँ रोकिएर के मामाले बिर्सेर जानु भयो कि के हो ? पख म भेटेर फर्काइदिन्छु भनेर मलाई अलि सहज बनाउनु भयो । म आफ्नो बाटो हिड्दै थिएँ त्यत्तिकैमा महांकाल पुगेर बाबा पुनः फर्केर आउनु भयो र हामी आफ्नो बाटो लाग्यौँ । यसरी हामी बाबु छोरीको रमाइलो यात्राको सम्झना मेरो मानसपटलमा सधै ताजै छ तर केवल यादमा मात्र सीमित ।

अस्तु

- हाल टोखा ६ धापासी

◆ ◆ ◆ ◆

# मेरा कानमा गुञ्जिरहने रमेश विकलको त्यो एक वाणी...



● यादव देवकोटा

रमेश विकल- नेपाली भाषा-साहित्य अनुरागीहरूका लागि एउटा विलक्षण प्रतिभा। उहाँको परिचयको व्यापकता यसैमा छ। हुन पनि उहाँले नेपाली साहित्य भण्डारमा जेजति कृति छोडेर जानुभएको छ त्यसले उहाँलाई नेपाली साहित्यमा अमर बनाएको छ। यो उहाँको साहित्यिक पाटो हो भने हामी जस्ता उहाँका छिमेकी र छोरा-नातिसरहहरूका लागि त्योभन्दा धेरै माथी, अभिभावक, मार्गदर्शक, उत्प्रेरक अनि सामाजप्रति जिम्मेवार बन्न सधैं घच्घच्याइरहने अभियन्ता अनि शिक्षक हुनुहुन्थ्यो।

काठमाडौंको आरुबारी (गोकर्णेश्वर नगरपालिका वडा नं. ९) रमेश विकलको निवास अनि त्यही वरिपरी बस्ने पंक्तिकार। उहाँको ओजस्वी व्यक्तित्वसंग पहिलेदेखि नै डर (भय हैन)। त्यो डर, बाटोमा गुच्चा खेल्दा, पाङ्ग्रा गुडाएर बरालिएर हिंड्दा उहाँले देख्नुभयो भने गाली गर्दै "पढ्न पर्दैन" भन्दै हकार्ने अनि टाढैबाट उहाँलाई देख्यो कि 'टाप' कस्ने। कथं भेटिहाल्नु भयो भने कान समातेर "पढ्नुपर्छ- यसरी खेलेर मात्रै हुन्छ ?" सदा उहाँको मुखबाट हामीजस्ता फुच्चेहरूलाई भनिरहने कुरा।

म रमेश विकलको साहित्यिक व्यक्तित्वको हैन उहाँको समाजप्रतिको सोच, जिम्मेवारीबोध अनि आफ्ना गाउँठाउँका छोरा-नातिहरूको उज्ज्वल भविष्यका लागि गर्नुभएका कार्य अनि युवाहरूलाई समाजप्रति जिम्मेवार बनाउन खेल्नुभएको भूमिकासंग साक्षात्कार गर्न पाएका अनगिन्ती मध्ये केही छोटा स्मरण गर्न पुगिरहेको छु। अनि उहाँले मलाई दिनुभएका उपदेश अनि म सामाजिक कामबाट केही निस्क्रिय भएपछि गर्नुभएको एउटा प्रश्नले सधैं घोचिरहन्छ। सायद मैले आफूलाई त्यो क्षेत्रमा जीवनको केही वर्ष जसरी बिताए त्यसै गरी बिताएको भए उहाँसंग धेरै सहकार्य गर्ने शौभाग्य मिल्थ्यो होला भन्ने अहिले पनि लाग्छ। तर नियतिको खेल सबैलाई त्यो शौभाग्य मिल्दैन।

२०५३ साल वैशाखमा म (यादब देवकोटा), रामकुमार थापा, शशी चालिसे, स्व. बालकृष्ण बुढाथोकी, जीवन चालिसे, अमृत चालिसे लगायतका साथीहरू मिलेर "रक्तकाली युवा क्लब"को स्थापना गरी सामाजिक काममा सक्रिय हुन थालियो। त्यसै क्रममा क्लबमा अर्थ संकलन गने उद्देश्यले स्मारिका प्रकाशन गर्ने निधो गरियो र काम सुरु भयो। स्मारिकामा रमेश विकलको अन्तरवार्ता छाप्ने रहर मलाई भयो। किनभने त्यो स्मारिकाको सम्पादक म स्वयं थिएँ र क्लबको अध्यक्ष पनि।

अन्तरवार्ता त छाप्ने तर के प्रश्न गर्ने, कसरी गर्ने, उहाँको अगाडि पर्ने हिम्मत नै भएन। पुष महिना थियो। प्रश्नहरूको पोको बोकेर हिम्मतका साथ विकल निवास पुगियो। उहाँ खाटमा सिरक ओढेर केही लेखिरहनुभएको थियो। म र मेरा साथी ढोकामा उभिरह्यौं। एकछिनमा उहाँले देख्नुभयो र सोध्नुभयो- "किन आएको ?" मैले "स्मारिका प्रकाशन गर्न लागेको हजूरको अन्तरवार्ता लिन आएको" भनेपछि उहाँले "ल बस एकछिन !" भनेर राख्नुभयो अनि केहीबेर हामीसंग कुराकानी गर्न थाल्नुभयो। त्यो कुराकानी त्यस्तै १५ मिनेट जतिको हुँदो हो। त्यसपछि उहाँले "ल के के प्रश्न छ लेखेर ले, म उत्तर भोलि लेखेरै दिन्छु" भन्नुभयो। हामी खुसीले केही प्रश्नहरू दिएर विदा भयौं। भोलिपल्ट उत्तर लिन गयौं, उहाँले सबै तयार गरेर राखिदिनुभएको रहेछ।

त्यो अन्तरवार्तामा गरिएका प्रश्न र उहाँले दिनुभएका उत्तरहरू अहिले पनि उत्तिकै सान्दर्भिक छन्। नेपाली साहित्यको

अवस्था, साहित्यको मर्म र यसले समाजमा पार्नसक्ने प्रभाव अनि साहित्यका नाममा भित्रिएको विकृति र यसले पार्ने नकारात्मक असरबारे जेजस्तो धारणा राख्नुभएको थियो आज त्यस्तै स्थिति छ।

सो अन्तरवार्तामा युवाहरूलाई यहाँको सन्देश के छ भन्ने प्रश्नमा उहाँले भन्नुभएको थियो-

"जीवन त्यसै फाल्नका लागि होइन, देश र समाजका लागि केही भलो कुरा दिएर जानका लागि हो। परावलम्बन मनुष्य जीवनका लागि महारोग हो, उत्तम छोराले बाबु-आमाको छालामा रजाई गर्नु सट्टा आफ्नो पुरुषार्थमा आफ्नो खुट्टामा उभिएर उन्नति गर्नु नै सपुतपन हो, छोराछोरीको गौरब हो। मानिसका लागि सबभन्दा ठूलोा धन भन्नु नै चरित्र हो, देश र समाज-जातिप्रतिको इमान्दारी हो, निष्ठा हो। चरित्रबाट र इमानबाट भ्रष्ट मान्छे पशुभन्दा निकृष्ट हुन्छ।"

"आज देशमा राजनीतिक बेइमानीले गदा गाउँ-गाउँ, टोल-टोली र घरघरमा विभाजन ल्याइदिएको छ। आजको युवा आफ्नो अस्तित्व- आफ्नै इमान र आस्थामा नखोजेर कसैको झण्डा, कसैको झूठो सपनामा खोज्छ। आफ्नो विवेक प्रयोग गर्नुसट्टा अर्काको पुच्छर बनर बहन्छन्। यो देशका लागि, समाजका लागि र स्वयं आफ्ना लागि घातक हुन्छ।"

".... आज पश्चिमेली, भारतेली नाङ्गो संस्कृतिले हाम्रो संस्कृतिलाई अतिक्रमण गरिहेको छ। विद्युतीय माध्यमको कारणले त यो अतिक्रमण अत्यन्त तीब्रगतिमा बढ्दैछ। हिन्दी र त्यसैको भद्दा नक्कलमा (नेपाली नाउँमा) बनेका नांगा र अश्लील सिनेमा अनि टेलिभिजनका कार्यक्रमले आज हाम्रा नयाँ पुस्ताका बालबालिकासम्मको मस्तिष्क सडाइसकेको छ। यसको प्रतिकारका लागि आजको युवा पुस्ताले कमसेकम आफ्नो तर्फबाट अभियान सुरु गऱ्यो भने भावी पुस्ताको साथै देशको कल्याण हुनेछ।"

अब अलिक पुरानो प्रसंग उठाएँ- अरुणोदय माध्यमिक विद्यालयमा आन्तरिक स्रोतबाट माध्यमिक तहको पढाइ सुरु भएपछि रमेश विकलले स्वसंसेवी शिक्षकका रुपमा हामीलाई पढाउन थाल्नुभयो। उहाँले हामीलाई अंग्रेजी व्याकरण पढाउनुहुन्थ्यो र शब्द उच्चारण गर्ने तरिका उहाँले जसरी सिकाउनु हुन्थ्यो त्यो त्यतिबेला त्यति वास्ता नगरिएको विषय भए पनि अहिले त्यसको महत्व बोध भएको छ। सानो उमेरमै सही ज्ञान दिन सकियो भने हरेक व्यक्ति ठूलो भएपछि असल र गरिखाने हुन्छ भन्ने मान्यता उहाँको थियो र रहेछ। यो कुरा म अलिक पाको हुँदै गएपछि बुझ्न थाले र उहाँसंग सामाजिक कामबाट भौतिक र भावनात्मक रुपमा नजिक हुने अवसर पाएँ। त्यो सानिध्यता त्यति धेरै लामो समय त रहेन तर मेरो जीवनको अमूल्य र अविस्मरणीय क्षण बनेको छ।

रक्तकाली युवा क्लब सक्रिय रहेकै समयमा कामको सिलसिलामा काठमाडौंबाट सुर्खेत जानुपर्ने भयो, क्लबको जिम्मेवारी छाडियो। साथीहरूलाई काम गर्दैगर भनेर गएँ तर क्लब लगभग विघटन भयो। ४ वर्षको सुर्खेत बसाईबाट पुनः आफ्नै जन्मगाउँ फर्के, साथी रामकुमारले क्लब पुनःगठनका कुरा गरिरहे, हामी दुई पुनः लागिपऱ्यौं तर कोसिस सफल भएन। आज मेरै छोरा र उसका साथीहरूले "नवरक्तकाली युवा क्लब" भनेर पुनःस्थापना गरेका छन्।

उमेर बढ्दो, जिम्मेवारी बढ्दो, सामाजिक काम भनेर मात्रै नहुने रहेछ। लगभग निस्क्रिय जस्तै रहेका बेला आरुबारीमै रमेश विकल प्रमुख अतिथि रहनुभएको एक कार्यक्रममा सहभागी हुँदा मैले केही प्रश्नहरू गरेको थिएँ (रमेश विकलसंग हैन)। मैले प्रश्न गर्न उठ्दा उहाँले मलाई निकै ध्यान दिएर हेरिरहनुभएको थियो। जब कार्यक्रम सकियो अनि बोलाएर भन्नुभयो- "ए... यादब तँ किन यसरी निस्क्रिय बनेको ?"

त्यसको केही वर्षसम्म उहाँसंग बेलाबेलामा संवाद भैरह्यो। मसंग भएका केही सोचहरूलाई कार्यान्वयन गर्ने विषयमा उहाँ निकै सकारात्मक हुनुहुन्थ्यो। तर नियतिको खेल- उहाँ विस्तारै गल्दै जानुभयो, अन्ततः हामीलाई टुहुरो पारेर २०६५ साल पुस २ गते उपचारकै क्रममा भौतिक शरीरबाट विश्राम लिएर अनन्त यात्रामा निस्कनुभयो।

रमेश विकल जस्तो विराट व्यक्तित्वको जन्मथलो आरुबारीकै बासिन्दा हुनुको गर्व सधैं रहने छ। उहाँले हामीलाई अर्थात् यो समाजलाई (आरुबारी मात्र हैन) काठमाडौंको पूर्वी क्षेत्रलाई साहित्यका अलावा शिक्षा, जनचेतना र सामाजिक कार्यहरूका लागि दिनुभएको योगदान र युवा पिंढीलाई यसतर्फ अग्रसर हुन दिइरहनुभएको उत्प्रेरणा सदा स्मरणीय रहनेछ।

स्व. रमेश विकलप्रति भावपूर्ण श्रद्धाञ्जली !

- गोकर्णेश्वर, आरुबारी

# मेरो स्मृतिमा रमेश विकल



● डा. पद्मा अर्याल

आजसम्म मैले भोगेको जीवनको पूर्वार्द्ध मैले पूजनीय हजुरबुवा (बाबा) रमेश विकलकै सान्निध्यमा, उहाँकै माया, ममता र स्नेहरूपी छहारीमा विताएकी थिएँ। उसै स-साना बालबालिकाहरूलाई सान्है मन पराउनुहुन्थ्यो र औधि माया गर्नुहुन्थ्यो। त्सैले म पनि उहाँको मायाको हकदार थिएँ। उहाँलाई मन पर्ने मिठाइ बर्फी र पेडा सायद उहाँ दैनिक रुमै खानु हुन्थ्यो र हामी (म र मेरा भाइहरू) लाई पनि खुवाउनुहुन्थ्यो। यतिसम्म कि हामीलाई आफ्नै छातीमाथि राखेर आफ्नो मुखमा बर्फी च्यापी मुखले नै टिप्न लगाउनु हुन्थ्यो र हामी पनि मच्ची मच्ची बाबाको मुखबाट बर्फी थुतेर खाने गर्थ्यौं। दैनिक रुपमा यो प्रक्रिया चल्दै गयो। हामी उहाँसंगै रमाइलो मानेर चल्थ्यौं, खेल्थ्यौं र उहाँ पनि हामी संगसंगै बालक भएर खेल्नु हुन्थ्यो रमाउनु हुन्थ्यो।

बाबा सङ्गीतको सान्है सौखिन हुनुहुन्थ्यो। उहाँलाई मन पर्ने बाजा बाँसुरी र भ्वाइलिन (बेला) आदि बजाएर सुनाउनु हुन्थ्यो। उहाँ हरेक दिन सुत्ने वेलामा बिछ्याउनामा पल्टेर छातीमाथि भ्वाइलिन राखेर बजाउँदै त्यसकै धुनमा रमाउँदै निद्रादेवीको काखमा पल्टनुहुन्थ्यो। तबला हार्मोनियम र अन्य बाजाहरू पनि मजाले बजाउनु हुन्थ्यो र संगसंगै मीठो स्वरमा गीतहरू पनि गाउने गुर्नहुन्थयो। त्यतिखेर मलाई लाग्थ्यो बाबा त सङगीतकार पो हुनुहुँदो रहेछ। तर पछि थाहा भयो सङ्गीत त उहाँको सौख मात्र रहेछ। सङ्गीत मन नमराउने मानिस सायद विरलै होलान्। त्यसैले हामी पनि उहाँको आवाज र सङ्गीत सुनेर औधी रमाउँथ्यौं। पछि गएर मलाइ पनि हार्मोनियममा रुची वढ्न थाल्यो र बाबासंगै बसेर म पनि कहिलेकाहीँ हार्मोनियम वजाइ हेर्थें। कुनै सैद्धान्तिक ज्ञान नभएपनि आफ्नै सूर र तालमा गीतका धूनहरू बजाउंथे। बाबा खुसी भएर सुन्नुहुन्थ्यो र मिले नमिलेको बिचार गरी यसो गर् उसो गर् भनी निर्देशन दिनुहुन्थ्यो। यसरी म उहाँको साङ्गीतिक प्रतिभाबाट धेरै प्रभावित भएकी थिएँ।

यसरी नै मेरो बालमस्तिस्कमा उहाँका हरेक क्रियाकलापको नजानिँदो किसिमले छाप पर्दै गयो। मलाई याद छ, मैले बुझ्ने भएदेखीनै उहाँले सुन्दर सुन्दर चित्र कोर्नु हुन्थ्यो। उहाँको कोठाका भित्ता - भित्तामा आफैंले वनाएका विभिन्न प्रकारका सुन्दर चित्ररु टाँसिएका हुन्थे। त्यसमा पनि हामी दृष्य चित्रहरू भने खुब रमाएर हेर्ने गर्थ्यौं। त्यो देखेर हामी घर, रुख, हिमाल, सूर्य आदि प्राकृतिक दृष्य भएका चित्रहरू कोर्ने प्रयास गर्थ्यौं। एक पटकको कुरा हो बाबाले आमाको (हजुरआमा) मृत्युपछि आमाको ठूलो सुन्दर र जीवन्त चित्र बनाएर प्रवेशद्वारकै छेउमा राख्नुभएको रहेछ। म एक्कासि ढोकाभित्र पस्दा आमा स्वयं उभिइरहनुभएको ठानेर आत्तिएकी थिएँ। यो घटना मेरो मस्तिष्कमा अझै ताजा भएर रहेको छ। यसरी उहाँको खारिएको चित्रकारिताबाट हामी सबै प्रभावित थियौं।

यतिमात्र हैन, मलाई अझै पनि याद छ उहाँका बैठक कोठामा सजाएर राखिएका मूर्तिकलाहरू। हो... उहाँ निकै सुन्दर मूर्तिहरू पनि बनाउनु हुन्थ्यो। माटाका विभिन्न आकृतिका मूर्तिहरू बनाएर राखेको ठाउँमा पनि हामी गएर हेर्थ्यौं र मौका मिलेमा छुन पनि खोज्थ्यौं। तर, हामीले छोयो भने मूर्ति बिग्रन्छ भनेर बाबाले गाली गर्नुहुन्थ्यो र हामी त्यहाँबाट भाग्थ्यौं। यसरी मैले उहाँलाई एउटा सफल मूर्तिकारको रुपमा पनि चिन्ने मौका पाएकी थिएँ।

त्यसरीनै उहाँ एउटा सफल फोटोग्राफरका रुपमा पनि मेरो स्मृतीमा ताजा हुनुहुन्छ। मलाई थाहा भएसम्म उहाँको साथमा सधैं एउटा क्यामरा हुन्थ्यो। उहाँ भ्रमणको सान्है सौखिन हुनुहुन्थ्यो। उहाँ विभिन्न ठाउँका भ्रमण गर्नुहुन्थ्यो र

विशेषखालका फोटाहरूलाई फ्रेमममा राखेर सजाउनु हुन्थ्यो । यसरी उहाँले खिचेका विशेष महत्व र विशेषता बोकेका थुप्रै फोटोहरू अझै पनि सुरक्षित छन् ।

यसरी बाबाका जीवनका यी बहुआयामिक (चित्रकार, मूर्तिकार, सङ्गीतकार, फोटोग्राफर) पाटाहरूबाट सायद आम मानिसहरूनै अचंभित छन् र पनि उहाँले यी पाटाहरूलाई सदैव छायामा नै राख्नुभयो । उहाँमा कुनै दम्भ थिएन, अहंकार थिएन र आफूलाई यी विभिन्न विषयको ज्ञाता ठानेर सस्तो प्रचारबाजी गर्नु भएन । यसलाई सोखको रुपमा लिएर साहित्मा नै आफ्नो जीवन समर्पण गर्नुभयो । यो उहाँको महानता थियो । तर हामी भने उहाँका यी बहुआयामिक व्यक्तित्वबाट सानैदेखि प्रत्यक्ष-अप्रत्यक्ष रुपमा प्रभावित हुँदै गयौं र पछि आएर सार्थक जीवनको महत्व बुझ्न पायौं ।

म स्वयम्ले भोगेको र देखेको आधारमा भन्नुपर्दा साहित्यकारहरू अव्वहारिक हुन्छन्, यो पक्का हो, किनकि उनीहरू घर परिवार र अझ भन्नुपर्दा समाजभन्दा पनि माथि उठेका हुन्छन् । उनीहरूको उचाइ, उनीहरूको व्यक्तित्व घर र समाजमा मात्र सीमित नरही विश्वव्यापी रुपमा फैलिएको हुन्छ र त्यही फैलावटलाईनै आफ्नो जीवनको गन्तव्य ठान्ने व्यक्तिहरू कहाँ घर परिवारमै सीमित रहन चाहन्छन् र ? तर यी कुराहरू परिवारका मानिसहरूले बुझ्न सकिरहेका हुँदैनन् । त्यसैले हामी उहाँलाई अव्यवहारीक हुनुहुन्थ्यो भनेर भन्ने गर्थ्यौं । आज आएर मलाई लाग्छ यो स्वाभाविक हो । सादय उहाँ व्यावहारिक भएर घर व्यवहारमा लाग्नुभएको थियो भने आज रमेश विकल भएर अमर रहनुहुन्नथ्यो होला । अथवा रामेश्वर चालिसेमै चित्त बुझाउनु पर्थ्यो । जे होस्, उहाँ अहिले दीर्घायू बाँचिरहनुभएको छ, हामी सबैको स्मृतिमा ।

उहाँ बिहानै उठेर नित्यकर्म सकेर लेख्नमै व्यस्त हुनुहुन्थ्यो र बेलुका भने अबेरसम्म पढेर बस्नुहुन्थ्यो । खाना खाने बेलामा उहाँ सधैं भान्सा कुराउनुहुन्थ्यो । एकछिन, एकछिन भन्दै कहिले त बिहानको खाना र दिउँसोको खाजा एकैपटक खानुहुन्थ्यो । यो देखेर मलाई खुब रमाइलो लाग्थ्यो । बाबाको यो लेखपढ देखेर मलाई पनि पढ्न र केही लेख्न मन लाग्थ्यो । औपचारिक पढाइबाट फुर्सद भएको बेलामा म पनि साहित्यिक पुस्तकरु पढ्ने गर्थें । पुस्तक पढ्न लाग्दा मलाई पनि आमा (हजुरआमा) र माइजुहरूले धेरैपटक खाना खानु बोलाउनु हुन्थ्यो र एकछिन भनेर जवाफ दिन्थें । यसरी मेरो पढाइप्रतिको यो लगाव देखेर बाबा खुसी हुनुहुन्थ्यो र केही मुस्कुराउनुहुन्थ्यो - यो पनि भान्सा कुराउने भई भनेर ।

मलाई  केही लेख्न मन लाग्थ्यो र केही बाल कविताहरू लेखेर बाबालाई देखाउने गर्थें । उहाँले ठीक छ भनेपछि म खसी हुन्थें । केही कविताहरू त्यतिखेर पत्रिकाहरूमा पनि छापिएका थिए । त्यसवापत बाबा र म दुबै धेरै खुसी भएका थियौं । बाबाको साहित्यिक व्यक्तित्वबाट म साऱ्है प्रभावित थिएँ । उहाँको व्यक्तिगत स्वभाव र साहित्यीक व्यक्तित्वबाट म साऱ्है प्रभावित थिएँ । साहित्यकारहरू स्वभावैले असल, विशिष्ट र महान् हुन्छन् भन्ने पक्षमा भने म छैन । तर बाबाको स्वाभाव सँग परिचित भएकै कारणले साहित्यकार प्रतिको मेरो धारणा सकारात्मक बन्दै गयो । साँच्चै बाबा (रमेश विकल) जसरी साहित्यमा आफ्ना विचार प्रस्तुत गर्नुहुन्थ्यो, वास्तविक जीवनमा पनि उहाँको लक्ष, आदर्श र व्यवहार त्यस्तै हुन्थ्यो । सरल जीवनशैली, उच्च विचार, निश्वार्थ सेवा भाव, समान व्यवहार, लोभानी पापानीबाट टाढा रही देश र जनताका हितका लागि सदैव चिन्तनशील रहेर कुनै वाद, राजनैतिक दल निरपेक्ष रही आफुलाई विशुद्ध साहित्यिक व्यक्तित्वका रुपमा स्थापित गर्दै सामाजिक सेवामा अर्पण गर्नुभयो । यिनै स्वभाव र गुणबाट हामी प्रभावित भयौं ।

त्यतिखेर पनि समय समयमा थुप्रै साहित्यिक कार्यक्रमहरू हुन्थे । त्यस्ता कार्यक्रमहरूमा बाबाले हामीलाइ पनि संगै लिएर जाने गर्नुहुन्थ्यो । म पनि यस्ता कार्यक्रमहरूमा जान रुचाउँथें र बाबा पनि खुसी हुनुहुन्थ्यो । वि.सं.२०३८ सालको कुरा हो, उहाँलाई महेन्द्र प्रज्ञा पुरस्कार प्रदान गरिएको थियो । सो अवसरमा प्रज्ञा प्रतिष्ठानमा विजय मल्लको 'भूलै भूलको यथार्थ' नाटक मञ्चन गरिएको थियो । यो नाटक हेरेपछि मेरो बाल मस्तिष्कमा गहिरो प्रभाव पऱ्यो र म मा एउटा आत्मविश्वास पलायो । नाटक भनेको त कुराकानी गर्ने त रहेछ, म पनि नाटक लेख्न सक्छु भन्ने मनमा आयो । पछि गएर एक्लै बस्नुपर्दा मलाई कोही साथी नचाहिने भयो । म एक्लै बसेर विभिन्न पात्रहरू सिर्जना गर्थें र उनीहरूसङै कुराकानी गर्थें । आफ्ना विचारहरू, दृष्टिकोणहरू तिनै पत्रहरू मार्फत बोल्न लगाउँथें । र आफु पनि सानो स्वरमा आफ्ना संवादहरू बोल्ने गर्थें । यसरी मैले सर्वप्रथम गरीबको जीवन भन्ने नाटक लेखें तर कसैलाई देखाउने हिम्मत म मा आएन । पछि पद्मकन्या कलेजमा प्रमाणपत्र तहमा अध्ययन गर्दा त्यही नाटक मञ्चन गरियो र दोस्रो स्थान हासिल गऱ्यो । त्यसपछि भने मैले त्यो नाटक बाबालाई देखाएँ । उहाँले राम्रोसंग हेर्नु भयो र भन्नुभयो - 'यसलाई अलिकति परिमार्जन गरिस् भने धेरै सुन्दर नाटक बन्छ, तँ लेख्न सक्छेस् ।' त्यतिखेर म धेरै खुसी भएकी थिएँ । त्यसपछि पनि मैले अरु ४-५ वटा नाटकको पाण्डुलिपि तयार पारें कुनै लहडमा र त्यसै थन्क्याइदिएँ । त्यसैगरी मैले लेखेका कथा कविता, गजलहरू बाबालाई देखाउने गर्थें र उहाँले पनि निकै चाख मानेर हेर्नुहुन्थ्यो र सल्लाह सुझाव दिनु हुन्थ्यो । 'लेख्नु पर्छ, भाषा शैली भनेको आफैं बन्दै जान्छ ।' भनेर बेला बेलामा भन्ने गर्नुहुन्थ्यो । उहाँ हामीलाई आफ्नो बाटोमा हिँड्नु भन्ने चाहनुहुन्थ्यो । तर अफसोच ! हामीले उहाँको बाटोलाई पछ्याउन सकेनौं । यस कुराले आज पनि मलाई कता कता आत्मपीडा हुन्छ, पश्चात्ताप हुन्छ ।

उहाँको शालिन, मिलनसार, सहयोगी, निश्छल र सरल स्वाभाव, बहुआयामिक व्यक्तित्व र बढ्दो लोकप्रियताका कारण म उहाँलाई आदर्श पुरुषको रुपमा लिने गर्थें र

आफूलाई उहाँकी नातिनी हुन पाएकोमा भित्रभित्रै गर्व गर्थें । साँच्चै मैले नढाँटी भन्नुपर्दा त्यतिखेर युवा मानसिकताको उपज भनुँ वा स्वाभाविक मानवीय कल्पना भनुँ म मेरो जीवनसाथी पनि बाबा जस्तै महान साहित्यिक व्यक्तित्व होस्, त्यस्तै असल र इमानदार व्यक्ति होस् भन्ने चाहन्थें । संयोगवश बाबाको आशीर्वादले मैले त्यस्तै जीवनसाथी (उहाँले मन पराउनु भएको) पाएकी छु । मेरो बाबाप्रतिको अझ, आस्था, झुकाव र सहृदयका कारण म उहाँको सधैं निकट थिएँ । त्यसकारण पनि हामी बीच कहिलेकाँही विभिन्न विषयमा कुराकानी हुन्थे, छलफल हुन्थे । यस्ता छलफल हुँदा पाश्चात्य संस्कारले भित्र्याएको यो सामाजिक विकृती प्रति उहाँ असन्तुष्टि व्यक्त गर्नुहुन्थ्यो । उहाँलाई यो देशको चिन्ता थियो । यहाँका बालबालिकाको चिन्ता थियो । भोलि यिनीहरूको भविष्य कस्तो हुने हो ? उहाँ सदैव चिन्तित रहनुहुन्थ्यो । विकसित मुलुकले हामीलाई बौद्धिक दास बनाएको छ र यसबाट हामीले मुक्ति खोज्नुपर्छ भन्नुहुन्थ्यो । यस्तै-यस्तै जीवनोपयोगी र मार्मिक कुराहरू सुनाउनुहुन्थ्यो । म पनि खबै चाख मानेर उहँका कुराहरू सुन्ने गर्थें र बीचबीचमा प्रश्न गर्ने गर्थें । सबै प्रश्नको चित्त बुझ्दो उत्तरहरू पाएर म पनि खुसी हुन्थें र बाबा पनि कसैले त मैले भनेको कुरा बुझेर स्वीकार गरे भनि भित्रैदेखि खुसी हुनुहुन्थ्यो । त्यतिखेर म उहाँको हृदयको गहिराइलाई स्पर्श गर्न पुग्थें । उहाँ कहिले काँही कुनै सामान्य घटना घट्दापनि केटाकेटी जस्तै रुनुहुन्थ्यो सायद संवेनजशीलताको पराकाष्ठा थियो त्यो । उहाँ सबैलाई सहयोग गर्नुहुन्थ्यो । छोराछोरी, आफन्त र अरु पराइमा कुनै भेदभाव राख्नुहुन्नथ्यो । सबैलाइ समान व्यवहार गर्नुहुन्थ्यो । यो उहाँको महानता थियो । तर मानवीय स्वभाव न हो जोसुकै छोराछोरी पनि आफ्ना आमाबाबुले आफुलाई बढी भन्दा बढी माया गरुन् भन्ने ठान्छन्, त्यसैले नबुझ्दा सम्म छोराछोरीहरूमा उहँाप्रतिको गुनासो रहनु अस्वाभाविक थिएन । तर जेहोस्, आज आएर उहाँका यिनै गुणहरूले गर्दा उहाँको महानता र महत्ता अझ बढेको छ जस्तो लाग्छ ।

आज उहाँ हाम्रो सामु हुनुहुन्न, एउटा नमेटिने इतिहास बनिसक्नुभएको छ । यी सबै कुराहरू सम्झनाका पानामा अक्षरले लेखिनेछन् । यो विगतले वर्तमान बनेर बेलाबोलामा घच्घच्याइरहनेछ, उहाँको याद दिलाइरहने छ । अतीतका यी स्मृतिहरू सिनेमाका हरफझैं आँखा अगाडि आइरहेछन् । विश्वास लाग्दैन उहाँ यस धतीमा हुनुहुन्न भनेर, तर यो शास्वत सत्य हो, जन्मेपपछि मुर्न पर्छ । दोहोरो टिकट काटेर धर्तीमा प्रवेश गरेका हार्मा प्रवेशआज्ञाको म्याद सकिएपछि फर्कनै पर्ने रहेछ । यही सत्यलाई स्वीकार्दै आफ्नो फर्कने दिनको प्रतीक्षा गर्दै बाँचिरहेका हामी बाँचेर पनि मरिरहेका छौं, तर उहाँको भौतिक शरीर नरहे पनि उहाँ हाम्रो स्मृतिमा सदैव बाँचिरहनु हुनेछ अनन्त कालसम्म ..........!!

- नयाँ बानेश्वर
काठमाडौं

◆ ◆ ◆ ◆

# विकलको सम्झनामा



● होमनाथ सुवेदी
संस्थापक अध्यक्ष
अनेसास केन्द्र, वुडब्रिज,
भर्जिनिया, संयुक्तराज्य अमेरिका

रमेश विकलका नाति आलोक चालिसे अनेसास जापान च्याप्टरका २०१३–२०१५ का लागि अध्यक्ष थिए । यो उनको अध्यक्षताको अवधि २०१५ को सेप्टेम्टर १८, १९, २०, २१ २२ र २३ का दिनमा नै अनेसासको चौथो अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन टोकियोमा भएको थियो । अध्यक्ष आलोक भएकोले म जापान जाँदा उनकै भरोसा त हुने नै भयो । त्यसमा पनि मित्र विकलका नै नाति भएकाले उनीप्रति मेरो र नन्दाको बढी भरोसा थियो । हामी जापानमा भएको बेला उनले यो सम्बन्धलाई झन् बलियो बनाए ।

हामी सेप्टेम्बर १ तारिकमा जापान पुगेका थियौं । सेप्टेम्बर २२ का दिन हामी अमेरिकातिर उड्यौं । २२ दिनसम्मको त्यो लामो अवधिमा उनको पाहुना भएर बसेको बेलामा सीता र नन्दा जापानको तीज कार्यक्रममा नाचेको भिडियो हेरिरहन्छु र आज म मेरी मस्तिष्काघातबाट स्मृतिलोप भएकी नन्दालाई आफूभित्र व्युँताइरहन्छु, उनी छिन् भन्ने अवधारणा ताजा बनाइराख्छु । यो बनाउनमा हामी जापान गएको बेला तीजको दिन सीताले हामीलाई भूमिगत वाष्पयानमा विभिन्न मोडमा घुमाउदै डोराएर लेगेको याद आउँछ । उनले त्यसरी नलगेको भए त्यो तीजको कार्यक्रमको नृत्यमा न म पुग्न सक्थें न नन्दा र सीताको नृत्य देखिन्थ्यो । नन्दालाई त्यो नृत्यको प्रशन्नतामा पुराउन रमेश विकलकी पौत्रबधू सीता चालिसेले अति नै कष्ठसाध्य सेवा पुराएकी थिइन् । त्यो रमेश विकलले मलाई केही तिर्नु थियो वा मैले ऋणी हुनु थियो त्यो म जान्दिनँ तर भाषा साहित्यका मानिसको कुल गाँसिएको हुदोरहेछ कि नेपाल जापान अमेरिका जहाँ पुगे पनि उनीहरूलाई उनीहरूको त्यही भाषा कर्मले यौटा सूत्रमा गाँस्दो रहेछ र पुस्तान्तरमा पनि भेट जुराउदो रहेछ । पहिले विकलजीको नाती,विजयका छोरा आलोक भन्ने मलाई थाहा थिएन तर भाषा सेवाले अनेसास जन्मायो र जापान च्याप्टरको अध्यक्षमा आलोक चालिसे आएपछि मलाई थाहा भयो ।

म नेपाली भाषा साहित्यको सेवाको भावनाले प्रेरित भएर नै नेपाली साहित्यमा एम्.ए. गरें र विकलसित नै नेपाली भाषा लेखकको जागिर खाएँ पछि अमेरिका आए पनि भाषासेवाको क्रम चलिरह्यो । त्यसले मलाई रमेश विकलको तेस्रो पुस्तासम्म पनि जोडिरह्यो र एकात्मभाव बनाइरह्यो । विकल र म जनक शिक्षा सामग्री केन्द्रबाट छुट्टिए पनि छुट्टिन सकिएन । उनीसंग पत्राचार हुन्थ्यो र उनको नाति आलोक चालिसे त मलाई जापानमा मेरो अन्तरावलोकन नै बन्न पुगेकाले भन्छु भाषासेवीको वंश गांसिदो रहेछ कि भाषा सेवाको यो पारिवारिक ऐक्यवद्धता अनायासै उजागर हुदो रहेछ । विकलको जीवनको बारेमा सम्झना गर्दा यी तथ्य सम्झन्छु म–

उनको जन्म वि.सं. २०८५ साल कार्तिक २९ गते भाइटीकाको दिन गोकर्ण आरुबारीमा भएको थियो । उनका पिता डिठ्ठा चन्द्रशेखर, आमा छायादेवी थिइन् । उनका मातापिताले राखेको नाम हो रामेश्वर शर्मा चालिसे । साहित्यमा रमेश विकल, गाउँमा रामबाबु । चार पास गरी उनले २००६ सालमा नौसिन्दा (बहिदार)को जागिर खाए । पिताजी खुशी थिए तर त्यसै साल पिता बितेपछि विकल त्यो नाथे जागिरमा के बस्थे र छाडिहाले । २००६ सालमा नै उनले प्रगतिवादी गरीब कथा लेखेर शारदामा छपाएका थिए । २०११ मा प्राइवेट एसूएलसी दिए । २०१८ सालमा मदन पुरस्कार जिते । २०१८ सालमा त्यो बेलाको प्रचार विभागको यौटा पत्रिकामा ना.सु. सरहको सम्पादकमा जागिर खाए त्यो एकआध वर्षमा छोडेर जनक शिक्षा सामग्री केन्द्रको शाखा अधिकृत सरहको सम्पादक पदमा आए । त्यही उनले २०३६ सालसम्म काम गरे । उनी आख्यानमा कथाकार नै हुन् ।

उपन्यासमा उनी सामाजिक यर्थावादी धाराका साहित्यकार हुन् । उनको पहिलो उपन्यास सुनौली २०३३ र दोस्रो उपन्यास अविरल बग्दछ इन्द्रावती हो । तेस्रो सागर उर्लन्छ सगरमाथा हुन् । पहिलो र दोस्रो उपन्यासमा आञ्चलिकता पनि रहेको पाइन्छ । नियात्रामा सात सूर्य एक फन्को (२०३४) र निलगिरिको छायामा हुन् । उनले महेन्द्र प्रज्ञा पुरस्कार (२०३८) पाए । जनक शिक्षा सामग्री केन्द्र छोडेपछि उनले केही समय परीक्षा शाखामा विताए, त्यसको २, ३ वर्ष पछि उनलाई त्रिविविको प्राध्यापनमा नियुक्ति दिइएको थियो । पढाउदा पढाउदै उनलाई नेपाल प्रज्ञा प्रतिष्ठानको सदस्यमा नियुक्ति दिइयो । उनले प्रशस्त बालसाहित्य लेखेका छन् र हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह पनि छापिएको छ । उनी बितेपछि पनि तीनवटा कथा र यौटा स्मरण छापिएको छ । त्यस्तै धेरै कृति अभै प्रकाशोन्मुख भएको पाइन्छ । एकेडेमीको सदस्यको अवधि सकिएपछि उनी घरमा नै बसी लेखिरहेका थिए । वि.सं.२०६५ पौष २ गते निमोनिया भएर अचानक अस्पतालमा स्वर्गारोहण भएको हो ।

वास्तवमा म विकलसित कहिले र कहाँ कसरी जोडिन पुगें र हाम्रो भाषाको नातो गाँसियो त्यो जुन परिवेशले च्यात्न खोजे पनि च्यातिएन त्यो बुँदा खोल्न त शेष नै छ ।

बिकल सँगको सामिप्यता केलाउंदा आफ्नै कुन्डली खुल्दै गयो । त्यसैले अमेरिका न आउन्जेलको मिति उल्लेख गर्नु प्रासङ्गिक ठान्छु । वि.सं. २०३०/८/१० मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादीमा लोक संस्कृति योजनामा काम गर्न राजपत्राङ्कित तृतीय श्रेणी सरहको लोक संस्कृति सहायक पदमा नियुक्त भै आषाढ मसान्त, २०३१ सम्म  आठ महिना काम गरी जनकशिक्षा सामग्री केन्द्रको भाषा लेखकको पदमा वि.सं. २०३१/४/९ देखि २०३५ श्रावण ३१ सम्म काम गरेको हो । वि.सं. २०३५/५/१ मा शिक्षा मन्त्रालयबाट पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रको कक्षा १ देखि ३ कक्षा सम्मको पाठ्यपुस्तकको लागि सहायक पाठ्यक्रम पाठ्यपुस्तक विज्ञमा नियुक्त भै पापा तथा निविकेमा काम थाली वि.सं. २०३६ कार्तिक १८ सम्म १ वर्ष २ महिना काम गरेको हो । वि.सं. २०३६ कार्तिक १९ देखि २०३८ भाद्रसम्म रेडियो शिक्षा शिक्षण प्रशिक्षकको काम गर्न रेडियो शिक्षा शिक्षण प्रशिक्षण केन्द्रमा पाठ्यक्रम पाठ्यपुस्तक तथा निरिक्षण विकास केन्द हरिहर भवनबाट काजमा गई डेढवर्ष सानोठिमीमा काम गरेको हो । वि.सं. २०३८ भाद्र महिना १५ गते (अगस्त ३०, १९८१) मा स्क्रिप्ट राइटिङ्ग तालीम लिन तीन महिनाको लागि सदर्न इलिन्वाय युनिभर्विटी, कार्बोन्डेल, इलिन्वाय, अमेरिका गएर तालीम पूरा गरेको हो । त्यसपछि वाशिङ्गटन डीसीमा आई इ. १९८१ दिसम्बर १० देखि बेस्ट मेडिकल इन्टर्न्यासनलको ल्याबमा काम सुरु गरी हालसम्म अमेरिकामा नै अनेसासको माध्यमबाट भाषा साहित्यको वंशवृक्ष फैलाउने क्रममा नै फेरि रमेश विकलको तेस्रो पुस्तासम्म बन्धुत्व व्यवहृत हुनपुगेको हो । सेवा, जागिर र सन्तोषको लागि भएका विकल, सीता र आलोकसितका अन्तरावलोकन हुन् यी माथिको मेरो घुमाउरो जीवनको केन्द्रमा पुगेर हेर्दा ।

ती मध्ये पनि वि.सं. २०३१/४/९ देखि २०३५ श्रावण ३१ सम्म जनक शिक्षा सामग्री केन्द्रको भाषा लेखक पदमा काम गरेको चार वर्षको अवधि नै हो मेरो र रमेश विकलसित अन्तरङ्ग बसउठ भएको । म वि.सं. २०२६ को आषाढ १ गते पञ्चायत विरोधी क्रियाकलाप गरेको आरोपमा मुस्ताङ्गबाट पक्राउ परी दाना, बाग्लुङ्ग र पोखराको कारागारमा बसी श्रावण २८, २०२६ मा जेल मुक्त भएको थिएँ । म जेलबाट छुटेर आएको मान्छे, उनी वामपन्थी विचारधाराका लेखक । उहाँ नेपाली भाषा स्रष्टा, म नेपाली भाषाको विज्ञ। जागिरमा पदको नाम जेभए पनि गर्नेकाम नेपाली भाषामा पाठ्यपुस्तक सामग्री निर्माण नै थियो । सामान्यतया हाम्रा कुरा मिल्थे । अनि बिहान १० बजेदेखि बेलुकी ५ वजेसम्म जनक शिक्षा सामग्री केन्द्रको पाठ्यपुस्तक शाखामा बैकुण्ठलाल श्रेष्ठ, विश्वम्भर चञ्चल, रमेश पौडेल, निनू चापागाई (राल्फा), गोपाल पराजुली, रमेश विकल र होमनाथ सुवेदीको सदा कचहरी लागिरहन्थ्यो । वादविवाद छलफलमा वाल कथादेखि कामूसम्म र पञ्चायतदेखि कम्युनिज्मसम्मका सबै कुरा पर्थे । म पञ्चायतको संविधानको दफादफाको नाम दिएर खण्डन गर्थें । रामदाई त नेपाली भाषाको पुरानो सम्पादक र स्रष्ठा पनि थिए । त्यसैले पनि होला आआफ्नो विशिष्टताले होला पञ्चायत विषयका पुस्तक सम्पादन र मूल्याङ्कनका काम मेरै थाप्लामा पार्थे हाकिमले भने स्वाभावैले नेपालीको विकलसित बढी हुन्थ्यो मसँग अपेक्षाकृत कम । विकलको बिएड डिग्री भएको तर मेरो भने एमए । तर पनि शिक्षणको कुरा गर्दा बिएड बढी आवश्यक भएकोले विकलको प्रेरणाले मैले त्यही कामगर्दागर्दै रात्रीविद्यालयबाट बिएड पनि गरेको हो । त्यसको श्रेय मैले विकललाई दिनैपर्छ । मेरो अनुभवमा उनी मृदुभाषी थिए । उनले दिने उपदेशमा श्रोतालाई हितकारी लागिहाल्थ्यो । लेखकहरू आलोचनामा रहस्य खोज्छन् पक्कै पनि त्यहाँ व्यक्ति प्रशंसाभन्दा बढी निन्दा हैन निष्टा पूर्वक व्यक्तित्वका विवेचना हुन्थे । स्वयमूमा यदाकदा शास्त्रार्थ जस्तो लाथ्यो । बैकुन्ठलाल माडसाबको कार्यालय कक्षका सोफामा बसी उपर्खुट्टी लाएर गरेका मस्तानी गफहरू ऐले पनि ताजै लाग्छन् जसमा विकलको महत्वपूर्ण भूमिका हुन्थ्यो । लेखक शाखामा सबैले सबैलाई माडसाब भन्ने चलन थियो । त्यहाँ सर्वहाराको ताल थियो । हामी १५, १६ जना विशेषज्ञ हुने ठाउँमा जम्मा यौटा पिउन हुन्थ्यो । उसले कसको आज्ञा पालन गर्ने । सबै आज्ञा दिनेभन्दा स्वयं पानीभर्न रुचाउथे । त्यसै बेला विकलले सुनौली उपन्यास र सात सूर्य एक फन्को नियात्रा प्रकाशन गरे । मैले नेपाली लोककथाको परम्परामा छन्त्याल लोककथाको अध्ययन भन्ने पुस्तकको पाण्डुलिपी त्यही तयार गरेको हो । हाकिमले पाएसम्म बाहिरको काम गर्न किन दिन्थे र ? स्वतन्त्र लेखनलाई कसले कसरी जाँच्ने हो र ?  यसो फुर्सद पाए लेखकले आफ्नो कुरा टेबुलमा टिपिहाल्छ ।

ओह ! जाडाका दिनमा जनकशिक्षाको पल्लोपट्टिको चौरमा बसेर १० बजे देखि ११ बजेसम्म रमेश विकलसित बसेर

टन्न घाम तापेको आजै जस्तो लाग्छ। एकदिन हो र! दिनका दिन जाडोभरि पञ्चायतको दमन र विरोधी विकासको उत्कर्षको बेला त्यही नै हाम्रो पार्लियामेन्ट बन्थ्यो। लेखक जागिरे भएर आफ्नै कोठामा बसी लुरुलुरु लेख्नेभन्दा यसप्रकारको वादविवाद गर्दै लेखेकोमा तथ्यहरू सत्य उन्मुख हुदारहेछन् भन्ने मलाई त्यसबेला अनुभव भयो। लेखकहरू कसैले कसैलाई मान्ने होइन सबै आफूलाई महान् ठान्छन्। महान् हैनन् पनि कसरी भन्ने स्रष्टा ती द्रष्टा हुन् तर विकल सबैलाई साम्मे पार्ने नरम मिजासका थिए। सबैसित आत्मीयता थियो।

सानोठिमीमा बाह्र बज्दानबज्दै खाजा खाने बेला हुन्थ्यो। धेरै जसो विकल, चञ्चल, गोपाल र म एकैसाथ खाजा खान जान्थ्यौं। त्यो सानोठिमीको भट्टी पसलेले दिनमा यौटा मात्र कुखुरा काटेर पकाउथ्यो। त्यसले यौटा कुखुराको मासुमा ब्रेस्टका भाग यति स्वादीलो बनाउथ्यो कि त्यो खान हामी सबैको तँछाडमछाड हुन्थ्यो। कुखुराको छाती र त्यसको झोल, चिउरा र अचार यदाकदा थोरै लुकाएर ट्वाक पनि लगाइदिदा त अजस्र आनन्द आउँथ्यो। त्यो खान सदा हामी सँगै गएको आएको म कहिल्यै बिर्सन्न। विकल हामीभन्दा उमेरले १९ वर्ष जेठो र सिर्जनामा पनि अगाडि थिए, मदन पुरस्कार विजेता पनि भएकोले उनलाई नमान्ने त कुरै भएन तर एकैठाऊँमा सहकर्मी भएर काम गर्दा असङ्ख्य मतान्तर भए होलान्। अन्तर्विरोधको बीच पनि सहमति खोजिए होला। यी त सहकर्मीका दिनचर्या नै हुन्। मुख्य कुरा हाम्रो बीचमा सदाशयता र सौहार्दता प्रशस्त विकास भएको थियो। ट्वाकमा उनको असमति हुन्थ्यो तर विरोध होइन। समयले छुटायो, खेद लाग्छ, समयले नै अमेरिका आएपछि पनि भेट र अन्तवार्ता तथा चिठीपत्र पनि गरायो। सन् १९९७ मा विकल अमेरिका आएको बेला विकलको स्वागतमा उनका फोटा र भिडियो अनेसासकी संस्थापकमध्ये एक व्यक्ति नन्दादेवी सुवेदीले लिएकी थिइन्। आज नन्दाको स्मृति लोप भयो, विकलको पनि स्मृति लोप भयो। मेरा दुई प्रिय पात्र नन्दा र विकलको स्मृतिमा खोज्दा आज भेटिएको यो अमेरिकामा लिएको तस्वीर छुटाउन मन लागेन र यहाँ दिएको छु।

विकलको तेस्रो पुस्ताका नाति आलोकले अनेसासको कदममा कदम चालेर अनेसासको माध्यमबाट जापानमा भाषा विस्तारमा काम गर्न अगि सरकाले हामीलाई काम गर्न एकसाथ जुटायो। आलोकमा विकलको आलोक छरिएकैले उनी जापानको अध्यक्षमा विजय भएका हुन्। विकल, विजय र आलोक नेपाली भाषा सेवाका कुलमा दरिला स्तम्भ हुन्। हामी पनि उनका साथमा छौं र विकलले छोडेर गएको विरासत हामी र हामीभन्दा तल पुस्तान्तरण हुदै जानुपर्छ र मात्र विकल सदा हाम्रो अगाडि स्मरणमा रहन्छन् र अमर रहन्छन्।

अध्ययनशील व्यक्तिलाई दार्शनिक र साहित्यकार बन्नलाई उनीहरूको परिवेश र अविरल प्रवाहित जीवनगीत नै सबभन्दा ठूलो विश्वविद्यालय बन्दछ, कुनै औपचारिक महामहोपाध्यायको गाउन लाउन वा लाएकै हुनुपर्छ भन्ने जरुरी छैन भन्ने कुराका लागि विकल एक उदाहरणीय व्यक्तित्वका धनी साहित्यकार थिए। यसको अर्थ यो होइन कि उनले डिग्री लिएकै थिएनन् अपितु वि.सं. २०११ सालमा एस्एल्सी गरी पछि चारवर्षे विएड पनि गरेका थिए। सबभन्दा ठूलो कुरा यौटा साहित्यकारमा मानवसभ्यता र सँस्कृति हिजो आज र भोलिको अध्ययन, अनुशीलन गरी लेख्न सक्ने प्रज्ञाचक्षु त उसमा हुनैपर्छ। यही गुण भएकैले विकलको साहित्यले समाजिक, साँस्कृतिक र आर्थिक गतिलाई प्रगति उन्मुख अभिव्यञ्जनामा अभिव्यक्ति दिन सकेको हो। यसैले विकललाई आख्यानकार, साहित्यकार, प्राध्यापक र प्राज्ञ बनाएको हो। यही नै उनको जीवनको विशिष्टता पनि हो।

सादा जीवन उच्च विचार उनको आदर्श थियो। आरुबारीको घरमा बसेर दिनौं सानोठिमीमा भएको जनकशिक्षासामग्री केन्द्रमा पुगेर भाषा सम्पादन जस्तो कठोर काम गरेर अझ बेलुकी नयाँसडक पनि एकफन्को घुमेर बाँसुरी बजाउदै चावहिलबाट आरुबारीको घर फर्कदा उनीसंग कति



समय बच्थ्यो होला र कुन समयमा त्यति धेरै कसरी लेखेहोलान् ? कसरी कुन बेला कुची लिएर पेन्टिङ र प्रस्थरका मूर्ति बनाउने मात्र होइन काष्टकलाका नमुना बनाउने अनि माटाका मूर्ति बनाउने र पौडिखेलेर जीवनको आनन्द पनि लिने समय कसरी जुटाए होलान् ! यी सबै उनको सादा जीवन र उच्च विचारले मार्ग प्रशस्त गरेका कुरा हुन् । इच्छा भए बाटा अनेक भेटिन्छन्, मान्छे एकदिन गन्तव्यमा पुगेरै विश्राम लिन्छ । उनी यसका उदाहरण थिए ।

उनले सामन्तको विरोध गरेर कथा लेखे । त्यसको उत्प्रेरणा उनलाई उनकै घरमा प्राप्त थियो । फरक यत्ति हो कि उनी समय सापेक्ष विद्रोही स्वभावका थिए । त्यसैले त्यो बेलाका डिट्ठाको (आजकलका जिल्लान्यायधीशको भन्दा धेरै माथि सम्मान र कदर थियो, पैसा पनि कमाउथे) पालामा कमाराकमारी पनि खेलाएका, तिनको शोषण  गरी काम लिइएको देखेसुनेकैले मात्र नभई उनका वरिपरिका गरीब जनताको जीवनको बीच सहृदयी आँखाले सामन्तको घर आँगन र छरछिमेकमा हुने गरेका असङ्ख्य शोषणका बाछिटा हैन, हुरी बतास नै देखे भोगेका थिए । तिनकै उत्थानको लागि डिठ्ठा चन्द्रशेखर शर्मा उपाध्यायका छोरा भएर पनि उनी सामन्तका पक्षधर बनेनन् बरु विद्रोही बनेर प्रगतिशील साहित्यकार बने ।

प्रगतिशील लेखक सङ्घका अभियन्ता साहित्यकार श्यामप्रसादको मावली घर चावहिलमा भएको र उनको साथको सङ्गतले विकलको विद्रोही स्वभावलाई औपचारिक प्रगतिशील साहित्यको कथा विधामा प्रथम मानिएको २००६ को गरीब कथाको रचयिता बनायो । बाबुको जस्तो बहिदार, खरदार, डिठ्ठा, सुब्बा हुदै न्यायाधीशको मेजमान्की खाने काममा नलागेकोले उनी घरमा आउट्साइडर जस्तै थिए । तर उनीभित्र पावन निर्वासन थियो अपावन निर्वासन थिएन । त्यसैले राजनीतिका बाछिटाले भिजायो । पहिले २ वर्षकै उमेर आमा बितेर टुहुरा भएर हुर्केका त्यसमा पनि २००६ सालमा नै डिठ्ठा साब चन्द्रशेखर बाबाको देहान्त भो र उनी झन टुहुरा भए । टुहुराको भाग्य पछिल्तिर हुन्छ भनेर बूढाहरूले भने जस्तै उनी सानैमा घरको टुहुरो आफै घर मालिक भएर निर्णय गर्नुपर्ने पारिवारिक पाठशालाका विद्यार्थी बन्न पुगेका थिए । यसले उनलाई अझ तिखाऱ्यो र लाग्ने हतियार बनायो । त्यसैले डिठ्ठा सामन्त बाबुको छोरा डिठ्ठाभन्दा पनि बढ्ता  चर्का र लाग्ने कर्द जस्तै भएर कम्युनिष्ट पार्टीको पर्चा टाँस्न थाले । २००९ सालतिर त उनकै भनाइमा कम्युनिष्ट पार्टीले चावहिल क्षेत्रको जिम्मा पनि दिएको थियो । उनको पावन निर्वासनलाई पार्टीले यौटा क्रान्तिकारी बन्ने पाठ दियो साथै उनमा भएको विलक्षण प्रतिभा र निर्वासन भावनाले उनलाई ध्वस्त बनाएन बरु समाजवादोन्मुख जगत्मा रङ्गिन सिकायो र पार्टीको झन्डाभन्दा पनि माथि उठेर प्रगतिशील साहित्यको स्रष्टा बन्न पुगे । स्रष्टा बन्नु आफैमा व्रह्मा बन्नु हो । यो मर्त्यमा डिठ्ठा बन्नुभन्दा प्रगतिशील साहित्यका स्रष्टा बन्नुमा रति पनि कमी छैन । उनले डिठ्ठाको इज्जत र खानदानी आनमान र सानलाई आफ्नै पाराले उच्च राखे मात्र होइन नेपाल र नेपालीकै प्रगतिशील कथाकार बनेर सबैको शिर उचा बनाए । पारिवारिक महत्वाकांक्षा र सत्सङ्गतले मान्छेलाई महान् बनाउँछ भन्ने कुराका प्रमाण हुन् विकल । नयाँ सडकको गीत कथा सङ्ग्रहमा वि.सं २०१८ सालको गद्यसाहित्य तर्फको मदनपुरस्कार उनले जिते । यसले उनलाई विजेता बनाएपछि उनी कहिल्यै हार्न चाहेनन् र आफू हारेनन् पनि । सबभन्दा ठूलो कुरा आत्मसम्मान र प्रतिष्ठासाथ उनी बाँचे । आज उनी छैनैन्, गए । गए पनि मैले जनकशिक्षासामग्री केन्द्रमा काम गर्दाका साथीहरूमध्ये एक उनी अमर बनेका छन् । सम्झना रहेसम्म जीवन जीवन रहन्छ । सम्झना सकिएपछि त्यो जीवन रहन्न । उनी सदाको लागि सम्झनामा प्रतिस्थापित चावहिलको चोकको सालिक बनेका छन् ।

महत्वकांक्षा नभै मान्छेले प्रगति गर्न सक्दैन । डिठ्ठा चन्द्रशेखरको सानलाई विकलले यौटा उचाइमा पुराएभने उनका सुपुत्र विजय चालिसे गोरखापत्र संस्थानका प्रमुखसम्म बनेर लेखकीय गौरवता थामेका छन् र रमेश विकल साहित्य प्रतिष्ठान माथि उठाएका छन् । विकलका नाति आलोक चालिसेले जापानको प्रबासमा रहेर पनि नेपाली भाषा साहित्यको विकासमा नेपालभित्र मात्र हैन, जापानभित्र मात्र हैन अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको सेवा मार्फत नेपाली साहित्यलाई राष्ट्र राष्ट्रमा फैलाउन सेबा पुराएर पितामह पिताको महत्वाकांक्षाको मन्दिरमा अर्को छानो थप्ने काम गरी डिठ्ठा चन्द्रशेखरको गौरवशाली खानदानी परम्परालाई उँचा राख्ने काम गरेका छन् । मानवसभ्यता र संस्कृतिको यो महान् विकासको रूप यस्तै बूढाहरूले कमाएर केहीनलगी छोडेर जाने र सन्तानले त्यसैमा विकास गर्दै अगाडि बढाउने पद्धतिले सम्भव भएको हो । अनेसास जापान च्याप्टरका पूर्व अध्यक्ष आलोक चालिसे ऐले नेपाल फर्केर नेपाल आमाको सेवामा छन् र उनले विकल साहित्य प्रतिष्ठानको जिम्मेबारी काँधमा उठाएका छन् । यो भन्दा ठूलो खुशी र गौरव विकललाई के हुन्छ !  हरएक पितामहले यस्तै नाति पाउन् । नातिले यस्तै पिता, पितामह पाऊन् योभन्दा ठूलो स्मरणीय कथा र गाथा यो लोकमा अर्को के हुन सक्छ ! यही त अविरल बग्ने मानवसभ्यता र सँस्कृतिको सम्पदा र चमत्कृति हो । पूर्वजको स्मृतिमा समकालीनको साथमा र सन्तानको आशमा भएको अमरताको सिक्री नै मानवताको सीमा हो र विकलसित जोडिएको गौरव गाथाका हामी सम्वाहक हौं । अरूहरू नरक भएपनि हामीहरू अरूको विना अस्तित्वहीन हुन्छौं । चेतनाको यो त्रिकोणात्मक सम्बन्धमा अरूहरूलाई अभिभावक मान्नुपर्छ अन्यथा सहअस्तित्वको सम्भावना समाप्त हुनगए कृपाभाव मान्छेमा रहन्न जसको विना मानवसंस्कृति नै धरापमा पर्छ ।

हामीले वि.सं. २०३१ देखि २०३५ सम्म जशिसाकेन्द्र पाँच वर्ष संगै भाषा लेखन र सम्पादनको काम गरेका थियौं । त्यसबेला मैले पाएँ उनमा परस्पर प्रतिद्वन्द्विता र सहकारिताको भाव नै प्रचुर मात्रामा थियो । त्यसैले उनी जीवनका अन्तिम दिनसम्म सचेत भएर बाँचे र हाम्रो सम्झनामा अमर भए ।

म अमेरिका आएको १६ वर्षपछि रमेश विकल नेपाल प्रज्ञाप्रतिष्ठानको सदस्यमा मनोनित भएपछि अमेरिका भ्रमणमा

आएको बेला ई.१९९७ मा भेटेर खुशी मनायौं। मैले अनेसासको मुखपत्र अन्तर्दृष्टिकोलागि अन्तवार्ता लिएँ। त्यसबेला उनको भनाई थियो आप्रबासमा नेपाली भाषा र साहित्यको विकासको खाँचो छ, ऐले सबैको ध्यान यता जानु आवश्यक छ। त्यसलाई हामीले उपयोगमा ल्यायौं।

२. अनेसासको त्रैमासिक साहित्यिक पत्रिका अन्तर्दृष्टिको वर्ष १८, अङ्क १, पूर्णाङ्क ३४, वैशाख २०६६ लाई अनेसासले रमेश विकल विशेषाङ्क प्रकाशित गऱ्यो र विकलको योगदानको उच्च मूल्याङ्कन गरेको छ। त्यसमा मेरो रामदाइको चिठी शीर्षकमा यौटा संस्मरण छापिएको छ। त्यसमा विकलको योगदानलाई उच्चमूल्याङ्कनको साथ राखिएको छ। त्यसमा रमेश विकलले नातिलाई जापान पठाएको चिठी छापिएको छ। त्यसमा पितामहको नातिप्रति आशाका किरणहरू छरिएको पाइन्छ। त्यो पत्रिकाको सीता, आलोक र प्रकाश माइलाको दुनियामा छैनन्। तर पनि म उनका ती सीतासित नाचेका जापानका तीजका भिडियो जस्ता संस्मरण हेरेर उनलाई जीवित भएको अनुभव गर्छु। त्यो उनको लागि हैन। उनी त चेतनामा छैनन् तर उनी छिन् भनेर आफूलाई सन्तुष्ट बनाउनका लागि हेर्छु। नन्दा मेरो हेराइमा सीतासित नाचेको फुर्तिलो अनुहार देख्छु। त्यो अमरता, मेरा लागि हो नन्दाको लागि होइन। म छन्जेलको लागि हो। नन्दालाई कुनै मानवीय चेतना नै छैन। त्यस्तै विकलको पनि सशरीर चेतनाशून्य भो तापनि उनले दुनियालाई देन दिएका छन्। त्यस्ता प्रिय व्यक्तित्वका फोटाहरू, भिडियोहरूको सङ्कलन, प्रदर्शन र सालिकको निर्माण गरे गराएर विकललाई दुनियाले हेर्ने र उनको अमरताको जीवनको अनुभूतिगर्ने काम दुनियाको हो। विकललाई होइन। दुनियालाई दुनियाद्वारा दुनियाका स्मृतिमा रमेश विकल अमर प्रतिबिम्बित हुन्छन्। यसको



म संरक्षक थिएँ र सम्पादक मध्येका एक स्वयम् आलोक चालिसे थिए। आप्रबासमा विकललाई चिनाउन आलोकको यो नेतृत्वले धेरैलाई डोराएको छ। पहिले अनेसासमा आलोक चालिसे केन्द्रिय कार्यकारी सदस्यमा छानिदा मलाई विकलका नाति हुन् भन्ने थाहा पनि थिएन। डा. कुमार बस्नेत र प्रकाश माइलाले असल साहित्यानुरागी कर्मठ व्यक्तिको रूपमा चिनाएकाले मेरो उनीप्रति विश्वास बढ्यो। उनले त्यसलाई कालान्तरमा प्रमाणित गरे। ऐले नेपाल फर्केर पनि विकलका नातिले मलाई फस्काएर यो संस्मरण लेख्नलाई धच्घचाएर भने, म ऐले रमेश विकल साहित्य प्रतिष्ठानमा संलग्न छु। यसपटक पिडिएफ्मा अनलाइन स्मारिका निकाल्दैछौं। त्यसको लागि यहाँको यौटा संस्मरण चाहियो। यद्यपि नन्दाको थेरापीमा ध्यान दिनुपर्दा मसँग लेख्ने समय थिएन। तैपनि मैले विकलको यो तेस्रो पुस्ताले साहित्यसेवालाई क्रमिकता दिएको पाएँ र अत्यन्त खुशी लाग्यो र भनें– हुन्छ।

हो, मेरी श्रीमती नन्दाको स्मृति लोप भएको छ। उनी म, लागि पुत्रपौत्रादिले प्रतिष्ठान खोलेर प्रतिष्ठानभित्र र बाहिर आरुबारी, विकल चोकमा समेत विकलको सालिक राख्ने व्यवस्था मिलाएर दुनियाको मनमस्तिष्कमा विकललाई अजर अमर राख्ने पितृकार्य गरेका छन्। यसको प्रभावले पितृमा तृप्तिको अनुभूति, सन्तानमा सम्मान जनक मुस्कान र दुनियाँको अन्तर्दृष्टिमा विकल प्रतिबिम्बित भएका छन् र अजर अमर भएका छन्। विकलकी पौत्रबधू सीता र नन्दा नाचेको हेरेर मैले नन्दा जीवित छन् भन्ने आनन्द लिए जस्तै विकललाई छातीमा राखेर दुनियाँले उनलाई सालिकमा रूपान्तरण गरी स्मृतिमा अमर राखेका छन्। तीमध्ये म पनि एक हुँ। विकलको सम्झनाको लागि युट्युबमा गएर हेर्ने गर्दछु। यो विश्वग्राममा विकलका स्मृति सामग्री अनलाइनमा पनि अझ बढी उपलब्ध हुनसके उत्तम। लेख्नुपर्ने त धेरै कुरा थिए। ऐले यत्ति मात्र।

◆ ◆ ◆ ◆

# त्यही गीत गुन्गुनाउन मन लाग्छ



● प्रकाश पौडेल 'माइला'

कुनै यस्ता दृश्य हुन्छन्, जसलाई फर्की-फर्की हेर्न मन लाग्छ । कुनै यस्ता क्षण हुन्छन्, जसलाई पटक-पटक सुम्सुम्याउन मन लाग्छ र कुनै यस्ता गीत हुन्छन्, जसलाई पटक-पटक गुन्गुनाउन मन लाग्छ । रमेश विकल यस्तै दृश्य हुन्, त्यस्तै क्षण हुन् र त्यस्तै सङ्गीत हुन्, जसलाई पटक-पटक हेर्न मन लाग्छ । पटक-पटक सुम्सुम्याउन मन लाग्छ र पटक-पटक गुन्गुनाउन मन लाग्छ ।

गएको वर्ष एउटा लेख लेखिसकेपछि लागेको थियो, अब मैले उहाँका लागि व्यक्त गर्ने श्रद्धाञ्जलिका शब्दहरू छैनन् । मैले पूर्णरूपमा आफू निखारिएर त्यो बेला कलम चलाएको ठानेको थिएँ। प्रत्यक्ष भेटेका, भेट्न नपाएका (देखेका, देख्न नपाएका साहित्य प्रेमी र पाठक सबैका सामु अजर हुनुहुन्छ । त्यसैले त सम्झनामा, शब्दमा, श्रद्धामा कहिले ओभेलिदैन वहाँको आयाम। मजस्तो नाति-पुस्तालाई रमेश विकलजस्तो देशकै अब्बल स्रष्टाका बारेमा लेख्ने अवसर प्राप्त हुनु सानो भाग्य होइन

म सदा रमेश विकलसँग कुनै न कुनै रूपमा जोडिइरहें। त्यसैले प्रत्यक्ष भेट्न नपाएको गुनासो यो मनमा कहिल्यै पसेन !कहिल्यै लागेन, म उहाँबाट टाढा थिएँ । उहाँको बालपुस्तक पढेर हुर्किएको म, ज्ञानका भण्डारले खारिएका प्रौढ लेखनबाट प्रभावित मलाई उहाँका लेखनबाहेकका कुरा सुनाइदिन एउटा यस्तो हुलाकी हुनुहुन्थ्यो, जसबाट धेरै कुरा थाहा पाउँदै गएँ रमेश विकलका विषयमा भाग्यले मलाई उहाँको नातिसँग सङ्गत गर्ने अवसर जुराएको थियो । विकलका विविध पाटोका कुराहरू म आलोकजीबाट सुनिरहन्थें ।

हामीलाई नेपाली पढाउने मेरा प्रिय नरपति पौडेल गुरु पहिलोपटक रमेश विकलका रचना पढ्ने अवसर पाएको थिएँ । गुरुले मलाई कथाहरू नामक एउटा सानो पुस्तिका उपहार दिनुभएको थियो । ती कथा बालबालिकालाई लक्षित गरेर लेखिएका थिए । ती कथा मलाई यति धेरै मन पर्‍यो कि मेरो बालमनमा रमेश विकलको नाम शिलापत्रमा झैं खोपिएर रह्यो । त्यसपछि मैले हिउँदे छुट्टीनामक अर्को पुस्तक फेला पारें । त्यो पुस्तक कसरी पढ्ने अवसर पाएँ, ठ्याक्कै सम्झन सक्तिनँ तर यसमा भएका कथात्मक उत्प्रेरणाले मलाई जीवनमा सकारात्मक भएर अघि बढ्नुको अर्थ सम्झायो । त्यसपछि त रमेश विकल मेरा लागि लक्ष्मीप्रसाद देवकोटाजस्तै, लेखनाथ पौडेलजस्तै पढ्नुपर्ने लेखक बन्न पुगे ।

त्यो बेला आजको जस्तो पुस्तक प्राप्त गर्नु सुलभ थिएन । निजी प्रकाशन गृहहरूको प्रतिस्पर्धा सुरु भएको थिएन । हामीले साझा प्रकाशनभन्दा अर्को प्रकाशन गृहको नामसमेत थाहा पाएका थिएनौं । यस्तो अवस्थामा चितवनको एउटा ग्रामीण क्षेत्रमा बस्ने मजस्तो किशोरले पढ्न पाएका ती दुई पुस्तक जस्तै खुराकले नै मेरो सोच्ने शैली परिवर्तन बनाएको अहिले आएर महसुस हुन्छ । त्यसपछि नै मैले उनका किताब खोज्न थालेको । धेरैपछि मैले वैशाख-जेठ हुँदै चैतसम्मका महिनाका विषयमा लेखिएका गीत पनि पढ्ने अवसर पाएँ । त्यो पुस्तकले प्रकृतिको परिवर्तनलाई सजिलो गरी बुझाउने प्रयास गरेको छ । आज हाइकु लेख्न बस्दा मलाई प्रकृतिको त्यो सामान्यज्ञान राम्रोसँग काम लागिरहेको छ ।

कक्षा ८ मा हाम्रो पाठ्यपुस्तकमा 'भूतको शिकार' नामक सामाजिक कथा राखिएको थियो । उक्त कथाले कसरी निडर भएर सत्यतथ्य पत्ता लगाउने भन्ने कुरा सिकाउँछ । यो कथा पढाउँदा नेपाली शिक्षकले रमेश विकलका बारेमा पनि धेरै कुरा बताउनुभएको थियो । त्यही समयको आसपासमा नेपाल टेलिभिजनमा अविरल बग्दछ इन्द्रावती उपन्यासमा आधारित टेलिशृङ्खलाले आम नेपाली दर्शकको मन जितिरहको थियो । यसको चर्चा गाउँ-गाउँमा हुन्थ्यो । त्यो समय नै यस्तो थियो,

टेलिभिजन र रेडियोका कार्यक्रमहरूका विषय ग्ल्यामर थियो । घरमा टेलिभिजन नहुँदा हामी छिमेकी घरको झ्यालमा उभिएर टेलिभिजनका धमिला दृष्य हेरेर छक्क पर्दथ्यौँ । इन्द्रावती नदी किनारका माझीका दुःख देखेर झ्यालको डन्डी समाएर हेर्दै आफ्नै परिवेशसँग तुलना गर्थ्यौं ।

क्याम्पसका दिनहरूमा मसहित केही साथीहरूको चासो साहित्यतर्फ गयो । त्यसपछि मधुपर्क, गरिमाजस्ता पत्रिकाहरूमा रमेश विकलका नयाँ-नयाँ कथाहरू पढ्न पाइन्थ्यो । ती कथाको मुन्तिर सधैँभरि गोकर्णेश्वर,आरुबारीठेगाना लेखिएको हुन्थ्यो । त्यो नाम त मज्जाले याद गरेको थिएँ तर त्यहाँ पुग्ने आँट भने गर्न सकेको थिइनँ । यही बेला पढ्न पाएको 'लाहुरी भैँसी' कथा पनि मेरो मनलाई औधी मनपरेको थियो ।

जापान पुगेपछि मैले ल्याएको पुस्तकहरूमध्येको एउटा किताबको नाम थियो, नयाँ सडकको गीत । यो किताब लामो कालसम्म मेरो सिरानीमै रह्यो र बेला बेलामा बिरानो देशमा नेपाल सम्झन त्यो किताबले ठूलो भूमिका निभायो । यसरी मलाई रमेश विकलले सधैँ पच्छ्याइरहे । मेरो जीवनमा कुनै सुन्दर गीत जस्तो, कुनै सुन्दर दृश्य जस्तै र कुनै सुन्दर घटना जस्तै रमेश विकल बेला बेला आइरहन्थे ।

सन् २००७ को लक्ष्मीपूजाको दिन अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) जापान च्याप्टरको एउटा साहित्यिक कार्यक्रमथियो । अब म विकलको लेखन दुनियाँबाट उहाँको नाति मार्फत् भौतिक दुनियाँमा जोडिनपुगेको थिएँ । अब मैले उहाँका अक्षरबाहेक उहाँले बाँच्नु भएका भौतिक दुनियाँ र पारिवारिक निकटता थाहा पाउन थालेको थिएँ ।

रमेश विकलले लेख्नुभएका धेरै गम्भीर पुस्तक पढे पनि मलाई भने उहाँको प्रभाव प्रगतिवादी नै लाग्यो । उहाँले लेखेका हरेक पुस्तकले मलाई राम्रो र असल बन्ने प्रेरणा दिने गरेको छ । उहाँका तेह्रमाइला कथा (२०२२), अँगेनाको डिलमा (२०२३), एक्काईस रमाइला कथाहरू (२०२३), पञ्चतन्त्रका कथाहरू (२०२३), हिउँदे छुट्टीमा (२०४९) जस्ता पुस्तकले बालबालिकार किशोर पाठकहरूलाई साहित्यप्रति आकृष्ट गराउँछ । उनीहरूमा नयाँ चेतनाको विकास गर्न सहयोग गर्छ । निकै पहिले पाठ्यपुस्तकहरूमा राखिएका यी कथाहरू पछि पढ्दा पो मैले थाहा पाएँ, मलाई साहित्यप्रतिको रुचि जाग्नविकल र उहाँका समकालीन धेरै साहित्यकारहरूको प्रभावमा परेको रहेछ । यस्तै कथाहरू पढेर सानो छँदा परोपकार र जीवनउन्मुख विचार आएका रहेछन् । म भन्दिनँ, आज ममा जस्तो व्यक्तित्व बनेको छ, त्यसको पूर्ण हकदार रमेश विकल हुन् तर यति भन्न सक्छु – मभित्र रहेका केही सकारात्मक सोचाइमा उहाँको यथेस्टयोगदान छ । मानव र मानवेत्तर पात्र खडा गरेर बुनेका विकलका कथाहरू पढेर साहित्यमा रस बसेको हो भन्न पनि कन्जुस्याइँ गर्नुहुँदैन । आज हाइकु लेख्दा मैले कुनै न कुनै रूपमा यस्तै प्राकृतिक बिम्बको साहरा लिने गरेको छु, जुन हाइकुको आधारभूत मान्यता पनि हो ।

जम्मा डेढ वर्षको उमेरमा आमा गुमाएका काँठ क्षेत्रमा हजुरबुवाको काखमा हुर्केका विकललाई सायद अभिभावकको माया नपाएको पीडा हुँदो हो । यही कारण उहाँ बालबालिकाप्रति विशेष चासो राख्नुहुन्थ्यो । अरू साहित्य लेख्दै गर्दा बीच-बीचमा बालसाहित्य लेख्नुको कारण पनि सायद यही थियो । चालिसेबाट 'विकल' उपनाम राख्नुको पछाडि पनि एक्लोपन, दुःखी जीवनको सङ्केत दिन्छ, तर यो दुःख उहाँले लेखनमा कहिल्यै देखाउनुभएन । दुई भागमा निस्किएको उहाँको आत्मकथा पढ्दा मात्र उहाँको अक्करे भीरजस्तो डरलाग्दो बाल्यकालको बोध पाठकलाई हुन्छ ।

बाल्यकालको रमाइलो अनुभव गर्न नपाई उहाँ १३ वर्षको उमेरमा हजुरबुवाका लागि विवाह गर्नुपर्ने कारण थाहा पाउँदा म लामो समय छक्क परेको थिएँ । आफ्नो रुचि चित्रकला र सङ्गीतमा हुँदाहुँदै पनि घरेलु वातावरणका कारण ती कुरालाई अन्तिम समयसम्म सम्झेको कुराले पनि मेरो मन भारी बनाउँछ । विकलका अप्ठ्यारा जीवनबारे सम्झदाजीवनलाई सकारात्मक रूपमा बाँच्ने प्रेरणा जागृत हुन्छ ।

मृत्युको केही वर्षअघि आफ्नो नातिलाई लेख्नुभएको पत्र पढेर लामो समय भावुक भइरहेँ । तीमध्ये २०६१ साल असार ९ गते नातिका नाममा लेख्नुभएको पत्र गहन साहित्यिक अभिव्यक्ति थियो । पत्रमा नातिलाई सम्बोधन त थियो तर हरेक नातिपुस्तालाई गहन सबक सिकाएको थियो । उहाँले लेख्नुभएको छ –

'म साहित्यकार त नियतिले बनेको हुँ । खासमा म कलाकार र सङ्गीतकार बन्न चाहन्थेँ तर सकिनँ । त्यो छोराछोरीहरूबाट पूरा होस् भन्ने चाहन्थेँ । यही चाहनाले तिम्रो बुवा (विजय चालिसे) लाई कुची र रङ दिएँ तर उनले पनि कलम नै समाते र आज एउटा परिचय बनाएका छन् । अब त्यो चाहना दोस्रो पुस्ता अर्थात् तिमीबाट पूरा होस् भन्न चाहन्छु । तिमीले ती सपनाहरू अवश्य नै पूरा गर्नेछौ ।'

विडम्बना के भने आलोकजीले पनि क्यान्भास र कुचिमा हैन, कलममा नै रुचि देखाउनुभयो । कलामा भएको अलि-अलि रुचि जापान प्रवेशसँगै बिट मार्नुभयो । आलोकजीलाई मैले पहिलोपल्ट देवकोटाको कार्यक्रममा कविकै रूपमा चिनेँ । कविबाहेक आजभोलि विभिन्न संस्मरणात्मक लेख, यात्रा-साहित्य लिएर उहाँ विभिन्न अनलाइन र छापा पत्रिकाहरूमा झुल्कनुहुन्छ ।

'हरेक पिताजी आफ्ना सपना छोराहरूबाट पूरा होस् भन्ने चाहन्छन्, छोराहरूले पूरा नगरे नातिहरूबाट त्यो काम होस् भन्ने चाहन्छन् । कारण छोरा र नातिहरू आफ्नै शरीरका नयाँ रूपहरू हुन् ।'

यो पत्र पढ्दै जाँदा मैले उहाँका असङ्ख्य पाठकहरू सम्झेँ । ती उहाँका छोरा वा नाति होइनन् तर उहाँले लेखेका कुरा पढेर अघि बढेका मानसपुत्रहरू हुन् । तीमध्ये सयौँ

चित्रकार भए होलान् र सयौँ सङ्गीतकर्मी पनि भए होलान् । जसरी आज उहाँ मेरो लेख्न, पढ्न सक्नुहुन्न, त्यसैगरी उहाँका सयौँ सङ्गीतकर्मी र कलाकार पाठकहरूलाई देख्न पाउनुहुन्न तर ती सबै उहाँका मानसपुत्र हुन् । यो कुरा सम्झँदै गर्दा लाग्छ – एउटा लेखक आफू सङ्गीतकर्मी र कलाकार हुन नसके पनि उसले धेरै कलाकर्मी र सङ्गीतकर्मी जन्माएको हुन्छ । उसका हरेक सङ्गीत र कलामा कतै न कतै रमेश विकल छन् भन्ने लाग्छ ।

अचानक उहाँको देहान्त भएको खबरले मर्माहत हुनुपर्‍यो । यता हामीले १३ औँ दिनको तिथि पारेर श्रद्धाञ्जलीसभाको आयोजना गर्‍यौँ । अनेसासले दुई वर्षका लागि मलाई अन्तर्दृष्टिको प्रधानसम्पादकमा चयन गरेको थियो । अनेसास केन्द्रीय कार्य समितिको मुखपत्र अन्तर्दृष्टिको अङ्क ३४ लाई ‘विकल विशेषाङ्क’ का रूपमा प्रकाशन गर्ने योजना बनायौँ । रमेश विकल विशेषाङ्कमा हामीले प्रसिद्ध कलाकार एवम् निबन्धकार मनोजबाबु मिश्र, गोविन्द वर्तमान, बुद्धिसागर, रोचक घिमिरे, नगेन्द्र न्यौपानेदेखि दुबसु क्षेत्रीसम्मलाई समेट्यौँ अन्तर्दृष्टिको मुख्य आकर्षण विकलले लेख्नुभएको त्यही पत्र रह्यो ।

सन् २०१० मा विकलको छोरा विजय चालिसे जापान आउनुभएको थियो । उहाँ आफै चर्चित पत्रकार र साहित्यकार भएका कारण उहाँको सम्मानमा जापान च्याप्टरले सम्मानको कार्यक्रम राखेको थियो । जे होस्, त्यो भेटबाट पनि मैले विकलको विराट व्यक्तित्व आँखा नजिक महसुस गरेँ पुत्र र पौत्रको समिपमा रहेर !

अहिले रमेश विकल प्रतिष्ठानको भव्य बिल्डिङ र त्यस संस्थाले गरेका विभिन्न कार्यक्रमहरूका समाचार पढ्दा कुन बेला त्यहाँ पुगौँ र त्यहाँको साहित्यिक भाइब्रेसन ग्रहण गरौँ जस्तो भएको छ । आखिर त्यही माटोमा बसेर रमेश विकल देशको अब्बल स्रष्टा हुन पुग्नुभयो । मलाई आरुबारी आफैमा पवित्र तीर्थस्थलजस्तो लाग्छ । मलाई मात्र किन विकल पढेर हुर्केका, जीवन बिताएका हरेकले एकपटक आरुबारी पुग्ने रहर गर्छन् भन्ने लाग्छ ।

(लेखक अनेसास केन्द्रीय कार्य समितिका अध्यक्ष हुन्)

# पुजनीय पिताजीको सम्झनामा



● अम्विका पोखरेल

पिताजी परलोक हुनुभएको पनि बाऱ्ह वर्षमा प्रवेश गरिसक्यो । तर पनि मलाई आभाष हुन्छ, वहाँ मेरै सामुन्ने खडा भएर मेरा प्रत्येक कृयाकलाको निरीक्षण गरिरहनु भएको छ । अनि आशिर्वाद दिइरहनु भएको छ । जस्तो भान हुन्छ । मानिस जति सुकै ठुलो ओहदाको होस् अवथा सानो, जतिनै धनी होस् वा गरिव, जति सुकै विद्वान होस् अथवा मूर्ख, सवैले एक पटक यो संसार छोडेर जानै पर्छ । यो नश्वर शरिरको कुनै भरोसा छैन ।

मान्छे हुनु वा नहुनुको अस्तित्व एकातिर छ, तर वहाँ वितेर जानु भए पनि छोडेर जानु भएको सुनौला हस्ताक्षर रुपी कृतिहरू मार्फत संसारका अरु मुलुकमा समेत चर्तित हुनुहुन्छ । सामाजिक अभियन्ता, शैक्षिक जागरण तथा विविध असल कामहरू मार्फत अमर भएर फैलिएको छ पिताजीको यश ।

यसै सन्दर्भमा मलाई वात्यावस्थाको यादहरूलाई शव्दमा बुन्न मन लाग्यो । मैले थाहा पाउँदा रमेश विकलका सन्तानहरू, ४ छोरी तथा ३ छोराहरू । जस मध्ये माहीला भाइ शेखरको करिव ७/८ वर्षकै उमेरमा पौडी खेल्ने क्रममा डुबेर असामयिक अवशान भयो । बाँकि जीवीत छौं । म माहिली छोरी ।

म वा हामि मामत्र होइन, त्यो समयका, त्यो पुस्ताका सबै केटाकेटी जस्तै बावादेखि धेरै नै डराउँथ्यौं । वहाँको नजिक पर्न पनि नसक्ने । यो संझना म त्यस्तै ६/७ वर्षको हुँदाको हो । वहाँको समय घरमा कम, वाहिर ज्यादा हुन्थ्यो । लामो दिनको समय होस् वा छोटो दिनको चकमन्न रात, १०-११ बजेको अन्धकार छिचोल्दै वाँसूरीको धूनलाई साथी वनाएर फर्किनु हुन्थ्यो । पर्खालमा वसेर केहीबेर बजाएपछि मात्र खानपान र पढाइमा लाग्नु हुन्थ्यो । कुन बेला सुत्नुहुन्थ्यो, पत्तै पाइदैन थियो ।

हामीलाई अत्यावश्यक चिजहरू आमा वाटै पूर्ति हुन्थ्यो । वावाले केटाकेटीलाई थप्पड हान्ने वा ठूलो स्वरले हप्काउने समेत गर्नुहुन्नथ्यो तर पनि सम्मुख पर्न डर लाग्थ्यो । सायद अदव थियो त्यो, आदर थियो । त्यसैले हाम्रो माग बोकेर आमानै अगाडि सर्नु पर्थ्यो । त्यतिखेर पैसा त केटाकेटीको हातमा सिधा पर्दै पर्दैनथ्यो । कापी-कलम-लुगा-पापा जस्ता आवश्यकता पूरा हुन्थ्यो । त्यसैले हामी अगाडि पर्दैनथ्यौं । बाबाले पनि त्यति नजिक गराउने कोसिसनै गर्नु भएन । वहाँ हर क्षेत्रमा पाइला चाल्ने स्वभावको हुनाले समय पनि दिन सक्नु हुन्न थियो । बाबा हामीलाई पनि विविध कला-ज्ञान सिपमा लागेको हेर्न रुचाउनु हुन्थ्यो । समय त्यस्तै थियो भनौ वा आफूले गर्न सकिन भनौं, म चाहिं वहाँको इच्छा अनुसार अघि वढ्न सकिन ।

बाबाले त त्यो समय शिक्षा वाट वन्चित केटाकेटीहरूलाई समेत पढाएर अन्धविश्वास मुक्त गर्न धेरै कदम चाल्नु भयो भन्ने अहिले पनि सुनिन्छ । तर म भने सानो मैं स्वास्थ्य कमजोर भएकोले र भाइहरूको घरमैमा शिक्षा आरम्भ हुँदा समेत टुलुटुलु हेरेर बस्थें । एकदिन आमालाई अघि सारेर बाबा मार्फत कापी-कलम हासिल गरें । यसरी मेरो पनि शिक्षा आरम्भ भयो । घरमै ट्यूसन पढाउन नारनकाजी बस्नेत दाइ आउनु हुन्थ्यो । भाइहरूले पढ्नन अल्छी गरेमा डोकाले छोपेर पानी हाल्ने वा सिस्नु लगाउने सजाय हुन्थ्यो । म चाहीं अक्षर राम्रो पारेर लेख्थें । तर ढिला लेख्थें । 'छोरी मान्छेको हात ढिला हुन्छ ।' भन्नु हुन्थ्यो । यसरी पढ्दै जाँदा, बढ्दै जाँदा बाबाको स्नेह पनि बढ्दै गएको महसुस हुन्थ्यो । तर डर भने उस्तै लाग्थ्यो ।

बिना कारण त लाग्ने डर, एउटा घटनाले त सातै उडायो । हाम्रो घरमा कुरीयाको रुपमा बीरले दाइ बस्थे । उनको भान्जी सान्नानी म भन्दा ठूली थिइन् । एकदिन उनैसँग धान कुट्न गोकर्णमा शेरचन दाइको मीलमा गएँ । स्कूल विदा थियो जाडोको । उसले भनी, 'चामल कुटेको ज्यालाले मिठाइ खाउँ, मिलवाला दाइलाई चामल दिउँ ।' मैले पनि हुन्छ भनिदिएँ । रामचा दाइको पसलबाट खुवा किनेर हामी २ ले गुपचुपमा मुख

मिठो बनायौं । कले दाइले च्याख्याख्ती पमर्न थाल्नुभयो । सत्य खुल्यो । बाबालाई भनिदिन्छु भन्नु भयो । अनि त कसरी बाबको अगाडि पर्नु । हप्तौं वित्यो भाग्ने र लुक्ने क्रम । अहिले बुझ्दा त्यो भन्दा पनि अदव थियो मान्यजन प्रति । सत्परिणाम स्वरुप जीवन अनुशासित बन्यो । स्वालम्बी बन्न सक्यौं ।

एस.एल.सी. पास भएर कलेज जाने उमेर भयो । बाबाले वहाँको प्रतिभाको एउटा हिस्सा पूरा गर्ने मनसुवाले भन्नु भयो 'सितार सिक्ने मेरो इच्छा माहिली छोरीबाट पूरा गर्नु ।' क्याम्पसमा पनि एक विषय सितार वादन छानियो । प्रत्येक शनिबार आफैं साथमा लिएर सितार सिक्न लानु हुन्थ्यो । सातामा एकदिन पनि छुट्टी नपाउँदा बहाना खोज्थें । अहं धरै पाइन्न थियो । संगीतको स पनि नचिनेको म, विस्तार स्वरहरू चिन्न थालें । रुचि पनि बढ्दै गयो ।

रियाज गर्दा आफैं अगाडि बस्नु हुन्थ्यो । रस बस्दै जाँदा हातका औंलामा भएका घाउको पनि वास्ता हुन छाड्यो । वावा पनि दङ्ग हुनुहुन्थ्यो । विवाह भएर गएपछि पनि जारी राख्न हौस्याइ रहनुहुन्थ्यो । गुरु गणेश भण्डारीको तारिफ हुन्थ्यो एकातिर, 'यस्तो विद्यार्थी पो विद्यार्थी ।' अर्को तिर सासु ससुराका अगाडि बाजा बजाउने बुहारीको रुपमा गाइगुई शब्द बाणहरू सुनिन्थे । विवाहको केही महिनामै श्रीमानको सरुवा भएर विराटनगर जानु पर्‍यो । २०३५/३६ तिरको कुरा हो । त्यहाँ पनि गुरुको खेजी गर्‍यौं । सम्भव भएन ।

निरन्तरता टुटेको केही वर्ष पछि काठमाडौं फिर्ता भयौं । केटाकेटीको हेरचाह र घरको कामवाट बचेको समय निकालेर अभ्यास जारी राखें । अफसोच अल्पायुमै श्रीमानको अवशान भयो । घर व्यवहार र केटाकेटीको सम्पूर्ण जिम्मेवारी आएपछि बाबाको सपना र मेरो उद्देश्य मोडियो । बैंकको जागिरे भएँ । विविध वाद्यवाटन यन्त्रमा भएको दखलबाट हार्मोनियम र सितार सिक्ने क्रम निरन्तर भयो । तिक्कै तल र स्वरहरू चिन्न थालें । शरिरमा रोगले दुःख दिन थाले । थाइराइडले सतायो । नसाको समस्याले शरीर नै कुँजो जस्तो बनायो । विविध कठिनाइका अगाडि संगीतको अपूरो सपनालाई तिलाञ्जली दिनु पर्‍यो । जीवन भरिकै यो मेरालागि दुःखद घटना बनेर रहिरह्यो ।

◆ ◆ ◆ ◆

# बाबाको सम्झनामा दुई थुङ्गा शब्दहरू



● यशु श्रेष्ठ

२०६५ पुस २ त्यतिबेला खुब नेपाल बन्द, हड्ताल भइरहन्थे । हुन त आजकल नहोला भन्ने होइन तर पनि म त्यति बेलालाई सम्झन्छु, जुन बेला बन्दहड्तालले मनहरू आजित र दिक्क थिए । कतै जाने वा कसैलाई भेट्ने वा केही काम गर्ने योजना बनायो तर दुई दिने, तीन दिने अथवा सात दिनेसम्मका बन्दहड्तालले सब योजना तुहिन बेर लगाउँदैन थियो ।

त्यति बेला म मेरो दोस्रो बालपुस्तक 'सुन्दरको चित्र' प्रकाशनको तयारीमा थिएँ । कथाहरू तयार भइसकेका थिए । कथाका लागि चित्रहरू बनिसकेका थिए । प्रकाशन संस्था प्रकाशनको तयारीमै थियो । प्रकाशन संस्थाका प्रतिनिधिले भन्नुभयो, "पुस्तकका बारेमा केही कुरा लेख्नुहुन्छ ? लेखकीय वा भूमिका केही लेख्नुस् न ।" म लेखनमा धेरै अभ्यस्त भइसकेको केटो थिइनँ (हुन त अहिले पनि अभ्यस्त हुन प्रयासरत छु)। प्रयास जारी थियो । यही प्रयासलाई तिखार्न म विभिन्न अग्रज सर्जकहरूको घरघरमा जान्थेँ । कुराकानी र बहस गर्थें । केही जान्न चाहन्थेँ । केही सिक्न चाहन्थेँ । बुझ्न चाहन्थेँ । मैले यसो सोचेँ, 'मैले त के गहकिलो लेखौँला र ! अलि गहकिलो भन्नाले त्यो भूमिका वा ती शब्दहरूले बालबालिकालाई कुनै हौसला मिलोस्, केही प्रेरणा मिलोस् न । यसका लागि के गर्ने त ? मेरोभन्दा गहकिलो कुरा लेख्न सक्ने, आदर्श मानिएको कसैको भूमिका राख्दा ठिक हुन्छ ।' मेरो दिमागमा सोचहरू छरिन लागे । बटुलिन लागे । दौडन लागे र माफिन लागे ।

मेरो पहिलो पुस्तक 'देशको माया' प्रकाशनपछि नै मेरो दिमागमा आएको थियो, 'बालपुस्तकमा कथा वा सिर्जनाभन्दा अनावश्यक देखियो भने भूमिका वा भनाइ वा प्रकाशकीय वा अन्य सामग्री नराखेकै राम्रो रहेछ ।' त्यसैले 'सुन्दरको चित्र' बालपुस्तकमा मेरो भनाइ राख्न मलाई असहज लागिरहेको थियो । तर, पुस्तक डिजाइन गर्दा पाना, आकार आदिले पनि यसमा फरक पार्दो रहेछ । अग्रजहरूको आशीर्वचन थापिसकेपछि एकादुई पेज बाँकी भएकाले मैले मेरो केही भनाइ पनि राखेको छु 'सुन्दरको चित्र'मा । अग्रजका आशीर्वचनका लागि म भौँतारिन लागेँ । कसको आशीर्वचन राख्दा होला ? कसले मलाई यो आशीर्वचन देला वा भनौँ न लेखिदेला ? भनेर मनलाई दौडाउन लागेँ । मैले पढेका विभिन्न बालपुस्तकका सर्जकहरूलाई सम्झिएँ । भेटेका सर्जकलाई सम्झिएँ । धेरैलाई सम्झिएँ तर भन्ने आँट आएन । 'न गाली पो गर्ने हुन् कि ? न सक्दिनँ पो भन्ने हुन् कि वा रिसाउने पो हो कि ?' धेरै सोचेँ ।

एकाएक मेरो मन र दिमागमा 'रमेश विकल सर' उब्जियो । मनले 'रमेश विकल सर' कहाँ जा, उहाँ तैँले पढेका धेरै कथाका सर्जक हुनुहुन्छ । अग्रजका पनि अग्रज हुनुहुन्छ । पक्कै गाली गर्नुहुन्न वा पक्कै निराश बनाउनुहुन्न भन्यो । दिलदिमागले यही सम्झौतामा हस्ताक्षर गऱ्यो र एउटा खुसीको चिठी तयार पाऱ्यो । अब अर्को समस्या आयो, 'उहाँलाई कसरी सम्पर्क गर्ने त ?' त्यतिबेला मोबाइलको चलन एकदम कम थियो । ल्यान्डलाइन फोन चल्थ्यो । कसैगरी मैले 'रमेश विकल सर' को ल्याण्डलाइन फोन नम्बर पत्ता लगाएँ । उहाँलाई फोन गर्न एउटा पसलमा गएँ । फोनको रिसिभर उचालेँ तर फोन नम्बर थिच्न औँलाहरूले मानेनन् । साह्रै डराए । मन पो ढुकढुक गर्न लाग्यो । 'के भन्ने हुन् ? फोनमा को बोल्ने हुन् ? कसरी फोन गर्नु त्यति ठुलोमान्छेसँग, न बोल्नै पो सक्दिनँ कि !' यस्ता धेरै कुरा मनमा आए । फेरि फोनको रिसिभर फोन मै राखेँ र त्यहाँबाट मनमा केके सोच्दै हिँडे ।

'आशीर्वचन त लिनै छ । 'रमेश विकल सर'को नलिएर अरुको लिऊँ कि ?' यस्तो पनि मनमा आयो । 'तर, दिलदिमागले हस्ताक्षर गरिसकेको छ । उहाँप्रतिको अगाध सम्मान छ । उहाँसँग नै लिन्छु ।' अब मनले अढोट गऱ्यो । म एउटा साइबरमा गएँ । फोन समातेँ । मन दह्रो पारेर सुइँसुइँ फोन नम्बर थिचेँ । टुईंटुईं...गर्दै

फोनले सकारात्मक जवाफ दियो तर मन अलि डराउन लाग्यो । पहिला के बोल्ने ? के भन्ने ? सोच्न लाग्यो । सोच्दासोच्दै उताबाट 'हल्लो' भन्ने आवाज आयो । मैले उहाँलाई नमस्कार भनें । नमस्कार आदानप्रदानपछि मैले आफ्नो इच्छा मजैले सुनाएँ ।

अब मेरो मन रमाउन लाग्यो । उहाँले मलाई समय दिनुभयो । "एकादुई दिन साह्रै व्यस्त छु । पर्सिको दिन आउनुस् न है ?" उहाँले भन्नुभयो । मैले 'हुन्न' भन्ने त कुरै थिएन । खुसीको स्वरले क्षितिजलाई रङ्ग्यायो । उहाँले फोनको रिसिभर राखेपछि मात्र मैले राखेँ । अब त धेरै खुसी भएँ म । मनले आदर गरेको, आशीर्वचनको आशा गरेको महान् व्यक्तिले यसरी सकरात्मक जवाफ दिए पछि हर्षित त हुने नै भइयो । अझ उहाँप्रति यति धेरै सम्मान बढेर आयो कि कुरै छाडौँ ।

म पर्सिलाई पर्खिन लागेँ । भोलिपल्टै एक राजनितिक पार्टीले दुई दिने नेपाल बन्दको घोषणा गऱ्यो । यो घोषणा सुनेर म झसक्क झस्किएँ । 'ए बाबै, कसरी जाने त अब आरुबारी ? हिँडेर जाऊँ, टाढै छ । गाडीमा जान नेपाल बन्द ।' यस्तो रिस उठ्यो कि यो नेपाल बन्दको विषयले, कुरै छाडौँ । 'अब विकल सरलाई भनेर समय सार्नु कि वा हिँडेरै जानु कि वा के गर्ने त ?' धेरै विचार गरेँ । समय सार्दा फेरि उहाँको समय लिन गाह्रो होला वा माहोल नमिल्ला । मिलेको माहोललाई बिगार्ने चाहना मेरो थिएन । त्यो दिनसम्म म उपायमै लागेँ ।

नेपाल बन्दको दिन, एउटा साइकल लिएँ । साइकल चलाउँदै सुइँसुइँ 'विकल निवास' आरुबारी पुगेँ । एउटा चिया पसलमा विकल सरको घर सोधेँ । पसलका मानिसले प्रष्टसँग घर देखाइदिए । म विकल सरको घरमा पुगेँ । आँगनमा साइकललाई बिसाएँ । थाकेको पनि थिएँ । असिनपसिन पनि थिएँ । एकैछिन आँगनमै प्राकृतिक हावाले शरीरलाई शीतल बनाएँ अनि दायाँबायाँ हेर्दै मूल ढोकाबाट भित्र पसेँ । अब कता जाने ? थाहा भएन । मैले जोडले 'सर' भनेर बोलाएँ । उहाँ माथिल्लो तलामा हुनुहुँदो रहेछ । माथिल्लो भऱ्याङबाट हेर्नुभयो । मैले आफ्नो नाम तलैबाट भनें । 'ए, यशु भाइ, आउनुस् आउनुस् ।' विकल सरले माथि नै बोलाउनुभयो । म उहाँको भऱ्याङमा झुण्ड्याइएका सम्मान र पुरस्कारका प्रमाणहरू हेर्दै माथि पुगेँ । उहाँ सानो चारपटे, ओरालो परेको बाकस (टेबलको रूपमा) माथि कापी राखेर केही लेख्दै हुनुहुँदो रहेछ । म उहाँको नजिकै बसेँ ।

'यी यस्तै छ । एउटा भाइको किताबका लागि भूमिका लेखिदिँदै छु ।' अलि उता देखाउँदै भन्नुभयो, 'चारपाँचवटा त्यता छन् । यिनैले व्यस्त बनाइरहेका छन् हिजोआज ।' मैले बनावटी हाँसो हाँसेँ किनकि म पनि त्यही भूमिकाको अनुरोधमा त्यहाँ पुगेको हुँ । पुस्तक तयार छ, प्रकाशन गर्न हतार पनि छ । तर उहाँको सूचीमा मभन्दा अगाडि धेरै नै पो किताब छन्, भूमिका लेखिमाग्नेको । विकल सरले मलाई के भन्नु हुने हो भनेर म अलजिल्ल पर्न लागेँ मनमनै ।

एकछिन कुराकानी पछि मैले मेरो प्रस्ताव राखेँ । 'खै भाइ, सक्तिनँ कसरी भनौँ ! तर लेख्न समय टन्नै लाग्ला किनकि देखिहाल्नुभयो पाण्डुलिपिका चाङ । पाण्डुलिपि त के भन्नु, टङ्कनलिपिका चाङ ।' विकल सरले टङ्कनलिपिका चाङ देखाउँदै भन्नुभयो । मैले 'हो, देखेँ' भन्न मुन्टो हल्लाएँ । मलाई हतारो छ भन्नै मन लागेन । 'सरको आशीर्वचन चाहिएको हो । जहिले मन लाग्छ, त्यही बेला दिनुहोला । मलाई हतार छैन ।' फ्याट्ट मेरो मुखबाट निस्कियो । 'लौ, उसो भए छाडेर जानोस् ।' विकल सरले भन्नुभयो । मैले उहाँतिर मेरो बालपुस्तक 'सुन्दरको चित्र'को टङ्कनलिपिलाई अगाडि बढाएँ । उहाँले समाएर अरु टङ्कनलिपि गरिएका पुस्तकको मुनि राख्नुभयो । कति धेरै मुनि भने चारपाँचवटा मोटा पुस्तकका मुनि । यो देखेर मेरो मन चिसो भयो तर पनि मुखले केही भन्न सकेन । 'अब पुस्तक प्रकाशन हुन समय चाहिँ टन्नै लाग्ने भयो ।' यही सोच्यो मनले तर यसमा पनि खुसी हुँदै बसेँ ।

कुराकानी भयो, धेरै नै भयो । घर, काम, लेखन, लेखनका विधि, नेपाली व्याकरणका कुरा, उहाँका पालाका कुरा, विजय अङ्कल (रमेश विकलका जेठा छोरा, हाम्रा अग्रज साहित्यकार)का कुरा, धेरै कुरा भए । म साइकलमा आएको कुरा सुनेर अलि छक्क पनि पर्नुभयो । चिया र बिस्कुट खाजा खुवाउनु भएको जस्तो लाग्छ तर ठ्याक्कै के खाएँ सम्झना भएन । खाजा पनि खाइयो अनि छुट्ने बेलामा भन्नुभयो, 'मलाई सम्झाउँदै गर्नु है ? नभए बिर्सन सकिन्छ ।' मैले 'हवस्' भनें अनि त्यति ठुला साहित्यकार, अग्रज व्यक्तित्वसँगको कुराकानी र आशीर्वचन पाउने कुरामा खुसी हुँदै तर खै कहिले आशीर्वचन लेखेर दिनुहुने हो थाहा नभएकोले अलिअलि मन चिसो पार्दै मैले आफ्नो गन्तव्यतिर साइकल दौडाएँ ।

कहिले फोन गरौँ त रमेश विकल सरलाई ? फेरि धुकचुक हुन लागेँ । चारपाँच दिनपछि फोन गरेँ । 'सर, म यशु । सुन्दरको चित्रको कुरा सम्झाएको नि !' हल्का हाँस्दै मैले भनें । 'ए ए यशु बाबू, ल आऊ । मैले तिम्रो लागि तयार पारिदिइसकेँ ।' लौ विकल सरले त तयारै पो पारिदिनु भएछ एकै हप्ताभित्र । म त छक्क ! समय टन्नै लाग्ला भन्ने मान्छेले पहिलो पटकको सम्झाइमै लेखिदिनु भएछ । म तुरुन्त विकल सरको घरमा गएँ । यस बेला गाडी चलेको थियो । मजाले गाडी चढेर फुर्किँदै विकल सरलाई भेट्न गएँ । उहाँ मलाई कुरेर बस्नुभएको रहेछ । जाने बितिक्कैदेखि कुरा सुरु भयो बालसाहित्यको ।

'तिमीमा चुरो छ बुझ्यौ ?' विकल सरले भन्नुभयो, 'बालसाहित्यमा अझै लाग्नू । प्रतिभा भएको मान्छेले आफ्नो प्रतिभालाई बुझ्नुपर्छ बाबू ।' लौ, म त तपाइँबाट तिमी र भाइबाट बाबूमा पो परिणत भएँ । अगाध माया थिए ती सम्बोधनहरूमा । म रौसिए । हौसिए । मन मस्त भयो । देशकै एक होनाहार, एक धरोहरले मलाई त्यसरी माया दिएकोमा हर्ष पनि हर्षित भयो । आँखामा अलि धेरै पानी बस्यो । राम्ररी खाजा खाइयो । कुराकानी गरियो । आफ्नै हातले लेखेको 'सुन्दरको चित्र'माथिको भूमिका, मेरा लागि आशीर्वचनका ती पानाहरू मेरा हातमा राखिदिनुभयो ।

'तिम्रो सबैभन्दा महत्वपूर्ण विशेषता चाहिँ के हो भने

कुनै पनि विषयलाई लिएर त्यसको विषयगत रूखोपनालाई पनि कथात्मक आवरण दिएर (अर्थात कथा बनाएर) प्रस्तुत गर्ने सिप छ। यस्तो सिप म अरुमा खासै देख्दिनँ। हो, अनुभवको अपरिपक्कताको कारण तिनमा यदाकदा केही नपुगेझैं, केही नचाहिने कुरा थप्ने जस्ता अनभ्यस्त छनक देखिन्छ। भाषाशैली र व्याकरण पक्षमा केही त्रुटिहरू देखापरेका छन्। तर ती त्यति साह्रो आपत्तिजनक भने छैनन्। आज साहित्यका व्याकरण र भाषाका महारथीहरूले रचेका रचनाहरू पनि पूर्ण निर्दोष भएर आउन सकेका देखिन्नन् भने एउटा भर्खरको नवप्रवेशी युवाको यहाँ केही त्रुटिहरू हुनुमा त्यति आपत्ति गर्नुपर्ने ठाउँ देखिन्नँ। किनभने हाम्रो नेपाली व्याकरणमा नै एउटा सर्वमान्य मानक तयार भैसकेको छैन। त्यसैले अगाडि बढ्नू। सरसल्लाह चाहिए हामी छौँ। अग्रजलाई सोधेर अगाडि बढे दुःख पाइन्नँ।' यसरी उहाँले मलाई साह्रै मायालु वचनका आशीर्वाद दिनुभयो। 'फोन गर्दै गर न। मैले गरौँ भने तिमीलाई भेटिने फोन छैन।' यसो पनि भन्नुभयो। विकल सरको अगाध माया, त्यो आशीर्वाद, आशीर्वाद लेखेर दिएको पानाहरू थापेर म खुसी हुँदै आरुबारीबाट बिदा भए।

म कहिलेकाहीँ उहाँलाई फोन गर्थें। 'केही लेखेका छौ भने विजयलाई देऊ न।' यसरी पनि भन्नुहुन्थ्यो। विजय अङ्कल त्यति बेला गोरखापत्रमा कार्यरत हुनुहुन्थ्यो। त्यसैले पत्रिकामा छपाउन वा आफ्नो लेखाइ राम्रो छ कि छैन भनेर जाँच्न पनि यसो गर भन्नुहुन्थ्यो। म यसो गर्थें पनि। फोनमा कुराकानी गर्दागर्दै खै कहिलेदेखि हो! मैले रमेश विकल सरलाई 'विकल बाबा' भन्न थालेछु। 'बाबा' भन्दाको आफ्नोपन फेरि फरक थियो। रमेश विकललाई 'बाबा' अनि उहाँका जेठा छोरा विजय चालिसे, र अर्का छोरा महेन्द्र चालिसेलाई अङ्कल भनेरै सम्बोधन गर्न लागेँ। मैले विकल बाबाबाट असाध्यै माया पाउन लागेँ।

तर, यो प्रत्यक्ष पाइरहेको माया धेरै टिकेन। त्यो मायाको खुसी धेरै रहेन। विकल बाबाको भौतिक शरीरले मैले भेटेको केही वर्षमै यस संसारलाई छाडेर गयो। यसले मलाई साह्रै दुःखी बनायो। बाबालाई राखिएको अस्पतालमा जाँदा पनि आँखा भरिए। अचम्मै दुखित तुल्यायो त्यो पलले तर पनि यो प्रकृतिको कुरालाई हामीले मान्नै पर्ने जसरी पनि। त्यसैले जसरी भए पनि सहियो। 'उहाँको भौतिक शरीर हामीमाझ नभए पनि उहाँको यश, कृति, प्रभाव, उज्ज्यालो, आशीर्वाद, भाषा-साहित्य र देशलाई दिएको योगदान, उहाँका अभौतिक सम्पूर्ण कुरा हामीमाझ नै छ। उहाँ हामीमाझ नै हुनुहुन्छ र कहिले पनि टाढा हुनुहुन्न। हाम्रो मस्तिष्कमा ताजै रहनुहुनेछ।' यसरी मनलाई सम्झाइयो।

घर आएर उहाँको आशीर्वचनका पानाहरू पल्टाए। धेरै पटक पल्टाएँ। उहाँका अक्षरहरू हेरेँ। झलझल उहाँको मुहार आँखामा आइरह्यो। उहाँसँगका कुरा, उहाँका मुस्कान, हात चलाई, घरभित्र बसेर सानो आकारको बाकसखालको टेबलमा पानाहरू राखेर शब्दहरूमा खेलिरहेका औँलाहरू, शब्दमा नाचिरहेका आँखा, सबैसबै झल्झली आए।

'यस्तै हो संसार।' यसरी खुइयः गर्दै ती आशीर्वादका पानाहरूलाई जतनसाथ एउटा झोलामा राखेँ, जुन पाना अहिले पनि छ र पानामा लेखिएको विकल बाबाका आशीर्वाद मसँगै छ अनि सधैँ हुनेछ। 'सुन्दरको चित्र' बालपुस्तकमा त प्रकाशित भएको छँदैछ तर उहाँका ती हस्तलिखित आशीर्वाद मेरो मनमा छ। आँखामा छ। भौतिक रूपमा दराजको भित्र एउटा सुरक्षित झोलामा आसन गरिरहेको छ।

'बाबा, भौतिक रूपमा लामो समय सँगै नभए पनि हजुरका आशीर्वचनले मलाई गोरेटो देखाइरहेका छन्। त्यो गोरेटोमा उज्ज्यालो छरिरहेका छन्। म आत्मविश्वासका साथ, निर्भिक रूपमा सफल हुँदै यो बाटोमा हिँडिरहेको छु र अगाडि बढिरहेको छु अनि बढिरहन्छु। हजुरका आशीर्वाद खेर जाने छैन। यही गोरोटोमा हिँड्दै गर्दा हजुरका सम्झनामा यी दुई थुङ्गा शब्दहरू चढाएँ बाबा, यसलाई स्वीकार गर्नुहोला र जहाँ भए पनि अगाडि बढ्ने आशीर्वाद दिइरहनुहोला।'

तपाईंको उही,
यशु श्रेष्ठ

# पितामहः व्यक्तित्वका विविध पाटाहरू



● आलोक चालिसे

हामीले दिन भरी भेटिने मान्छेहरू मध्ये कति जना हुन्छन होला सम्झनामा बसिरहने ? अझै महिनौ, वर्षौं, दशकौंसम्म मानसपटलमा अमिट बनेर बसिरहने व्यक्तित्व कति हुन्छन होला ? निश्चय पनि सीमित हुन्छन् त्यस्ता नाम ! त्यस्तै सीमित व्यक्तित्वहरू मध्येको नाम हो रमेश विकल अर्थात रामेश्वर शर्मा चालिसे ! राणा कालीन सरकारी जागिरे परिवारमा जन्मेर पनि श्रमिक र निम्नवर्गीय, घर धन्दा र कृषि कर्मका सहयोगी, भइँमान्छेहरूको पक्षमा उभिईरहने बालक रामबाबुको सम्झना होस् अथवा शासकको विपक्षमा मुर्मुरिने किशोर अनि सामाजिक चेतना र वर्गीइ पीडाका आवाज पोखिरहने प्रखर लेखक । यस्तै असल पक्षहरूको परिणाम नै हो हाम्रा मानसपटलमा वहाँको स्थान र सद्भाव । वहाँका सोख बारेमा अलग समयका अलग पहिचानहरू त धेरैलाई थाहा छ । जस्तै सन १९६० को दशकमा अमेरिकाबाट ल्याउनुभएको मोटर साइकल र रेडियो, सन १९७० ताका जापान भ्रमणबाट ल्याउनु भएको इन्स्ट्यान्ट क्यामेरा र रङ्गिन फोटो, मध्य रातमा बज्ने बाँसुरीका धूनहरू र न्युरोड आरुबारीको यात्रा, चित्रकला, संङ्गितको सौखिन मान्छे आदी आदि विविध सम्झना ।

साहित्य साधक हुनुको अतिरिक्त शैक्षिक अभियन्ता, समाज सुधारक पनि हुनुहुन्थ्यो । त्यसैले नरम शैली र तार्किक क्षमता ज्यादा देखिन्थ्यो वहाँमा । मनकारी र काब्य कोमल मात्रै पनि हुनु हुन्नथ्यो । मान्छेको चोला पाएपछि कसरी सम्पूर्ण रुपमा राग द्वेशबाट पर हुन सक्नु हुन्थ्यो र वहाँ ? काठमाडौं, गोकर्णेश्वर, आरुबारीमा पुस्त्यौनी जायजेथा प्रशस्त भएपनि हुनेखानेभन्दा पनि हुँदा खाने बर्गका वहाँको पारिवारिक सदस्यको नाताले पितामहसँगको सामिप्यमा मैले देखेको क्रोधको प्रसङ्ग उल्लेख गर्न चाहन्छु यो संस्मरणमा !

...... बिक्रम सम्वत २०३९ ताका होला, अधिक रक्तस्राबको समस्याबाट उत्रिन् भएयता सकेसम्म कार्यक्रमको सहभागिता या छुट्टीको दिनमा घर बाट निक्लनु परेमा कुनै सदस्य साथ लगाउने गर्नुहन्थ्यो हजुर आमाले । मिलेसम्म ठुला सदस्य, नमिले हामी भान्टाङ भुन्टुङ ! एकदिन शनिवार पितामह पशुपति दर्शन पश्चात चाबहिलको भेट्घाटमा सरिक हुनु भयो । म लुखुर लुखुर पछि लागें । वहाँको पछि लागे मिठो खान पाइने र साइकल चढ्न पाइनेतिर मात्र मेरो धुन हुन्थ्यो । सधैंको शान्त र सौम्य पितामह एकाएक रौद्र रुपमा जङ्गिनु भयो त्यो दिनः "तेरो बाउलाई काखमा खेलाएको छु मैले । तैले धाप मार्न सुहाँउछ ? किशोर बय पनि नछिचोलेको म, कारण र अर्थ त के बुझ्नु । को, के, कस्लाई भन्ने कुरो गौंण रह्यो । बस डरले चुपचाप ‼

...... अर्को रौद रुप मेरो आफ्नै गल्तीको कारण बन्यो । त्यस्तै ७, ८ बर्षको थिएँ म । हालको रमेश बिकल साहित्य प्रतिष्ठानको पुरानो संचनाको दक्षिण पश्चिम कोठामा पुरोहितको निर्देशन मुताविक पितृ तर्पण कार्य गर्दै हुनु हुन्थ्यो । पाहुनापासा आउने क्रम पनि सुरु भैसकेको थिएन । म त्यो छिंडीको कोठाभन्दा माथिको हामी केटाकेटी सुत्ने कोठामा नै थिएँ । मेरो असावधानीले पोखिएको पानी सिधै तलको पिन्ड पूजा गर्न तयार गरिएको मन्डपमा पुगेछ । रौद्र रुपमा माथि हुर्दुराउंदै उक्लनुभएको पितामहको त्यो क्रोधले सधैंको मायालु ब्यवहारलाई खर्लप्पै खाइहाल्यो । न भाग्ने ठाउँ, न लुक्ने कुनो ! रामधुलाईमा परें । उता पितृपूजाको कर्मकान्ड फेरी शून्यबाट दोहोऱ्याउने उपाय पुरेतबाले सुझाउनु भएपछि बल्ल पितामहको क्रोधाग्नी साम्य भएछ । आफु त दिन भर खाटमुनिबाट निस्कने हिम्मत जुटाउनै सकिन ।

...... उमेर सानो, ज्यान लिखुरो भएपनि हजुरबाको ठुलो साइकल प्रति साह्रै आकर्षण थियो मेरो । पुछ्ने, पखाल्ने गरेर कुदाउने दाउ खोजी रहन्थें ! त्यस्तैमा साँझमा दूध लिन जाने काम आयो । त्यो दिन साइकल घरमै थियो । नियमित चढ्नु हुन्नथ्यो । बरु केटाकेटीलाई सिर्जनशील कुरामा उत्साहित नै गर्नु

हुन्थ्यो । त्यसैले सिटमा बसेर पेडल नभेटे पनि एक हातले ह्यन्डल समातेर दाहिने हातले कैंचीको डन्डी समात्दै चलाएर हिँडें । सायद अस्टाबक्र जस्तै देखिन्थ्यो होला, अहिले कल्पना गर्छु आफ्नै त्यो रुप ! राममन्दिरनेर पुगेपछि आफूभन्दा एक कक्षा माथि पढ्ने दीपक रिसाल लगायतका दाजुहरू मलाई उल्ल्याएर मजा लिन थाले । क्रोधमा बेद त कसोरी निस्किनु, मेरो बोलीमा फोहोर पस्यो । उनीहरू आफ्नै गुंढ फर्किए, म दूध लिएर फर्किएँ । घर पुग्दा त ढोका छेकेर पो बसेका पितामह ! प्रतिरक्षामा हजुरआमा ! रनभुल्लमा म !!

कुरो के परेछ भने, पेट कटक्क खाएकोले सिम्सारको पानी खोजेर "मैदान" बस्नु भएको पितामहले हाम्रो बिबाद र मेरो सम्वाद सुन्नु भएको रहेछ । मेरो दुर्वाच्यले वहाँको क्रोधाग्नि बढाएर पो ज्वालामुखी बन्नुभएको रहेछ । हजुरआमाको मध्यस्थतामा तीन पल्ट मुख कुल्ला गरेपछि बल्ल शान्त हुनु भयो । त्यो दिनको पापा स्वादिलो पेडाबाट बन्चित गरेर दन्ड पूरा गर्नु भयो ।

........ कुरो अली पछिकै हो । म स्कुले जीवन सकेर भर्खर भर्खर कलेज जान थालेको किशोर हुँदाको । गोकर्णेश्वर आरुबारीको पाखोबाट भोटाहिटी पुग्ने दैनिकी थियो, अध्ययनको लागि । २५ मिनटको पैदल यात्राबाट जोरपाटी पुगेर, कार्यालय समयको भिडमभिड बसमा कोच्चिएर, स्टप पिच्छे रोकिदै कक्षा पुग्दा हरदिन एउटा युद्ध लडिन्थ्यो। फर्किँदाको कथा उस्तै । त्यो बीचमा पितामहको एउटा विद्यार्थी किर्तिपुर स्थित त्रि. वि.को अद्ययन सकेर स्वदेश फर्किदै रहेछन । उन्ले प्रयोग गरेको एउटा साइकल (हाम्रो प्रचलित भाषामा माउन्टेन बाइक) अरुलाई दिनु भन्दा रुचि भए गुरुलाई स्वीकार्न आग्रह पनि गरेछन । हजुरबाले खासै रुचि देखाउनु भएनछ । बेलुका घरमा यो कुरा सुनेदेखि मलाई गज्जब उत्सुकता बढ्यो। त्यो साइकलप्रति मेरो मोह जाग्यो। आजै साइकल खोइ, भोलि साइकल खोइ भनेर सताउन थालें ।

एक दिन साइकल पनि आइपुग्यो । दैनिक यातायातको पौंठाजोरीबाट मुक्त हुने कल्पनाले अल्लाह्दित भएर सुतें । पछि त साइकल अरुले नै टप्काइ सकेछन । म त जिल्ल । त्यो बिषयमा असन्तुष्टि जाहेर गर्दै (अझ भनौं घुर्की लगाउँदै ) पितामहसँग बोलचालै बन्द गरें सात दिन जति । मैले साह्रै सताए पनि रिसाउनु भएन ! बरु लाचारी पोख्नु भयो, वहाँलाई थाहै नभै हजुरआमाले पो साइकल पठाइ दिनु भएको रहेछ । हप्तौं लामो मौन युद्ध र घुर्की पछि बल्ल हाम्रो मन माझियो । अहिले लाग्छ, वहाँको क्रोध रुप भन्दा मौन युद्ध अझ बढी पिडादायी रह्यो ।

हजुर आमाको अन्तिम समयमा हामी सबै सँगै रहे पनि बिस्तार बिदेश मोहले उड्दै जाने बचेरा जस्ता नातिहरू अन्तिम समयमा वहाँको अगाडि भने हुन पाएनौं । तेस्रो पुस्ताका प्रियमध्ये म अथवा आशिष भाइ, कसैलाई खोजे जस्तो मेडिकल कलेज अस्पातलको मृत्यु शैयाबाट बोली बन्द भैसक्दा पनि कागज र कलम मागेर आँ भन्दा बढी अक्षर कोर्न नसक्दै मोक्षमार्गमा लिन हुनु भएछ । बस, सबैसबै सम्झनामा सिमित भए, याद बनेर वहाँका बहुआयामिक व्यक्तित्व र रूपहरू !

अस्तु

२०७७ कार्तिक<br>
गोकर्णेश्वर, आरुबारी

# सम्झनामा बा !



● निहारिका अधिकारी

सानै थिएँ, वहाँको देहावसान हुँदा। वहाँको परिचय रमेश विकल भन्दा पनि 'मामाघरको बा' भनेर चिन्थें। विद्यालय छुट्टी हुँदा दादा, दिदीहरूसंगै मामाघर जान्थें, बस्ने गरेर। प्राय सानो मामाकोमा बसिन्थ्यो, बा हुनुहुँदा। घर बसुन्जेल त कोठामै लेखिरहने, पढिरहने, खासै वास्ता हुँदैनथ्यो हामी केटाकेटीहरूलाई। तर साँझ परेपछि बा कतै गएर फर्किनु हुन्थ्यो। हामी टि.भी. हेरीरहेका हुन्थ्यौं। कोठामा बोलाउनु हुन्थ्यो। हामी लाम मिलेर बस्थ्यौं। मिठाइ बाँड्नु हुन्थ्यो। साऱ्है रमाइलो लाग्थ्यो।

उमेर पनि सानो भएकोले म पनि बा को नक्कल गर्दै पुस्तक समातेर पढे जस्तो गर्थें। उमेर मिल्दो वाल पुस्तिकाहरू, रङ्गीन र सचित्र कथा-कविताका पुस्तकहरू खोजेर दिन थाल्नु भयो। पढ्ने रुचि पनि बढ्दै गयो। त्यसैले पनि म पृय हुन थालें बाकोलागि। दिदी दादाहरूलाई टिभिमा वढी झुम्मिनु सट्टा पुस्तक पनि पढ्ने उपदेश दिनु हुन्थ्यो। पढ्दै गरेको पुस्तक लिएर जाउँ है भन्दा अरु पनि थपेर दिनु हुन्थ्यो।

एकदिन किताब पढ्दै गर्दा किताब भित्र बाको फोटो देखें। आश्चर्य लाग्यो। जिज्ञासा पोखें। 'मैले लेखेको' भन्नु भयो। बल्ल पो चिनें, मेरो 'मामाघरको बा' त देशकै सुप्रसिद्ध अख्यानकार रमेश विकल पो हुनुहुँदो रहेछ। विद्यालयको पुस्तकालयमा पनि थियो त्यो पुस्तक। साथीहरूलाई लैजाँदै गर्वसाथ मेरो हजुरबुवा भनेर चिनाउथें। फोटो देखाउथें।

त्यसपछि त बा संग अझै झयाम्मिने भैहालें। वहाँले चित्र कोरेको देख्थें। मलाई पनि सिकाइ दिनुस् न भन्दा बाघको चित्र लेख्न सिकाउनु भयो। संझनामा अझै ताजा छ त्यो क्षण। साँझ परेपछि बा पनि टिभिमा सिरीयल हेर्न खुबै रमाउनु हुन्थ्यो। म पनि तितो सत्य भन्ने टेलीफिल्म नछुटाई हेर्ने हुनाले अनुनय विनय गरेर खोली माग्थें।

तीन कक्षामा पढ्दातिर वहाँकै प्रेरणाले मलाई पनि केही रच्न रहर लाग्यो। एक खेप्रा लेख्थें, फोन गर्दै सोध्ने गर्थें, 'भयो कि भएन ?' पहिलो कविता यसरी तयार हुँदा कम्ता खुशी लागेन। लेख्दा लेख्दै थुप्रै तयार भए।

चार कक्षामा पढ्ने हुँदा होस्टलमै बस्थें। अचानक फोन आएछ। गुरुले तयार भएर बाहिर जानुपर्ने वताउनु भयो। होस्टलबाट घर जान पाउँदा खुशी नहुने कुरै थिएन। गाडी पनि आयो। दादा र मलाई घर नलगी सिधै मेडिकल कलेज अस्पताल पो लगियो। त्यही दिन थियो मैले अन्तिम पटक बालाई देखेको। त्यो रात मामाघर गएर बसें। भोलिपल्ट फेरि होस्टल।

बा कै प्रेरणाबाट रच्न सुरु गरेको कविता मामु र मामाहरूको साथ पाएर सानो संग्रहकै रुपमा प्रकाशित भयो। वहाँकै स्मृति दिवस पारेर विमोचित गर्न पाउँदाको दिन एउटा उपहार टक्र्याए जस्तै मन खुशी भयो। यस्ता थुप्रै सम्झनाहरू सुरक्षित छन् मनमा बालाई संझिँदा।

- चण्डोल

◆ ◆ ◆ ◆

# बाल रचना खण्ड







अभिनव साहित्य समाजको आयोजनामा जूम एप्लिकेसन मार्फत २०७७ आश्विन महिनाको २३ गते सम्पन्न "विकल बाल प्रतिभा पुरस्कार २०७७" को प्रतियोगितामा चयन भएका बाल प्रतिभाका केही रचनाहरूः

# हाम्रो संस्कृति हाम्रो पहिचान

संस्कृति छन् कला नौला, सम्मान मान सान हो
नेपाली जनको साझा, संस्कृति अभिमान हो ।

यहाँ नद-नदी बग्छन्, सुसेल्दै स्वाभिमान यो
दिँदै उदाउँछन् सूर्य, नेपाली पहिचान त्यो ।

संगीनी गाउँदै मीठो, शैलोश्वरी रमाउँछिन्
इलाम देउडा नाँच्दै, हिमाल मुस्कुराउँछिन् ।

धोती लाउँछ डोल्पाले, आफ्नै ठानेर प्रेमले
लगाई बख्खु कैलाली, चिनारी बन्छ सानले ।

नेपालीको नसाभित्र, साझा रगत बग्दछ
मधेशले खुसीसाथ, पहाडी मान बोक्दछ ।

छर्दै साहित्यको बास्ना, पारिजात उदाउँछिन्
सीता गौरव गर्दै यी, रामायण पढाउँछिन् ।

व्यास भट्याउँदै द्यौसी, महाभारत गाउँछन्
अरनिको कला भर्दै, हामीलाई चिनाउँछन् ।

छन्द सिकाउँदै भानु, राम भक्त बनाउँछन्
लाली गुराँस लालित्य, समानता फुलाउँछन् ।

भन्दछौं एक वाणीमा, हौं हामी वीर सन्तति
बाँचोस् हाम्रो चिनारी यो, सदैव दिव्य संस्कृति ।

● विभूति अधिकारी
कक्षाः ९
विद्यालयः दून एकेडेमी,
धनगढी-३, कैलाली
छन्दः अनुष्टुप्

# कोभिड-१९ र यसको असर

लेख्दैछु कविता म कोरोनाको बारेमा
सवै जन स्वस्थ रहनु यही गर्छु कामना ।

महामारी कोरोनाले विश्व सङ्कट पऱ्यो
विद्यार्थीको जीवनमा त झनै मर्का गऱ्यो ।

सामान्य रोग हो भनी सोच्यौं हामी पहिले
भयावह रुप लियो संसार भरि अहिले ।

केहीले गरे आत्महत्या कोही कोभिड भए
अझ धेरै मानिस त शोकले मर्ने भए ।

रोग पनि कस्तो खाले छुनै हुन्न भन्ने
कहिले वन्छ औषधी भन्दै दिन गन्ने ।

सरकारको औषधी त भित्रै बस्नु पर्ने
काम गर्न केहि पाइदैन जनता कसो गर्ने ।

यो रोगको समाधान भित्रै बस्ने हैन
विकल्प नसोचेमा अव सुख छैन ।

अर्थतन्त्र विग्रीगयो सारा विश्वभरि
अन्त भन्दा ठुलो नोक्सान नेपलामा वढी ।

छ महिना भो स्कुल कलेज खुल्न पाको छैन
यो रोगको समाधान बन्द मात्र होइन ।

कोरोनाको लक्षण हेर्दा रुघा खोकी जस्तै
एक जनालाई लाग्यो भने सिल गर्ने वस्ती ।

चिन्तित भई बसेका छन् मानिस भित्रभित्र
भेटघाट हुन पाउँदैन कोही इस्टमित्र ।

सधै चिन्ता गर्ने होइन अव बनौं हाइहाइ
यति भन्दै विदा लिन्छु ल त सबलाइ बाईबाई ।

● सदिस्मा अधिकारी
कक्षाः ९, विद्यालयः युतिभर्सल
माध्यमिक विद्यालय
धुम्बाराही, काठमाडौं

# कालापानी र हामी नेपाली

नेपाल आमा कति भोग्छौं दुःख अनि पिर
तिमी देख्दा छोरा भई झुक्छ मेरो शिर ।
तिमी माथि छिमेकीले आँखा तरी हेर्दा
मेरो रगत उम्ली आँछ तिम्रो सिमा सर्दा ॥

हिमाल, पहाड, मधेशका हामी दाजु भाइ
माया गर्छौं सबै भई आमा तिमीलाई ।
जात, धर्म, संस्कृतिको तिमी नै हौ खानी
रगत बगाई जोगाउने छौं हाम्रो कालापानी ॥

उत्तरबाट जोरी खोजे मिहालै छ माथमा
पश्चिमतिर लिपुलेक काली बग्छिन् साथमा ।
भूमिपुत्र मधेसीले लाठी मुङ्ग्री उठाई
गर्दै आउँछन् तिम्रो रक्षा अन्न खानी तराई ॥

मिलीजुली साटे होलान् सत्तासँग पैले
भतभती पोल्छ शरीर भाला रोप्दा ऐले ।
नेता तिमी नडराऊ नेपाली छन् साथमा
गल्ती तिम्रो भइसक्यो साक्षी राख आत्मा ॥

झगडाको बीज रोपी दाजुभाइ लड्दा
नेपालको गौरव जान्छ छिमेकीले हेप्दा ।
अब हामी सबै मिली गरौं देशको रक्षा
आफ्नो भू-भाग समेटेर बनाई सक्यौं नक्सा ॥

● प्रसुन बडाल
कक्षाः १०
विद्यालयः टाइमलाईन स्कुल

# कोभिड–१९ र यसका असर

केही गल्तीहरू भए,
र त,
छोपिए वेवकुफीका पातला पर्दाहरूले ।
गल्ती पर्दा च्यात्दै निस्कियो,
अझै घातक भयो,
मानिस घरमा नजरबन्द भए,
गल्ती अझै हौसियो,
सङ्खघोष गर्यो,
प्रलयको सानो अणु कोरोनाले
छ्याप्छ्याप्ती देखिन थाले,
भूगोलमा डरका धब्वाहरू !
या भनौं,
कोभिडका पाइलाहरू !

बढ्दा बढ्दै,
कोभिड काकाले चकनाचुर पारिदिए,
मलाला दिदीका बुलन्द सपनाहरू
काँप्न थाले किनकिन,
मार्कर चलाउने हातहरू
गरे सेतोपाटीले,
निसर्त आत्मसमर्पण !
हुँदा हुँदा,
गाडीहरूमा लाग्न थाले
अलस्यका माकुरे जालो,
शिथिलताको अंध्यारोमा,
टक्क अडिए कलाका रेलगाडीहरू !
स्वभोष्ति परमेश्वर सायद,
गर्दै होलान्,
स्वर्गमा डिस्को !
धर्ना वस्न तयार छन् सपना,
र, गर्न तयार छ आशा विद्रोह
उत्मूक्तिका चौरमा,
रमाइरहेछन् तितेपाती र घोच्ने कुरो
पल्ला भरकी हजुआमा मागिरहेछिन्,
सहानुभूतिका भिख कोभिडसंग
सरापिरहेछिन्,
वुआन चमेरोलाई !

तर अझै,
अन लिमिटेड टिकट बोक्दै,
उडिरहेछ कोभिड हवाइजहाजमा
सायद छैन होला,
जहाज गिराउने भ्याक्सिन रुपी मिसाइल !
कोभिड सिध्याउन !

● समर्पण न्यौपाने
कक्षाः ७
विद्यालयः जी.एस निकेतन,
हेटौंडा, मकवानपुर

# कालापानी र हामी नेपाली

बिर्सन सक्छौ कुनै तिमी, न धब्बाहरू समयका
न भुल्न सक्छु पुर्खाका म, कथाहरू शहादतका
तिम्रा रजौटा सन्धिका, कुनै चंगुलमा परे
मरे मेरा पुर्खाहरू, तिम्रै खातिर नि लडे
अक्टर लोनीको फौजसंग, युद्धमा नीडर लडे
महाकाली वर पूर्वका, तीन किल्ला जितिरहे
हारे दुई किल्ला तर, अन्तिम सास लडिरहे
सुगौलीले विकलाङ्ग भै, पुर्खौ जीवितै रहे ।

झण्डै दुई शताब्दी त साधिरह्यौं मौनता
सार्वभौमता प्यारो मेरो, व्यवहार छ समानता
चुल्हाचौका, धर्मकर्म र साट्यौं भाषालिपि
तिम्रो मृत्युमा रोयौं, जन्ममा भयौं खुशी
जब टम्मै फुकेर आयौं, बलवान बन्यौ तिमी
छाती चर्काउन थाल्यौं, बिर्सी इतिहास तिमी
कहिले लिम्पियाधुरा तिर, त कहिले सुस्ता बनी
ठूलाठूला डोजर चलायौ, छातीमाथि मनपरी ।

कुण्ड हुँदै कुटी, नावी र गुँजी भइ
छप्लाङ छप्लाङ काली बग्दा, सुनेनौ आवाज त्यै
काली मन्दिर छेउ रम्छ, खोल्सीको मधुर ध्वनि
सुन्छौ कलकल र मान्दछौ, सीमा नै कनीकनी
लिपुलेक नै सिध्यायौ, लिम्पियाधुरा त कता
ब्यास हिमाल छेउतिर, पर्वैतै पर्वत जता
कालापानी भएर टिङ्कर, भञ्ज्याङ्ग पुऱ्याउँदै
आफ्नो ठूलो र मेरा खुम्च्याउँदै ।

न राष्ट्रको परिचय बोक्दछ, आकार भूगोलले
न हैसियत जोख्दछ, आर्थिक तराजुले
सानो भूगोल छ, कसैसित गलिन कहिले
ठूला साम्रज्यहरू ढले, म ढल्दै ढलिन कहिले ।

● सौगात उप्रेती
कक्षाः ९
विद्यालयः अरुणिमा शैक्षिक प्रतिष्ठान, बौद्ध, काठमाडौं

# हाम्रो संस्कृति हाम्रो पहिचान

सभ्यताको मिर्मिरेदेखिनै निर्माण भएको
विशाल सांस्कृतिक संग्रहालय हो-हाम्रो देश ।
ब्रह्माण्डको उद्‌भवसँगै अनेक जातजातिहरूको
संस्कार मौलाएको मुलुक हो-हाम्रो देश ।
हे नेपालीहरू हो सुन, अनेकता भित्रको एकता
हो यो नै हो नेपाली संस्कृतिको विशेषता

यहाँ मुस्लिमको मन पोल्दा हिन्दूकोआँखा रसाउँछ
कर्णालीमा बाढी आउँदा त्रिशूली चिच्याएर कराउँछ
रसुवालाई दुःख पर्दा,
उसको कुन्ठा सुनाउन कुनै ठाउँ खोज्नु पर्दैन
नुवाकोटवासीलाई गाह्रो पर्दा अर्को गाउँ रोज्नु पर्दैन
साझा फुलवारीभित्र,
न त चमेलीले नै चम्पाको खेदो खन्छ
न त सयपत्रीले नै मखमलीको उछितो काढ्छ
त्यसैले त म भन्छु
अनेकता भित्रको एकता
हो यो नै नेपाली संस्कृतिको विशेषता

● दीक्षा पौडेल
कक्षाः १०
विद्यालयः पृथ्वी नारायण
माध्यमिक विद्यालय
गोलढुङ्गा काठमाडौं

# हाम्रो संस्कृति हाम्रो पहिचान

मेची र काली सबैलाई बाँध्ने नेपाली संस्कृति
विश्वको मन मोहित पार्ने नेपाली प्रकृति
मुटुमा मेरो यिनैको माया खेपिन्छ बेसरी
चाड र पर्व, भिर र पाखा मिलेका यसरी ।

चराको गाना सुनेर मनमा आनन्द जाग्दछ
सम्झेर ल्याउँदा पवित्र भूमि चिन्ता सब भाग्दछ
हिमानल हाँस्दा डाँफेले नाच्दा म पनि नाच्दछु
नेपालभरि प्रार्थना गरी उन्नति माग्दछु ।

सम्पत्ति हाम्रो संस्कृति रैछ यसलाई जोगाऔं
यसैको भरमा भोलको नेपाल विश्वभर चिनाऔं
चाड र पर्व, मेला र जात्रा नेपाली संस्कृति
उन्नति रोक्ने हटाउनु पर्छ नराम्रा विकृति ।

संस्कृति बिना सम्भव छैन नेपालको प्रगति
जोउनै पर्ने सम्पत्ति हाम्रो नेपाली प्रकृति
पुर्खाले दिए संस्कृति सबै ईश्वरले प्रकृति
यिनैलाई हामीले बिर्सियों भने हुने छ दुर्गति ।

मर्यादा विर्से धिक्कार्लान भोलि पुर्खा र ईश्वरले
सबैको मान राखेर बढे चिन्ने छ संसारले
बहुल जात, बहुल धर्म बहुल संस्कृति
नेपाली सान बढाउने हाम्रो नेपाली प्रकृति ।

● आयुषा राई
कक्षाः १०
विद्यालयः एकता जेम्स

# अभिलेख खण्ड

# विकलका प्रकाशित कृतिहरू

## कथा सङ्ग्रह..

१. बिरानो देशमा (२०१६), नेपाल भारत मैत्रीसङ्घ
२. नयाँ सडकको गीत (२०१९), साझा प्रकाशन
३. आज फेरि अर्को तन्ना फेरिन्छ (२०२४, दोस्रो २०२९, तेस्रो २०५१, चौथो२०६४), साझा प्रकाशन
४. एउटा बूढो भ्वाइलेन : आशावरीको धुनमा (२०२५), नेराप्रप्र
५. उर्मिला भाउजू (२०३५), नेराप्रप्र
६. शव, सालीक र सहस्र बुद्ध (२०४२), साझा प्रकाशन
७. हराएका कथाहरू (२०५५, दोस्रो २०६३), साझा प्रकाशन
८. कथादेखि कथासम्म, २०७० ऐरावती प्रकाशन
९. हिमालको छहरा, समुद्रको छाल (२०७०)
१०. रमेश विकलका कथाहरू (२०७५)

A Leaf in A Begging Bowl, (2000), Translated by Manjushre Thapa, Mandala Books.

## उपन्यास....

१. सुनौली (२०३१)
२. अबिरल बग्दछ इन्द्रावती, २०४०, नेराप्रप्र ।
३. सागर उर्लन्छ सगरमाथा छुन २०५२, साझा प्रकाशन
४. समुद्री हुँडार (अनु.उपन्यास), २०६३, विवेक सिर्जनशील प्रकाशन
५. भष्मासुर (अनु. विज्ञान उपन्यास) अप्रकाशित

## नाटक र एकाङ्की सङ्ग्रह.....

१. सप्तरङ्ग (एकाङ्की), २०३९
२. सर्दार भक्ति थापा (पूर्णाङ्की), २०४०
३. मिल्किएको मणि (पूर्णाङ्की),२०४२)
४. मानिस, वैभव र मृत्यु (एकाङ्की सङ्ग्रह),२०५६)

## निबन्धः यात्रा/हास्यव्यङ्ग्य /आत्मसस्मरण/व्यक्तिसस्मरण (७).....

१. सात सूर्य एक फन्को (२०३४), साझा प्रकाशन
२. नीलगिरीको छायामा (२०५०), नेराप्रप्र
३. In Search of Sangrila (1997), Nepal Academy
४. मेरो अविरल जीवनगीत पूवार्द्ध (२०६०)
५. अब अगाडि बढ्नु छ, अझ अगाडि (२०५०), भैरव प्रकाशन
६. सम्झनाको तरेलीभित्रका अनुहारहरू (२०६७), साझा प्रकाशन
७. धूमशिखाको लयमा सल्लाको सुसेली, शब्दार्थ प्रकाशन (..........)
८. मेरो अविरल जीवनगीत दुवैखण्ड (२०७५), मञ्जरी प्रकाशन

## बाल साहित्यः....

(क) बाल/किशोर उपन्यास

१. विक्रम र नौलो ग्रह (किशोर उपन्यास), २०३९, साझा प्रकाशन
२. इन्द्रजाली रूख (अनु. बाल उपन्यास), २०५५, बालसाहित्य समाज

(ख) बाल नाटक/एकाङ्की .....

१. सात थुँगा, (बाल एकाङ्की), २०३७
२. अब तिमी नरोउ, किरण,२०५९, साझा प्रकाशन
३. हराएको चिठी, २०६४, विवेक शीर्जनशील प्रकााशन

(ग) बालकथा सङ्ग्रह....

१. अगेनाको डिलमा (कथा सङ्ग्रह) २०२३, (अनुपलब्ध)
२. पञ्चतन्त्रका कथाहरू (कथा सङ्ग्रह) २०२३ (अनुपलब्ध)
३. एक्काईस रमाइला कथाहरू, २०२४
४. कथा कुसुम (कथा सङ्ग्रह) २०२६, (अनुपलब्ध)
५. तेह्र रमाइला कथाहरू (कथा सङ्ग्रह)। पहिलो एजुकेसनल इन्टरप्राइजेज २०२४, साझा प्रकाशनबाट पहिलो २०४५
६. केही मूर्खहरूका कथा, २०४५, साझा प्रकाशन
७. हिउँदे छुट्टी , २०४९, दोस्रो २०५७), एक्ता बुक्स

८. सङ्गत गुनाको बुद्धि २०५७, पाठ्यक्रम विकास केन्द्र
९. एउटा कथा भन्नु न हजुरआमा (२०६१), विवेक सिर्जनशील प्रकाशन
१०. रमेश विकलका उत्कृष्ट बालकथाहरू केटाकेटी नेपाल २०६३, ऐरावती प्रकाशन २०६३
११. बुद्धिको घैँटोमा घाम, २०६३, बुक प्यालेस
१२. मलाई पुस्तक मन पर्छ २०६३, बुक प्यालेस
१३ हजूरआमाको कथा २०६० ? बुक प्यालेस
१४. रमेश विकलका उत्कृष्ट बालकथाहरू (२०६४) विवेक सिर्जनशील प्रकाशन
१५. गौतम बुद्ध र पानीको संस्कार २०६७)
१६. एकादेशको कथा, बालसंसार प्रा.लि २०७..
१७. चितुवाको बाटो (२०७५), मञ्जरी प्रकाशन
१८. माया र मुने (२०७५), मञ्जरी प्रकाशन
१९. सच्चा शासक (२०७५), मञ्जरी प्रकाशन
२०. पोक्ची पुतली (२०७५), मञ्जरी प्रकाशन
२१. ठालूको आदेश (२०७५), मञ्जरी प्रकाशन

बालचित्र कथा/कविता आदि.....

१. म र मेरो छिमेक - चित्रकथा, २०४२, प्राथमिक शिक्षा परियोजना
२. बाह्र महिनाको गीत चित्र कविता, २०४३, प्राथमिक शिक्षा परियोजना
३. बुद्धुरामले कुरा बुझ्यो (२०५१, चित्रकथा), बालविकास समाज (रवि बाबु)
४. दिलमाया (२०४३, चित्रकथा), प्राथमिक शिक्षा परियोजना
५. गौँथलीको घर (बालकथा) २०५२
६. मान्छे भैंसी र मुरी चामलको कथा २०५७ (चित्र कथा) साझा प्रकाशन

अनुवादित बालकथा

१. पीटर र ब्वाँसो, (सचित्र कथा, २०५८, विवेक सिर्जनशील प्रकाशन
२. विश्व प्रसिद्ध बालकथाहरू खण्ड-३, (२०५९) विवेक सिर्जनशील प्रकाशन
३. विश्वप्रसिद्ध बाल कथाहरू खण्ड-४, (२०६०), विवेक सिर्जनशील प्रकाशन
४. दुष्ट भँगेरो र गौंथलीहरू, २०६०

अङ्ग्रेजीमा अनुवाद बालकथा सङ्ग्रह....

1. Miaun Says the Little Kitty, Ketaketi Media2016

## ■ प्रकाशोन्मुख पाण्डुलिपि : एघार

# रमेश विकल साहित्य प्रतिष्ठान
# सम्पन्न साधारणसभा तथा पुरस्कृत ब्यक्तित्व

२०६३।८।२- साहित्यकार भेला, गठनको निर्णय
२०६३।८।१५- घोषणा सभा, तदर्थ समिति गठन, विधान कमिटी गठन
२०६४। । ।- पहिलो साधारण सभा
२०६५।११।३- दोस्रो साधारण सभा
२०६६।९।४- तेस्रो साधारण सभा
सालिक उद्घाटन तथा सम्मान अर्पण कार्यक्रम
२०६७।११।३- चौथो साधारण सभा
रमेश विकल वाङ्मय पुरस्कार-भागीरथी श्रेष्ठ
रमेश विकल-सुशीला समाजसेवा पुरस्कार-अमिर थापा
रमेश विकल अपुस छात्रवृत्ति विन्धवासिनी मा वि माभ्कीगाउँ काभ्रेको छात्र नबिन भुजेल
२०६८।९। ।- पाँचौं साभारण सभा
रमेश विकल वाङ्मय पुरस्कार-श्यामप्रसाद शर्मा
रमेश विकल-सुशीला समाजसेवा पुरस्कार-अपाङ्ग पुनःस्थापना केन्द्र
रमेश विकल अपुस छात्रवृत्ति विन्धवासिनी मा वि माभ्कीगाउँ काभ्रेको छात्र नबीन भुजेल
२०६९।९।- छैटौं साधारण सभा
रमेश विकल वाङ्मय पुरस्कार-आनन्ददेव भट्ट
रमेश विकल-सुशीला समाजसेवा पुरस्कार-कान्तिभैरव गुरुकुल
रमेश विकल अपुस छात्रवृत्ति विन्धवासिनी मा वि माभ्कीगाउँ काभ्रेको छात्र नबीन भुजेल
२०७०। ९।६- सातौं साधारण सभा
रमेश विकल वाङ्मय पुरस्कार- शक्ति लम्साल
रमेश विकल-सुशीला समाजसेवा पुरस्कार-डा. गौरिशङ्कर लाल दास
रमेश विकल सृजना पुरस्कार- राम विनय
रमेश विकल शोधसम्मान- डा. ईश्वरचन्द्र वाग्ले
रमेश विकल अपुस छात्रवृत्ति विन्धवासिनी मा वि माभ्कीगाउँ काभ्रेको छात्र नबीन भुजेल
२०७१। ९ । ५- आठौं साधारण सभा
रमेश विकल वाङ्मय पुरस्कार-कोषराज रेग्मी
रमेश विकल-सुशीला समाजसेवा पुरस्कार- पवित्र समाज गृह, दीक्षा चापागाइँ
रमेश विकल सृजना पुरस्कार- कणाद महर्षि
रमेश विकल बालसाहित्य पुरस्कार- रञ्जुश्री पराजुली
रमेश विकल अपुस छात्रवृत्ति विन्धवासिनी मा. वि माभ्कीगाउँ काभ्रेको छात्र नबीन भुजेल
२०७२। ९ ।४ - नवौं साधारण सभा
रमेश विकल वाङ्मय पुरस्कार-मनुजबाबु मिश्र

रमेश विकल-सुशीला समाजसेवा पुरस्कार- मानव समाज सेवा आश्रम, हेटौँडा
रमेश विकल सृजना पुरस्कार- कन्हैया नासननी
रमेश विकल बालसाहित्य पुरस्कार- तेजप्रकाश श्रेष्ठ
रमेश विकल-सुशीला नारी सेवा सम्मान पुरस्कार - दिल शोभा श्रेष्ठ
रमेश विकल अपुस छात्रवृत्ति विन्धवासिनी मा. वि माझीगाउँ काभ्रेको छात्र नबीन भुजेल

२०७३ ।९।२ - दशौँ साधारण सभा
रमेश विकल वाङ्मय पुरस्कार-डा. केशवप्रसाद उपध्याय
रमेश विकल-सुशीला समाजसेवा पुरस्कार- समता शिक्षा केन्द्र
रमेश विकल सृजना पुरस्कार- शार्दूल भट्टराई
रमेश विकल बालसाहित्य पुरस्कार- प्रमोद प्रधान
रमेश विकल-सुशीला नारी सेवा सम्मान पुरस्कार - शान्ता चौधरी
रमेश विकल सङ्गीत पुरस्कार -दुर्गाप्रसाद खतिवडा
रमेश विकल अपुस छात्रवृत्ति विन्धवासिनी मा वि माझीगाउँ काभ्रेकी छात्रा सुश्री रोसिला माझी

२०७४।९- एघारौँ साधारण सभा
रमेश विकल वाङ्मय पुरस्कार-डा. दयाराम श्रेष्ठ सम्भव
रमेश विकल- सुशीला समाजसेवा पुरस्कार- संयुक्त अपाङ्ग एकता केन्द्र, गोकर्ण
रमेश विकल सृजना पुरस्कार- प्रह्लाद पोखरेल
रमेश विकल बालसाहित्य पुरस्कार- गोपाल पराजुली (बानेश्वर)
रमेश विकल-सुशीला नारी सेवा सम्मान पुरस्कार - सुकन्या वाइवा
रमेश विकल सङ्गीत पुरस्कार -रायन (नाराण श्रेष्ठ)
रमेश विकल अपुस छात्रवृत्ति विन्धवासिनी मा वि माझीगाउँ काभ्रेकी छात्रा सुश्री रोसिला माझी

२०७५।९- बाह्रौं साधारण सभा
रमेश विकल वाङ्मय पुरस्कार- राजेन्द्र विमल
रमेश विकल- सुशीला समाजसेवा पुरस्कार- प्रेमसागर कर्माचार्य
रमेश विकल सृजना पुरस्कार- पुरुषेत्तम सुवेदी
रमेश विकल बालसाहित्य पुरस्कार- सुशीला प्रधानाङ्ग
रमेश विकल-सुशीला नारी सेवा सम्मान पुरस्कार - लक्ष्मी शर्मा
रमेश विकल सङ्गीत पुरस्कार - अच्यूतराम भण्डारी
रमेश विकल अपुस छात्रवृत्ति विन्ध्यवासिनी मा वि माझीगाउँ काभ्रेकी छात्रा सुश्री रोसिला माझी

२०७६।९- तेह्रौं साधारण सभा
रमेश विकल वाङ्मय पुरस्कार-श्री भैरव रिसाल
रमेश विकल-सुशीला समाजसेवा पुरस्कार-श्रीसुदर्शन सिग्देल
रमेश विकल सृजना पुरस्कार-श्रीकिशोर पहाडी
रमेश विकल बालसाहित्य पुरस्कार-श्रीप्रा.ं डा.ं ध्रुब घिमिरे
रमेश विकल-सुशीला संघर्षशील नारी सेवा सम्मान पुरस्कार -श्रीरेणु शर्मा उप्रेती
रमेश विकल सङ्गीत पुरस्कार - शिशिर योगी

२०७७। ९ चौधौं साधारण सभा
रमेशविकल वाङ्मय पुरस्कार- साहित्यकार- शान्तदास मानन्धर, काठमाडौं ।
रमेश विकल-सुशीला समाजसेवा पुरस्कार- सीता पोखरेल, विराट नगर अनाथालय ।
रमेश विकल सृजना पुरस्कार- साहित्यकार, आहुती, काठमाडौं ।
रमेश विकल बालसाहित्य पुरस्कार- साहित्यकार प्रभा भट्टराई
रमेश विकल-सुशीला सङ्घर्षशील नारी पुरस्कार- सङ्घर्षशील नारी मिठाइदेवी विश्वकर्मा, काठमाडौं ।
रमेश विकल कलासङ्गीत पुरस्कार- वरिष्ठ कलाकार हरिप्रसाद शर्मा, काठमाडौं ।

# रमेश विकल साहित्य प्रतिष्ठानको आजीवन सदस्यहरूको नामावली

| सि.नं | स.नं | आजीवन सदस्यको नाम | ठेगाना | सि.नं | स.नं | आजीवन सदस्यको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| | | **वर्तमान कार्य समिति** | | | | **इ** | |
| १ | ३५ | रोचक घिमिरे | हाँडिगाउँ | २५ | ९६ | इन्दिरा चालिसे | आरुबारी |
| २ | ३६ | के.के कर्माचार्य | रातोपुल | २६ | ११६ | ईश्वरी लामीछाने | कुमारीगाल |
| ३ | ४ | हेमनाथ पौडेल | कपन | २७ | १६९ | इन्द्रकुमार श्रेष्ठ | काठमाडौं |
| ४ | ५ | विजय चालिसे | आरुबारी | | | **उ** | |
| ५ | ७ | वसन्त रिजाल | जोरपाटी | २८ | २५ | उद्धव रायमाझी | जोरपाटी |
| ६ | ३७ | साम्बकुमार चालिसे | आरुबारी | २९ | १३३ | उषा ठाकुर | नयावानेश्वर |
| ७ | ५८ | मातृका पोखरेल | भक्तपुर | | | **ऋ** | |
| ८ | ९ | रामप्रसाद पौडेल | आरुबारी | ३० | ८१ | डा.श्री ऋषिराम पोखरेल | नयापाटी |
| ९ | ५० | दीपक रिसाल | अरुबारी | | | **क** | |
| १० | १३ | महेन्द्रकुमार चालिसे | आरुबारी | ३१ | २४ | कोमलप्रसाद लामिछाने | जोरपाटी |
| ११ | १५४ | मुना रुपाखेती | आरुबारी | ३२ | ३१ | कुमार सुवेदी | जोरपाटी |
| | | **अ** | | ३३ | ४४ | कोषराज न्यौपाने | रामहिटि |
| १२ | ८ | अमिर थापा | रामहिटी | ३४ | ४७ | केशव जोशी | आरुबारी |
| १३ | १२ | आत्मेश्वर चापागाईं | आरुबारी | ३५ | ५३ | केशवप्रसाद ढुंगाना | आरुबारी |
| १४ | १६ | अच्युतप्रसाद चालिसे | आरुबारी | ३६ | ९९ | केशवप्रसाद चालिसे | आरुवारी |
| १५ | २० | अम्विका चालिसे पोखरेल | सानेपा | ३७ | ११८ | कुशुमा ढुंगना | आरुवारी |
| १६ | ३८ | अच्युत घिमिरे | झापा | ३८ | १२९ | कणाद महर्षि | चावहिल |
| १७ | ४८ | अर्जुनमणि गुरागाइ | आरुवारी | ३९ | १३७ | कमल जंगली आचार्य | जोरपाटी |
| १८ | ६४ | आर.एम. डंगोल | कपन | ४० | १५९ | कार्त्तिकेय घिमिरे | कालोपुल |
| १९ | १०३ | आलोक चालिसे | आरुवारी | ४१ | १६८ | किरण पण्डित क्षत्री | आरुबारी |
| २० | ११० | अमरकुमार प्रधान | सानेपा | | | **ग** | |
| २१ | १५८ | अच्युतराम चालिसे | वेसिगाउ | ४२ | २३ | गोविन्द प्र.घिमिरे वेदमणि | जोरपाटी |
| २२ | १६१ | अच्यूतराम भण्डारी | गौरिघाट | ४३ | ७० | गोपाल बराल | जोरपाटी |
| २३ | १६६ | अमित लामा तामाङ | जोरपाटी | ४४ | ७६ | गायत्री विष्ट | साँखु |
| २४ | १७२ | ओमप्रसाद कोइराला | कपन | ४५ | ९२ | गङ्गाप्रसाद उप्रेती | काठमाडौं |

| सि.नं | स.नं | आजीवन सदस्यको नाम | ठेगाना | सि.नं | स.नं | आजीवन सदस्यको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| ४६ | १५६ | डा. गणेश योन्जन | वौद्ध | ७२ | ११२ | डा. निर्मोही व्यास | पाटन |
| | | घ | | ७३ | १३६ | नरनाथ लुइटेल | कलंककी |
| ४७ | १३८ | घनश्याम प्रसाईं | | ७४ | १४२ | नानीकाजी गिरी | नयाँपाटी |
| | | च | | ७५ | १५० | निहारीका अधिकारी | चण्डोल |
| ४८ | ८८ | चिरन्जीवी चालिसे | अरुबारी | ७६ | १६४ | नारा जोशी | दार्चुला |
| ४९ | १४० | चिरन्जीवी दाहाल | गोठाटार | ७७ | १६७ | नारायणकुमार आचार्य | जोरपाटी |
| ५० | १४१ | चन्द्रप्रसाद पौडेल | गोकर्ण | | | प | |
| ५१ | १६३ | चाँदनी जोशि | दार्चुला | ७८ | १० | पृथ्वीमान सिंह बस्न्यात | अरुबारी |
| ५२ | १६५ | चेतनाथ धमाला | वैतडी | ७९ | ११ | पुरुषोत्तमप्रसाद ढुंगाना | अरुबारी |
| | | ज | | ८० | ३९ | पर्शुराम पराजुली | झापा |
| ५३ | ३ | जगत प्रेक्षित | कपन | ८१ | ६७ | पद्मा अर्याल | थापा गाउँ |
| ५४ | २८ | जोन खालिङ राई | जोरपाटी | ८२ | ६८ | पुष्मा अर्याल | जोरपाटी |
| ५५ | १२२ | जीवेन्द्र देव गिरी | | ८३ | ७८ | प्रदिप थापा | अरुबारी |
| | | त | | ८४ | ८२ | परशुराम पोखरेल | सुन्दरीजल |
| ५६ | ३४ | तेजप्रकाश श्रेष्ठ | थानकोट | ८५ | ४०५ | प्रल्हाद पोखरेल | रामहिटी |
| ५७ | ५६ | तारा चालिसे पौडेल | एकान्तकुना | ८६ | १५७ | प्रल्हाद चालिसे | वेसिगाउँ |
| | | द | | | | भ | |
| ५८ | ४५ | दीपकसिंह भण्डारी | वेसिगाउँ | ८७ | ५४ | भारव्दाज मित्र | कपन |
| ५९ | ५९ | दामोदर अर्याल | जोरपाटी | ८८ | ५५ | भीमानन्द ढुंगाना | चावहिल |
| ६० | ६२ | दामोदरप्रसाद नेपाल | मण्डन | ८९ | ७१ | भीमसेन थापा | आरुबारी |
| ६१ | ६९ | देवीका तिमल्सिना | जोरपाटी | ९० | १०४ | भागिरथी श्रेष्ठ | वूढानीलकण्ठ |
| ६२ | १०७ | दामोदर चालिसे | अरुबारी | ९१ | १२७ | भागवत आचार्य | काठमाडौं |
| ६३ | १६० | देवकी आचार्य | कलंकि | | | म | |
| | | ध | | ९२ | ६ | मनोज शर्मा | आरुबारी |
| ६४ | ६३ | ध्रुव घिमिरे | बल्खु | ९३ | १८ | मदन थापा | आरुबारी |
| ६५ | १०५ | धर्मराज बराल | कुलेश्वर | ९४ | १९ | मुकुन्दप्रसाद शर्मा | आरुबारी |
| ६६ | १५२ | धन्वन्तरी मिश्र | चावहिल | ९५ | २० | मनोजप्रसाद धिताल | वानेस्वर |
| | | न | | ९६ | २३ | मेनका पोखरेल | जोरपाटी |
| ६७ | ३२ | नवराज राउत | जोरपाटी | ९७ | २९ | मित्रलाल पंज्ञानी | कपन |
| ६८ | ५१ | नरमेन्द्र लामा | अरुबारी | ९८ | ३३ | मोहन सिटौला | वानेस्वर |
| ६९ | ७९ | नवराज चालिसे | सिमलटार | ९९ | १०६ | मुरारीप्रसाद सिग्देल | गोकर्ण |
| ७० | ८४ | नारायण खतिवडा | कपन | १०० | १२५ | मिलनराज गर्तौला | चावहिल |
| ७१ | ८९ | नरेन्द्रराज पौडेल | सिन्धुपाल्चोक | १०१ | १४४ | मोहन दुवाल | वनेपा |

| सि.नं | स.नं | आजीवन सदस्यको नाम | ठेगाना | सि.नं | स.नं | आजीवन सदस्यको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १०२ | १४७ | मणिराज सिंह | इमाडोल | | | **श स** | |
| १०३ | १५५ | माधवलाल श्रेष्ठ | कपन | १३१ | २२ | सुशील सुवेदी | आरुबारी |
| | | **य** | | १३२ | ४० | शौरभकिरण श्रेष्ठ | कुलेश्वर |
| १०४ | १५१ | यादव भण्डारी | नयापाटी | १३३ | ४२ | श्यामवहादुर लामा | आरुबारी |
| | | **र** | | १३४ | ६१ | शेषराज शिवाकोटी | वानेश्वर |
| १०५ | १ | रामप्रसाद ज्ञवाली | कपन | १३५ | ७२ | शरोज थापा | आरुबारी |
| १०६ | ४३ | रामशरण घिमिरे | आरुबारी | १३६ | ७३ | शशी चालिसे अधिकारी | चण्डोल |
| १०७ | ६५ | रामवावु सुवेदी | कुलेश्वर | १३७ | ७४ | सागरराज सुवेदी | जोरपाटी |
| १०८ | ९४ | रमेशजंग थापा | चावहिल | १३८ | ७५ | शिवप्रसाद पौडेल | आरुबारी |
| १०९ | ११७ | रमेश खनाल | महाङ्काल | १३९ | ९७ | सुन्दरप्रकाश शर्मा | महांकाल |
| ११० | १२६ | रुपेश अर्याल | जोरपाटी | १४० | ११३ | शार्दूल भट्टराइ | चावहिल |
| १११ | १३० | रामकुमार पण्डित | सिमलटार | १४१ | १२० | शोभा बराल | आरुबारी |
| ११२ | १३१ | रघु घिमिरे | हाँडिगाउ | १४२ | ४९ | सन्तोष चालिसे | आरुबारी |
| ११३ | १३५ | रामचन्द्र आचार्य | दिवंगत | १४३ | ८० | सन्तोष भण्डारी | कपन |
| ११४ | १३९ | रामेश्वर चापागाइ | आरुबारी | १४४ | ८३ | साधुराम भण्डारी | कपन |
| ११५ | १४५ | रामवहादुर पहारी | वूढानीलकण्ठ | १४५ | ८६ | सुरेश ढुंगाना | आरुबारी |
| ११६ | १७१ | राजीव थापा | आरुबारी | १४६ | ९३ | सुलोचना मानन्धर | |
| | | **ल** | | १४७ | ९८ | सीता भट्टराइ | रामहिटी |
| ११७ | १०० | लक्ष्मी उप्रेती | विराटनगर | १४८ | १०२ | सीता शर्मा | आरुबारी |
| | | **व** | | १४९ | १०८ | सीता शर्मा | चावहिल |
| ११८ | ३० | विमल अर्याल | जोरपाटी | १५० | ११५ | साधुराम खड्का | बूढानीलकण्ठ |
| ११९ | ४१ | विजयराज आचार्य | किर्तीपुर | १५१ | १२८ | सोमनाथ दाहाल | गोठाटार |
| १२० | ४६ | वाजुराम पौडेल | जोरपाटी | १५२ | १४९ | स्निग्धा अधिकारी | चण्डोल |
| १२१ | ५७ | वद्री अर्याल | जोरपाटी | १५३ | १५३ | शेषराज आचार्य | जोरपाटी |
| १२२ | ६६ | विप्लव ढकाल | थापागाउँ | १५४ | ५२ | शान्ति रिसाल | आरुबारी |
| १२३ | ७७ | विनोद मन्जन कार्की | साँखु | १५५ | १६२ | स्वेता भण्डारी | गौरिघाट |
| १२४ | ८५ | विमल पौडेल | चावहिल | १५६ | १७० | शंभु बडाल | चावहिल |
| १२५ | ८७ | वावुराम तिमलसीना | आरुबारी | | | **श्री** | |
| १२६ | ९१ | वूँद राना | भैरहवा | १५७ | ९० | श्रीहरि श्रेष्ठ | चावहिल |
| १२७ | १११ | विष्णुप्रसाद खतिवडा | जोरपाटी | १५८ | १२१ | श्रीधर भण्डारी | नयापाटी |
| १२८ | ११४ | वालमुकुन्द कार्की | जोरपाटी | १५९ | १३२ | श्रीओम श्रेष्ठ | झम्सीखेल |
| १२९ | ११९ | बविता थापा | कपन | १६० | १४८ | श्रीधर अधिकारी | चण्डोल |
| १३० | १२३ | विदुर चालिसे | आरुबारी | | | | |

| सि.नं | स.नं | आजीवन सदस्यको नाम | ठेगाना | सि.नं | स.नं | आजीवन सदस्यको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| | | ह | | | | दिवंगत हुन भएका आजीवन सदस्यहरू | |
| १६१ | २८ | होमकान्त चौलागाईं | जोरपाटी | १ | २ | रुद्र खरेल | कोटेश्वर |
| १६२ | १२४ | हरिवोल बडाल | चावहिल | २ | १४ | रमेश विकल | आरुबारी |
| १६३ | १३४ | हरिप्रकाश पुडाशैनी | जोरपाटी | ३ | १५ | शारदा अधिकारी ढकाल | मैतीदेवी |
| | | त्र | | ४ | २६ | वलराम अर्याल | जोरपाटी ४ |
| १६४ | ४०२ | त्रिलोचन पौडेल | जगडोल | ५ | ६० | पूर्णप्रकाश नेपाल  यात्री | कपन |
| | | ज्ञ | | ६ | ९५ | लक्ष्मी चालिसे | जोरपाटी ९ |
| १६५ | १०९ | ज्ञानेन्द्र घले | आरुबारी | ७ | १०१ | महिन्द्रनाथ अधिकारी | बालुवाटार |

| | संस्थागत | |
|---|---|---|
| १६६ | १ | चाइल्ड नेपाल |
| १६७ | २ | सिविन नेपाल |
| १६८ | ३ | अरुणिमा शैक्षिक प्रतिष्ठान |
| १६९ | ४ | पिस नेपाल एकेडेमी |

# विकलका सम्बन्धमा भएका शोध (स्नातकोत्तर)

१. मोहनप्रसाद तिमिल्सिना, कथाकार रमेश विकलको जीवनी, व्यक्तित्व र कृतित्व २०३७, त्रि .वि. ।
(TUlib. D/N895.513.R9561)
२. निर्मलाकुमारी बराल, नयाँ सडकको गीत कथा सङ्ग्रहको सामाजिक पक्षको अध्ययन २०५८, त्रि .वि. ।
३. मोहनप्रसाद चापागाईं, एउटा बुढो भ्वाइलेन आशावरीको धुनमा कथासङ्ग्रहको विश्लेषण २०६०, त्रि .वि. ।
(D/N895.513109/CU16C.R9561)
४. रामप्रसाद भट्टराई, उपन्यासकार रमेश विकल र उनका उपन्यास २०४९, त्रि .वि ।
५. माया चापागाईं, सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको औपन्यासिक प्रवृत्ति २०५८, त्रि .वि. ।
६. भवानी अर्याल (सापकोटा), कथाकार रमेश विकलको नयाँ सडकको गीतकथा सङ्ग्रहको कृतिपरक विश्लेषण, २०५९, त्रि .वि ।
७. भीमसेनप्रसाद कुइँकेल, नयाँ सडकको गीत कथा सङ्ग्रहको कृतिपरक अध्ययन, २०५७, त्रिचन्द्र क्याम्पस ।
७ ..........., नयाँ सडकको गीत कथा सङ्ग्रहमा सामाजिक पक्षको अध्ययन, २०५८, स्नातकोत्तर शोध, त्रि.वि.।
८. हरिप्रसाद सिलवाल, रमेश विकलका कथामा वैचारिक पक्ष, २०५९, रत्नराज्य क्याम्पस
९. चूडाराज न्यौपाने, अविरल बग्दछ इन्द्रावतीको कृतिपरक अध्ययन, २०६०, रत्नराज्य क्याम्पस
१०. फूलमाया राई, रमेश विकलको अध्ययन परम्परा २०६६ (२०४० अगाडिको), त्रि.वि. कीर्तिपुर।
११. कुशुमा ढुङ्गाना, विक्रम र नौलो ग्रह उपन्यासमा पात्रविधान २०६५, पद्मकन्या क्याम्पस ।
१२. यशोधा ढकाल, आज फेरि अर्को तन्ना फेरिन्छ, कथासङ्ग्रहको अध्ययन, शैक्षिक वर्ष २०६५/०६६, पशुपति बहुमुखी क्याम्पस ।
१३. शान्तिराम गौतम २०६६, अविरल बग्दछ इन्द्रावती उपन्यासमा नारीपात्र २०६८, त्रि.वि.,कीर्तिपुर ।
१४. यम कुमारी, रमेश विकलको अध्ययन परम्परा (२०४० यता), त्रि.वि.।
१५. मुना बस्नेत, सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा प्रयुक्त परिवेश (२०६७), स्नातकोत्तर शोधपत्र, रत्नराज्य लक्ष्मी क्याम्पस ।
१६. माया चापगाईं, सागर उर्लन्छ सगरमाथा छुनको औपन्यासिक प्रवृत्ति, २०५८, स्नातकोत्तर शोध, त्रि.वि.।
१७. कृष्णकुमारी राई, रमेश विकलसम्बन्धी अध्ययन परम्परा, त्रि.वि. मानविकी नेपाली केन्द्रीय विभाग- २०६६
१८. गोकुलप्रसाद ढकाल, अविरल बग्दछ इन्द्रावती उपन्यासमा आञ्चलिकता २०६७, त्रिचन्द्र बहुमुखी क्याम्पस ।
१९. लीलाकुमारी उप्रेती, विरानो देशमा कथासङ्ग्रहको पात्रविधान २०६९, त्रि.वि., कीर्तिपुर
२०. देवकुमारी लुइटेल, रमेश विकलका बालनाट्यकारिता २०७१, पद्मकन्या बहुमुखी क्याम्पस ।
२१. विमला पौडेल, रमेश विकलका कथामा प्रगतिवाद २०७२, त्रि.बि.,कीर्तिपुर ।
२२. ज्ञानेन्द्र घले, अविरल बग्दछ इन्द्रावती उपन्यासको परिवेशगत अध्यन २०७२, पशुपति बहुमुखी क्याम्पस ।
२३. लोकबहादुर अर्याल, हराएका कथाहरूको कथाको समाजशास्त्रीय अध्ययन, २०७३, त्रि.वि., कीर्तिपुर ।
२४. चन्द्रकला बराल, रमेश विकलका नाटकको अध्ययन २०७३, पाटन संयुक्त बहुमुखी क्याम्पस ।
२५. भानुदत्त रेग्मी, एउटा बुढो भ्वाइलेन आशावरीको धुनमा कथासङ्ग्रहका कथामा पात्रविधान २०७३,त्रि.वि. कीर्तिपुर
२६. सुजाता शर्मा, हराएका कथाहरूको पात्रविधान २०७४, त्रि.वि.,कीर्तिपुर ।
२७. भीमकुमारी तिमिल्सिना, रमेश विकलको बिरानो देशमा कथासङ्ग्रहमा समाजशास्त्र २०७४, त्रि.वि.,कीर्तिपुर।
२८. मनिषा मगर, हिमालको छहरा समुद्रको. छाल कथा सङ्ग्रहका कथाको रचना विधान, २०७४, पशिुपति बहुमुखी क्याम्पस ।
२९. ईश्वरी खकुरेल, एउटा बुढो भ्वाइलेन आशावरीको धुन कथाका पात्रहरूको मनोवैज्ञानिक अध्ययन २०७६,पशुपति बहुमुखी क्याम्पस ।

३०. रमेश प्रसाद भण्डारी, शव सालिक र सहस्र बुद्ध......रत्नराज्य क्याम्पस, (विवरण खोज्नुपर्ने) ।

## विद्यावारिधि (पी.एच.डी.)

१. ईश्वरचन्द्र वाग्ले, रमेश विकलको कथामा यथार्थ, २०६०, त्रि .वि. । दर्शनाचार्य (एम. फिल.)
२. विष्णुप्रसाद ज्ञवाली, रमेश विकलको उपन्यासमा सांस्कृतिक अध्ययन, २०७०, त्रि .वि.
३. नरेन्द्र प्रसाद कोइराला, रमेश विकलका कथामा सर्वाल्टन, २०७०, त्रि .वि.
४. रामचन्द्र केसी, एउटा बूढो भ्वाइलेनः आशावरीको धुनमा कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन,२०७०, त्रि .वि.।
५. डमरुप्रसाद पौडेल, नयाँ सडकको गीत कथा सङ्ग्रहको समाजशाास्त्रीय अध्ययन, २०७३, त्रि .वि.।
६. सुवर्ण कार्की, रमेश विकलका कथाको सांस्कृतिक अध्ययन, २०७३, एमफिल, त्रि .वि.।
७. गोलबाबु मरहट्ठा, अविरल बग्दछ इन्दावती उपन्यासमा नारीवाद, २०७३, त्रि .वि.।
९. कृष्णकुमारी श्रेष्ठ, एउटा बुढो भ्वाइलेनः आशावरीको धनमा कथा सङ्ग्रहका कथामा समाख्याता, २०७४, त्रि.वि. ।
१०. उद्दवदेव भट्ट, रमेश विकलका कथा (२००८-२०२०) मा अनुभूतिका संरचना २०७५, त्रि.वि.।
११. रविकिरण अधिकारी, रमेश विकलका उपन्यासमा आञ्चलिकता २०७६, त्रि.वि.।

(पछिल्ला वर्षका एक दर्जन शोधपत्रको प्रतिलिपि उपलब्ध गराई सहयोग गर्नुहुने रामकृष्ण चालिसेलाई धन्यवाद ।)

# तस्विर खण्ड


# विकलसँग सम्बन्धित केही तस्बिर




गत वर्ष २०७६को विकल साहित्य पुरस्कार वितरण समारोहको तस्बिर।
प्रमुख अतिथि सत्यमोहन जोशी र पुरस्कृत व्यक्तित्व भैरव रिसालको साथमा मञ्चमा आसीन व्यक्तित्वहरू



गत वर्ष २०७६को विकल साहित्य पुरस्कार वितरण समारोहमा पुरस्कृत व्यक्तित्वहरू।



साहित्यकार व्यथितका साथमा विकल र अन्य साहित्यकारहरू ।




ग्राम निर्माण वन्धुमण्डल क्लब, आरुबारीमा सिद्दिचरण श्रेष्ठ, भूपी शेरचनको साथमा विकल ।




२०७७ सालमा प्रतिमा अनावरण गरिएको दिनमा।



सालिक अनावरणका दिन भर्चुअल कार्यक्रम सञ्चालन गर्न उपस्थित कार्यसमिति पदाधिकारी तथा प्रतिष्ठान सहस्यहरू।



तेस्रो पुस्ताका नाति आशीषसँग रमाउँदै ।



नेपाल बाल साहित्य समाजको कार्यक्रममा प्रमाणपत्रमा सही गर्दै विकल साथमा कथाकार विश्वम्भर चञ्चल ।





प्रतिष्ठान प्रांगणमा विकलका प्रतिमा





साहित्यकार देवकुमारी थापासँग ।



सिद्धिचरण श्रेष्ठसहित अन्य साहित्यकारहरू ।




साहिली छोरी अम्बिका पोखरेलको कन्यादान गर्दै विकल दम्पती - वि.सं. २०३७।





विकलको पारिवारिक तस्बिर - वि.सं. २०३७।



९४औं स्मृति दिवस तथा १३औँ जन्म जयन्तिमा प्रतिष्ठाका अध्यक्ष रोचक घिमिरेले पुष्पगुच्छा चढाउँदै ।




रमेश विकलको जीवनकालमै प्रतिष्ठानको घोषणासभा कार्यक्रम - २०६३




चाबहिल चोकमा मोटरसाइकल दुर्घटनामा दाँत निस्किएको समयको तस्बिर - वि.सं. २०२६



नेपाल बाल साहित्य समाजको कार्यक्रममा प्रमुख अतिथिको रूपमा विकल ।






कागेश्वरीस्थित मनोहरा पुस्तकालयको हातामा निर्मित महाकवि लक्ष्मीप्रसाद देवकोटा, आख्यान शिरोमणि रमेश विकल तथा हास्यव्यंग्य शिरोमणि भैरव अर्यालको प्रतिमा । माथिपट्टि विकलको प्रतिमा ।